परिच्छेद : एक

# सिर्जना परिचय

## १.१ विषय परिचय

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रका विभिन्न ऐच्छिक पत्रहरूमध्ये सिर्जनात्मक लेखन पनि एक हो । सिर्जनात्मक लेखन भित्रका आख्यान, निबन्ध नाटक र काव्य विधाहरू मध्येको कविता विधा एक हो । कविता सिर्जना मेरो रुचिक्षेत्र अन्तर्गत पर्दछ । विशेषतः संस्कृत र नेपाली कविता, काव्यहरूबाट म प्रभावित छु । थुप्रै प्रयासहरूको पृष्ठभूमिमा शैक्षणिक उद्देश्य परिपूर्तिका लागि देवघाट महाकाव्यको रचना गरिएको हो ।

रूपगत आधारमा कवितालाई लघुरूप, मध्यमरूप बृहत्रूप बृहत्तर रूपमा विभाजित गरिएको पाइन्छ । प्रस्तुत सिर्जना यसरी हेर्दा बृहतरूपमा रचित महाकाव्य हो । यस महाकाव्यले नेपाली महाकाव्यको महाकाव्यात्मक नवीन शैलीलाई अँगालेको छ । पूर्वीय महाकाव्य र पश्चिमी महाकाव्य लेखनको परम्पराभित्र पूर्णतः नअटाए पनि यसले नेपाली महाकाव्यलेखनमा भित्रिएको पूर्ववर्ती नवीन पक्षहरूलाई अँगालेको छ । त्यसैले पनि यो नेपाली महाकाव्य लेखनको बिलकुलै नवीन प्रयोग भने होइन । विषयवस्तु, पात्र, भाव र कथानकमा भने देवघाट महाकाव्यमा नवीनता रहेको छ ।

प्रस्तुत सिर्जनाकार्य भाव, विचार र संवेदनाको समायोजनबाट गरिएको छ । यसका लागि सिर्जना प्रस्तावको यस्तो ढाँचा प्रस्तुत गरिएको छ ।

## १.२ सिर्जनाको शीर्षक

प्रस्तुत सिर्जनापत्रको शीर्षक **देवघाट** (महाकाव्य) रहेको छ । कविताको रूपगत आधारमा देवघाट महाकाव्यात्मक संरचनामा संरचित रहेको छ ।

## १.३ सिर्जनाको समस्या

कविताको सबै भन्दा उच्चतम वा बृहत्रूप महाकाव्य सिर्जनाको प्रयास आफैँमा कठिन कार्य हो । अझ महाकाव्य मान्यतामा आधारित भएर महाकाव्य सिर्जना गर्नु त झन कठिन कार्य हो । यस सृजन कार्यमा तिनै समस्याको केन्द्रमा रही कार्य सम्पन्न गर्ने काम महाकाव्यको सृजनामा मुख्य समस्याको रुपमा रहेको छ ।

१) महाकाव्यिक मान्यताका प्राविधिक पक्षहरू केकसरी प्रयोग भएका हुन्छन् ?

२) महाकाव्य सृजनामा तिनको अनुशासनको उपयोग कसरी गरिन्छ ?

यिनै समस्यामा आधारित भएर यो महाकाव्य सिर्जना गरिएको छ ।

## १.४ सिर्जनाको उद्देश्य

प्रस्तुत सिर्जना पत्रको उद्देश्य महाकाव्यिक मान्यताका प्राविधिक पक्षहरु केकसरी प्रयोग भएका हुन्छन् भन्ने कुरा पत्ता लगाउनु र महाकाव्य सृजनासम्बन्धी अनुशासनको उपयोग गरेर महाकाव्य सिर्जना गर्नु हो ।

## १.५ सिर्जनाको औचित्य, महफ्व र उपयोगिता

नेपाली साहित्य अन्तर्गत कविताविधाको बृहत् रूप महाकाव्य सिर्जना हो र यसमा महाकाव्य सिर्जना कार्य प्रस्तुत गरिएको छ । यस किसिमको महाकाव्य लेखनले नेपाली साहित्यको श्री वृद्धिमा महफ्वपूर्ण योगदान दिने भएकाले यसको महङ्गव रहेको छ । नेपाली महाकाव्य लेखनको परम्परा हेर्दा अहिलेसम्म पनि यस किसिमका दार्शनिक महाकाव्यको न्यूनता नै पाइन्छ । नेपाली महाकाव्यले आफ्नो महाकाव्यात्मक मूल्य र मान्यतालाई स्थापित गर्ने कोसिस गरिरहेको अवस्थामा यस महाकाव्यले पूर्वीय र पाश्चात्य सिद्धान्तदेखि अलगै मौलिक नेपाली महाकाव्यात्मक मूल्यमा थप सहयोग पुऱ्याओस् भन्ने उद्देश्यले यो महाकाव्य सिर्जना गरिएको छ । यसरी नेपालको धार्मिक स्थान विशेषलाई माध्यम बनाएर त्यसको दार्शनिक सम्बन्ध केलाउने र भौतिक महफ्वलाई दर्शाउने महाकाव्यात्मक प्रयास नभैसकेको अवस्थामा यस महाकाव्यको सिर्जना हुनुले यसको औचित्य स्वतः सिद्ध गर्दछ । सांस्कृतिक धार्मिक र युगबोधिक जीवन चिन्तन बोकेको हुनाले यस महाकाव्यको अध्ययनबाट काव्यका अध्येता, जिज्ञासु, पाठक, अनुसन्धानकर्ता तथा साहित्य साधकहरू लाभान्वित हुन सक्नेछन्, त्यसैले यसको उपयोगिता, महफ्व र औचित्य आफैंमा उल्लेखनीय रहेको छ ।

## १.६ सिर्जनाको सीमाङ्कन

प्रस्तुत महाकाव्यले सैद्धान्तिक स्वरूप, पूर्वीय र पाश्चात्य महाकाव्यात्मक मूल्यहरूलाई आधार बनाएर पाएको छ । तर पूर्वीय र पाश्चात्य दुवैथरि महाकाव्य सिद्धान्तलाई यसमा पूर्णतः पालना गर्न नसक्नु यस महाकाव्यको सीमाको रूपमा रहेको छ । नेपाली महाकाव्यको नवीन महाकाव्यात्मक मूल्यलाई यसले अवलम्बन गरेको छ, जुन यस महाकाव्यको सीमाको रूपमा रहेको छ । देवघाट महाकाव्य पन्ध्र सर्गमा आबद्ध रहनु पनि यस महाकाव्यको सीमा हो । शास्त्रीय छन्दहरूको मात्र प्रयोग हुनु, सर्गान्तमा भावी सर्गका विषयको सूचना दिने काम र छन्द परिवर्तन गर्नु पर्ने महाकाव्य सम्वन्धी पूर्वीय मान्यताको यसमा प्रयोग हुनुले पनि यस महाकाव्यलाई सीमाङ्कन गर्ने काम गरेको छ । सांस्कृतिक,

धार्मिक र युगबोधिक जीवन चिन्तन पनि यस सिर्जनाको सीमाका रूपमा रहेको छ । यस महाकाव्यमा अधिक लामा र छोटा सर्गहरू रहेका छैनन् ३० देखि ७० श्लोक सम्मका पद्यरचनाको सीमा यस महाकाव्यमा रहेको छ । तन्त्र र योगदर्शनसँग सम्बन्धित षट्चक्रको आधार लिएर पनि मूलाधारमा नै बढी केन्द्रित रहनु, देवघाटलाई काली र शुक्लागण्डकीको सङ्गम भित्र मात्र लिन खोजिनु र त्यसैमा पानीको पनि आरोप गरिनु यस महाकाव्यको सीमा रहेको मान्न सकिन्छ ।

## १.७ सिर्जना प्रतिवेदनको रूपरेखा

**१.७.१ पहिलो सर्ग:** मङ्गलाचरण, आफ्नो लेखन प्रवृत्तिको जानकारी र लेखन प्रयासको चर्चा ।

**१.७.२ दोस्रो सर्ग :** गण्डकीको अनाहत ध्वनि, कविद्वारा त्यो ध्वनिको श्रवण ।

**१.७.३ तेस्रो सर्ग :** कविमा अनाहत ध्वनिको प्रभाव, सन्तसँगको भेट ।

**१.७.४ चौँथो सर्ग :** देवघाटको सौन्दर्यको वर्णन, देवघाट सम्बन्धी कविको जिज्ञासा शान्त पार्ने सन्तबाट आश्वासन ।

**१.७.५ पाँचौ सर्ग :** सन्तबाट देवघाटको शास्त्रीय पौराणिक महफ्वको चर्चा ।

**१.७.६ छैटौं सर्ग :** षट्चक्रको वर्णन, त्यसमध्ये देवघाट मूलाधार भएको चर्चा । मूलाधार भएकाले नै देवघाट चैतन्यको, शुद्धताको, उर्ध्वगतिको सूचक भएको चर्चा ।

**१.७.७ सातौँ सर्ग :** देवघाट धामलाई आधार बनाएर सामाजिक सुधार र सेवा गरेका साधुहरूको चर्चा गर्ने क्रममा ईश्वरानन्द बाबा र उनको गलेश्वर आश्रमको वर्णन ।

**१.७.८ आठौँ सर्ग :** योगी नरहरीनाथ र वागीश्वरी क्षेत्रको वर्णन ।

**१.७.९ नवौँ सर्ग :** स्वामी परमानन्द सरस्वती र हरिहर आश्रमको वर्णन ।

**१.७.१० दसौँ सर्ग :** स्वामी रामानन्द गिरि र उनको महेश गुरुकुलको वर्णन ।

**१.७.११ एघारौँ सर्ग :** मणि मुकुन्दसेन र चक्रवर्ती मन्दिरको वर्णन ।

**१.७.१२ बाह्रौँ सर्ग :** देवघाट धामका मठ, मन्दिर, आश्रम, साधुसन्तहरूको वर्णन ।

**१.७.१३ तेह्रौँ सर्ग :** षट्चक्र मध्येका अन्यचक्रहरूको काली गङ्गाको प्रस्रवण क्षेत्रमा चयन, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध, आज्ञा चक्रहरूको वर्णन ।

**१.७.१४ चौधौँ सर्ग :** (मुक्तिक्षेत्र) सहस्रारचक्रको वर्णन ।

**१.७.१५ पन्ध्रौँ सर्ग :** कुण्डलिनी सिद्धि पछिको साधकको अवस्थाको चर्चा, सप्तगण्डकीहरूको संक्षिप्त बयान, सात अंङ्कको चर्चा, समापन ।

परिच्छेद : दुई


# महाकाव्यको सैद्धान्तिक स्वरूप र नेपाली महाकाव्यको विकासक्रम

## २.१ विषयप्रवेश

कविता विधा नेपाली साहित्यको ज्यादै महफ्वपूर्ण विधा हो । साहित्यको लयगत र साङ्गीतिक भेद नै कविता हो । छन्द वा लयलाई मूल आधार मानेर साहित्यको वर्गीकरण गर्दा समग्र साहित्य गद्य र पद्य गरी दुई भेदमा विभक्त हुन्छ । गद्यविधाको विपरीत छन्दको प्रयोग गरी रचना गरिने विधा नै पद्य हो र पद्य कविता विधाको पुरानो नाम पनि हो । त्यसैले लयात्मक प्रधानता भएको एकालापपूर्ण कथन पद्धतिमा सिर्जना हुने साहित्यिक विधा कविता हो । कविताको आयाम (लम्बाइ, चौडाइ र गहिराइ) को विस्तारका कारणले कविताभित्र पनि उपविधाको निर्माण हुन पुग्दछ । यस सिर्जना पत्रको यस खण्डमा आयामका आधारमा कविताका विविध रूपको परिचय दिई बृहत् आयाम महाकाव्यको सैद्धान्तिक चर्चा गरिन्छ ।

## २.२ कविताका विविध रूप र आयाम

कविताको आयाम विस्तारका कारण यसका विविध रूपको निर्माण हुन पुग्दछ । जीवनका सूक्ष्मतमदेखि स्थूलसम्मका अभिव्यक्तिहरू कविताको आयामभित्र प्रवाहित भएका हुन्छन् । कविताको सबैभन्दा सानो रूपगत आयाम मुक्तक हो भने सबैभन्दा ठुलो आयाम महाकाव्य हो । कवितामा जीवनजगत्को अनुभूति एक हरफ, चार पाउदेखि लिएर एउटा सिङ्गो र बृहत् महाकाव्यसम्म विस्तारित हुन सक्छ ।[1] कविताको आयाम विस्तारका आधारमा सिर्जना हुन पुग्ने विविध रूपलाई तलको रेखाचित्रमा देखाइएको छ-




माथिको तालिकाले कविताका न्यूनतम तीन र अधिकतम पाँच भेद हुने कुरालाई स्पष्ट गरेको छ । कविताका उपभेदका बारेमा यहाँ संक्षिप्त चर्चा गरिएको छ-

[1] वासुदेव त्रिपाठी र अन्य सम्पा., **नेपाली कविता भाग २**, (काठमाडौं: साझा प्रकाशन, २०४८) पृ. २५७ ।

## २.२.१ कविताको लघुतम रूप : मुक्तक

कविताको सबैभन्दा सानो एकाइ लघुतम रूप हो । यसअन्तर्गत कविताका ज्यादै साना संरचनाहरू समेटिन्छन् । छोटो छरितो भनाइबाट व्यङ्ग्य प्रहार गर्ने कविताको एक झिल्का नै कविताको लघुतम रूप हो । यस्तो कविताको संरचना निकै सानो हुन्छ तर आफैमा पूर्ण हुन्छ । यो सर्जकका मनमा तत्काल जन्मन्छ अनि तत्काल समाप्त भएर जान्छ । कविताका यस्ता स्वरूपमा दुई, तीन वा चार पाउसम्मका मुक्तक, हाइकु, सायरी, र लोकसूक्तिहरू पर्दछन् ।

## २.२.२ कविताको लघु रूप : फुटकर कविता

कविताको लघुतम रूपभन्दा विस्तृत र मझौला रूपभन्दा सानो एकाइ लघु रूप हो । कविताको लघु रूप गद्य र पद्य दुवैमा रहेको हुन्छ । पद्यमा दुई श्लोकभन्दा बढी र गद्यमा दुई अनुच्छेदसम्मको रचना यसभित्र पर्दछ । कविताको लघु एकाइमा सानो घटनालाई सीमित घेरामा राखी भावपूर्ण, मिठासपूर्ण तरिकाले प्रस्तुत गरिएको हुन्छ । यस्ता रचनामा आख्यान तत्त्वको प्रयोग लघुतम रूपको अपेक्षा स्थूल रूपमा गरिएको हुन्छ ।[२] यसरी आख्यानको सूक्ष्मतालाई अपेक्षित मानिएकाले यी रचनाहरूका अभिव्यक्तिमा विविधता नआई भावमा समेत एकरूपता भएको हुन्छ । कस्ता रचनाहरूमा कविताको लघु रूप समेटिएको हुन्छ भन्ने सन्दर्भमा वासुदेव त्रिपाठीको भनाइ उल्लेखनीय रहेको छ-“पत्रपत्रिका र कवि गोष्ठीमा प्रस्तुत गरेका अधिकांश साना कविता कृतिहरू फुटकर कविता नै हुन् जसले कविताको लघु रूपको प्रतिनिधित्व गर्दछन् ।”[३] यस कुराबाट के स्पष्ट हुन्छ भने भावनाको संक्षिप्त पोखाइ भएको फुटकर रचना नै कविताको लघु रूप हो ।

## २.२.३ कविताको मझौला रूप : खण्डकाव्य/लामो कविता

कविताको ज्यादै विस्तृत र ज्यादै सङ्कुचित नभएको रचनालाई मझौला रूप भनिन्छ । यस्ता रचनामा एक विषय, एक घटना, एक सन्दर्भ र जीवनको एक पक्षको उद्घाटन भएको हुन्छ । अनुभूतिको उत्तरोत्तर वृद्धि र विकास हुँदै जाँदा कविताले आख्यानतन्तु र संरचनागत सुगठनलाई अँगाल्न पुग्दछ त्यस अवस्थामा कविता मध्यम आयाममा प्रवेश गर्दछ । कविताको मझौला आयामलाई खण्डकाव्य वा लामो कविता पनि भनिन्छ । विषयवस्तुको आयाम विस्तार, आख्यान र संरचनाका कारणले गर्दा कविताको मझौला रूप फुटकर कविताबाट छुट्टिन थाल्दछ । कविताको मझौला रूपमा आख्यानलाई अनुभूतिसँग घोलेर प्रस्तुत गरिएको हुन्छ । आख्यानयुक्त रचना र सुगठित संरचना भएको कविताको आयाम नै कवितामा मझौला रूप हो र यो लामो कविता र खण्डकाव्यमा विभक्त भएको हुन्छ ।

## २.२.४ कविताको बृहत् रूप : महाकाव्य

कविताको सबैभन्दा ठूलो आयामलाई बृहत् रूप भनिन्छ । यसमा कविताका लामा रचना र खण्डकाव्यभन्दा माथिका सबै सिर्जनाहरू समेटिन पुग्दछन् । यस्ता रचनको सिर्जना बृहत् आख्यानीकरणबाट मात्र सम्भव हुन्छ र जीवनजगत्को सर्वपक्षीय अध्ययन भएको हुन्छ । कविताले जब सिङ्गो युग, जीवन र समाजलाई बोकेर हिड्न लाग्छ र अनुभूतिको

[२] कुमार बहादुर जोशी, **कविता चर्चा**, (काठमाडौँ: साझा प्रकाशन, २०४०) पृ. ११ ।
[३] वासुदेव त्रिपाठी र अन्य सम्पा. पूर्ववत् पृ. ४२-४३ ।

आख्यानीकरणमा कवित्वको महाप्रवाह बहन थाल्दछ तब कविताको बृहत् रूप महाकाव्य प्रकट हुन्छ ।[४] कविताको यस्तो आयाममा जीवन जगतको सिङ्गो प्रस्तुति, खण्डयोजना, सन्धि, अर्थप्रकृति र कार्यावस्था जस्ता प्राविधिक कुराको संयोजन गरिएको हुन्छ । कविताको बृहत् रूप भन्नाले अनुभूतिको महाप्रवाह, जीवनको सिङ्गो अभिव्यक्ति, मानव सभ्यता र समाजको सिङ्गो इतिहासलाई बोकेको विराट संरचना र आख्यानलाई बोकेको कवितालाई बुझिन्छ । कविताको विस्तारित आयामयुक्त यस्तो रूपले सिङ्गो युगलाई नै आत्मसात् गरेको हुन्छ ।[५] कविताको बृहत् रूप विकासशील अवस्थामा रहेको हुन्छ र यसको प्रवाह निरन्तर रूपमा चलिरहेको हुन्छ । जसले गर्दा कविताको बृहत् आयाम ललित महाकाव्यबाट माथि उठेर आर्ष महाकाव्यका तहसम्म पनि विस्तारित हुन पुग्छ । यसकारण कविताको बृहत् आयाममा विकसित र विकासशील, ललित र आर्ष महाकाव्य समेटिन पुग्दछन् ।

## २.३ कविता र महाकाव्यबीचको सीमा

कविताको उपविधाका रूपमा रहेको महाकाव्यमा कविताका सबै गुणहरू रहेका हुन्छन् तर पनि यी दुईका बीचमा केही भिन्नता पनि रहेको पाइन्छ । कविताको विकासशील र विराट आयाम नै महाकाव्य हो, जब कवितामा आख्यान र संरचनाले विस्तृत रूप लिन्छ, तब मात्र कविता महाकाव्यमा परिणत हुन्छ । आख्यान, संरचना र साङ्गठनिक सुगठनले गर्दा नै महाकाव्य कविताबाट विस्तारै अलग्गिन पुग्छ । कवितामा अनुभूतिको सूक्ष्म प्रवाह रहन्छ तर महाकाव्यमा आख्यान, चरित्र, परिवेश, काव्यात्मक आङ्गिक विकास र विस्तार तथा संरचनात्मक सुगठन आदिको बृहत् संयोजन रहेको हुन्छ । भावनामा एकरूपता र हार्दिकता कविता र महाकाव्य दुवैका मिल्दा पक्ष हुन् ।

## २.४ महाकाव्यको परिचय

महाकाव्य शब्दको निर्माण **'महा'** (महान्) र **'काव्य'** दुई शब्दको योगबाट भएको छ । यसले शाब्दिक अर्थमा काव्यको सबैभन्दा ठूलो स्वरूपलाई बुझाउँछ । महाकाव्यलाई कविताको आयाम विस्तारका क्रममा निर्माण भएको सबैभन्दा ठूलो स्वरूपका रूपमा चिनाइएको छ । **'महाकाव्य'** शब्दलाई व्युत्पत्तिगत अर्थका रूपमा हेर्दा यसको निर्माण **'कवृ'** वर्णने धातुबाट वा **'कुङ'** शब्दे धातुबाट **'कवि'** शब्द निष्पन्न हुन्छ । कवि कर्मबाट **'काव्य'** शब्दको निर्माण हुन्छ र काव्य शब्दमा **'महा'** शव्द पूर्वयोग गरेर **महाकाव्य** शब्दको निर्माण हुन पुग्छ । यसले काव्यको सबैभन्दा बृहत् संरचनालाई बुझाएको हुन्छ ।

हजारौँ वर्ष पहिले छापाखानाको कुनै व्यवस्था नहुँदा स्रष्टाहरूले धेरै वर्ष लगाई हातले नै पुस्तक तयार गर्दथे । त्यस समयमा नाटक आदिलाई अभिनय गराउने र महाकाव्य, खण्डकाव्य र गीतिकाव्य अरूलाई सुनाउने गरिन्थ्यो । यसै आधारमा काव्यलाई दृश्य र श्रव्य गरी दुई भागमा विभाजन गरेको पाइन्छ । हाल आएर साहित्य शब्दले काव्य शव्दको भन्दा पनि व्यापक अर्थलाई समेट्न थालेको छ । काव्य शब्द अब महाकाव्य, खण्डकाव्य र गीतिकाव्य जस्ता शब्दमा रूढ हुन थालेको छ तर अर्थमा भने कुनै भिन्नता रहेको पाइँदैन । यस्तै साहित्यका सीमित र व्यापक दुई अर्थ पनि रहेका छन् । व्यापक अर्थमा साहित्यले समग्र वाङ्मयलाई बुझाउँछ भने सीमित अर्थमा केवल गद्य, पद्य र

---

[४] कुमार बहादुर जोशी, पूर्ववत् पृ. १२ ।
[५] **वासुदेव त्रिपाठी र अन्य सम्पा. पूर्ववत् पृ. ८५-८६ ।**

चम्पूलाई बुझाउँछ । यी अर्थहरूमध्ये पद्य अन्तर्गत पर्ने प्रबन्ध र मुक्त काव्यमध्ये प्रबन्ध काव्यको बृहत्, बृहत्तर स्वरूप भएका रचनालाई महाकाव्यका रूपमा चिनाइएको छ । पूर्वीय र पाश्चात्य काव्यचिन्तन परम्परामा महाकाव्यलाई चिनाउनका लागि विभिन्न समयमा विविध विद्वान्हरूले आ-आफ्ना धारणाहरू अगाडि सारेका छन् । यिनै विचारका सापेक्षतामा महाकाव्यलाई परिचित गराउन महाकाव्यका केही परिभाषालाई यहाँ समेटिएको छ । जसले महाकाव्य भनेको के हो ? भन्ने कुरालाई बुझाउन सहयोग गरेका छन् ।

## २.५ पूर्वीय साहित्यचिन्तनका सापेक्षतामा महाकाव्यको परिभाषा

पूर्वीय साहित्यचिन्तनमा महाकाव्यसम्बन्धी चिन्तन एकै पटक थालिएको होइन । यस सम्बन्धमा पुराणहरूमा पनि कही कुराको उल्लेख पाइन्छ । पौराणिक कालबाट हालसम्म आइपुग्दा यसका बारेमा व्यापक चर्चा भएको पाइन्छ । यसै सन्दर्भमा महाकाव्यका केही पूर्वीय परिभाषालाई यहाँ उठाइएको छ-

सर्वप्रथम अग्निपुराणमा महाकाव्यलाई यसरी चिनाइएको छ - 'संक्षेपमा अभीष्ट अर्थ व्यक्त गर्ने दोषरहित, गुणसहित पदावली नै काव्य हो ।'[६] यस परिभाषामा महाकाव्यलाई भन्दा पनि समग्र काव्यलाई परिचित गराउने काम गरिएको छ । यस भनाइले समग्र वाङ्मयलाई समेटेको हुनाले यो परिभाषाले महाकाव्यलाई पनि सङ्केत गरेको बुझ्नुपर्ने हुन्छ । यसले काव्यमा गुणलाई अपेक्षित सामग्री र दोषलाई वर्जित सामग्रीका रूपमा लिएको छ तर के गुण हो र के दोष हो भन्ने कुरालाई यस भनाइले कतै स्पष्ट पारेको छैन । यो प्रथम परिभाषापछि मात्र विधागत रूपमा चिन्तन अगाडि आएको छ ।

महाकाव्यका बारे व्यक्तिगत धारणा राख्ने काव्यचिन्तक भामह हुन् । उनका अनुसार- महाकाव्य भनेको लामो कथानक नभएको महान चरित्रमा आधारित, नाटकीय पञ्च सन्धि समन्वित उत्कृष्ट एवं अलङ्कृत शैलीमा रचित तथा जीवनका विविध रूप र कार्यको वर्णन गर्ने सर्गबद्ध र सुखान्त काव्य हो ।[७] उनको यो परिभाषाले महाकाव्यलाई लामो कथानक नभएको, महान् चरित्रमा आधारित, सन्धियुक्त र आलङ्कारिक भाषा भएको रचनाका रूपमा सङ्केत गरेको छ । उनले यस्तो परिभाषा निर्माणका लागि महाभारत र रामायण जस्ता काव्यलाई आधारका सामग्रीका रूपमा लिएका देखिन्छ । यस परिभाषामा आएको लामो कथानक नभएको रचना महाकाव्य हो भन्ने कुराले केही विवाद सिर्जना गरेको छ । यस कुरालाई महाकाव्यको कथामा अनावश्यक विस्तार हुनु हुँदैन भन्ने सन्दर्भमा बुझ्नु जरूरी हुन्छ ।

यसैगरी महाकाव्यलाई परिभाषित गर्ने अर्का आचार्य दण्डी हुन् । उनका अनुसार- महाकाव्य आशीर्वाद, नमस्क्रिया वा वस्तुनिर्देशमध्ये कुनै एउटाबाट थालिएको हुनु पर्दछ । सर्गबद्ध र इतिहास प्रसिद्ध कथानक भएका सदाश्रयी, चतुर एवं उदात्त किसिमको नायक हुनु पर्दछ । महाकाव्यले चतुर्वर्गफल दिनुपर्छ । नगर, शैल, सागर, चन्द्रोदय तथा रत्युत्सव आदिको वर्णन गरिएको हुनुपर्छ । त्यस्तै मन्त्रदूतप्रयाणदि र नायकको उदयको वर्णन भएको अलङ्कृत संक्षिप्त रसनिरन्तरतायुक्त सन्तुलित सर्गयुक्त पञ्चसन्धि समन्वित एवं लोक रञ्जक कथानक भएको रचना हो ।[८] दण्डीको यस परिभाषाले महाकाव्यलाई व्यापक रूपमा परिभाषित गर्ने काम गरेको छ । वस्तुनिर्देश, मङ्गलाचरण, कथानक, नायक, परिवेश

[६] **बलदेव उपाध्याय सम्पा., अग्निपुराण, (वाराणसी: चौखम्बा संस्कृत सिरिज अफिस, इ १९६२) अध्याय ३३७, श्लोक ६० ।**
[७] आचार्य भामह, **काव्यालङ्कार,** द्वि.सं, (वाराणसी : चौखम्बा संस्कृत सदन, २०३८) प्रथम परिच्छेद, श्लोक १९-२० ।
[८] आचार्य दण्डी, **काव्यादर्श,** द्वि.सं. (वाराणसी : चौखम्बा विद्याभवन, २०२८) श्लोक १४-१९ ।

र भाषाशैली आदि विषय महाकाव्यमा कस्ता रहन्छन् भन्ने सन्दर्भमा पनि यस परिभाषाले प्रकाश पारेको छ ।

महाकाव्यको परिभाषाका क्रममा आचार्य रुद्रटले महाकाव्यलाई यसरी परिभाषित गरेका छन्- महाकाव्यमा कथानक कल्पित वा अकल्पित जनसुकै भए तापनि महान् हुन्छ । यस कथानकभित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्दछन् । यसले युग र जीवनको चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न द्विजकुलोत्पन्न र शक्तिशाली हुनुका साथै युद्धमा विजय प्राप्त गर्नसक्ने खालको हुनुपर्छ ।[९] आचार्य दण्डीले इतिहास प्रसिद्ध कथालाई महाकाव्यको कथास्रोत मानेका थिए तर रुद्रटले कल्पित वा अकल्पित कथानक भनेर कल्पनालाई पनि कथानकको स्रोत मानेका छन् तर कथानक महान् हुनुपर्छ भन्नेमा भने दुवैको एकमत रहेको छ । कथानकभित्र अवान्तर कथाहरू पनि आउने कुराको थप व्यवस्था रुद्रटको परिभाषाको नवीन पक्ष हो ।

यसैक्रममा आचार्य हेमचन्द्रले महाकाव्यलाई यसरी परिभाषित गरेका छन्- पद्यबद्ध रूपमा प्रायः संस्कृत, अपभ्रंश आदि भाषामा विभिन्न कथानकलाई लिएर शब्द वैचित्र्य, अर्थ वैचित्र्य, रसयुक्त छन्दोबद्ध एवं लोकरञ्जक गुण बोकेको काव्य नै महाकाव्य हो ।[१०] आचार्य हेमचन्द्रले संस्कृतेतर भाषालाई पनि महाकाव्योचित भाषाका रूपमा स्वीकार गरेका छन् । शब्द र अर्थको वैचित्र्य हुनुपर्छ भन्ने कुराले महाकाव्य अन्योक्तिमूलक रचना हो भन्ने कुरालाई बुझाएको छ ।

संस्कृत साहित्यका विशिष्ट चिन्तक आचार्य विश्वनाथले महाकाव्यलाई यसरी परिभाषित गरेका छन् । उनका अनुसार- महाकाव्य सर्गबद्ध हुन्छ र त्यसको नायक शूर सद्‌वंशी, क्षेत्रीय, एकै वंशको वा एकै वंशका धेरै पनि हुन सक्दछन् । श्रृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी र अन्य अङ्ग रस हुनु पर्दछ । कथानक नाटकीय पञ्च सन्धि समन्वित हुनु पर्दछ । कथानक इतिहासप्रसिद्ध र सज्जनाश्रित हुनु आवश्यक हुन्छ । सुरूमा वस्तुनिर्देश, नमस्क्रिया वा आशीर्वाद रहनु पर्दछ । सत्पात्रको गुणको बयान र दुर्जनको निन्दा गरिएको हुनु पर्दछ । न धेरै लामा न छोटा कम्तीमा आठ वटा सर्ग रहनु पर्छ । सर्गको अन्त्यमा भावीसर्गको सूचना हुनु पर्दछ । सम्पूर्ण कालचक्र (सन्ध्या, प्रभात, रजनी, मध्याह्न, आदि) सम्पूर्ण ऋतुचक्र, स्वर्गदेखि धर्तीसम्म र धर्तीदेखि स्वर्गसम्मको सम्पूर्ण परिवेशको वर्णन महाकाव्यमा गरिएको हुनु पर्दछ । सम्भोग, विप्रलम्भ, पुत्रोत्पत्ति आदिको वर्णन महाकाव्यमा हुनु पर्दछ । रणप्रयाण एवं सत्‌को विजय देखाइएको हुनु पर्दछ । नायक, कथानक वा कविको नामबाट महाकाव्यको नामकरण गरिएको हुनु पर्दछ । विविध छन्दको प्रयोग गरिनुका साथै सर्गको अन्त्यमा छन्द बदल्नु पर्दछ ।[११]

आचार्य विश्वनाथको प्रस्तुत परिभाषाले परम्परित परिभाषाहरूको समर्थन मात्रै नगरी केही नवीन पक्षलाई पनि समेटेको देखिन्छ । चतुवर्गफलको सिद्धिमध्ये कुनै एउटाको प्राप्तितर्फ परिभाषाले सङ्केत गरेकोले उनको विचार ललित वा कलात्मक महकाव्यतिर बढी झुकेको पाइन्छ । यस्तै अङ्गीरसमा करुण रसको कुरा उल्लेख नगर्नाले पनि यो कुरालाई पुष्टि गर्न थप मद्दत पुगेको छ । विश्वनाथको यस परिभाषाले महाकाव्यलाई ज्यादै औपचारिक रचनाका रूपमा परिभाषित गरेको छ ।

---

[९]आचार्य रूद्रट, **काव्यालङ्कार**, द्वि.सं. (वाराणसी : चौखम्बा विद्याभवन, २०३२) परिच्छेद ६, श्लोक ५-७ ।

[१०] आचार्य हेमचन्द्र, **काव्यानुशासन**, (वाराणसी : संस्कृत काव्यमाला ७०, इ १९३४) पृ. ३९५ ।

[११] आचार्य विश्वनाथ, **साहित्य दर्पण,** (वाराणसी : चौखम्बा द्याभवन, ग्रन्थमाला २९, इ. १९६३) छैठौं परिच्छेद, श्लोक ३१५-३२७) पृ. ५४९ ।

विश्वनाथपछि आचार्य जगन्नाथले सम्पूर्ण काव्यलाई नै परिभाषित गरेकाले भामहदेखि विश्वनाथसम्मका परिभाषालाई समेटेर महाकाव्यलाई विश्वनाथले जुन रूपमा चिनाएका छन् सोही रूपमा चिनाउने काम गरेका छन् । माथि प्रस्तुत गरिएको पूर्वीय महाकाव्य परिभाषालाई हेर्दा भामह र दण्डीले आर्ष महाकाव्यलाई आधार बनाएर महाकाव्यको परिभाषा निर्माण गरेका छन् भने अन्य आचार्यहरूले ललित वा कलात्मक महाकाव्यलाई आधार बनाएका छन् ।

संस्कृत साहित्यका चिन्तकहरूले प्रस्तुत गरेका महाकाव्यका परिभाषाका सारलाई समेट्दा महाकाव्यलाई सर्गबद्धता, छन्दोबद्धता, पञ्चसन्धियुक्तता, अलङ्कृत भाषाशैली, इतिहासप्रसिद्ध, काल्पनिक वा दन्त्य कथामा आधारित कथानक, सत्पात्रको चरित्रचित्रण, रसभावको निरन्तर प्रवाह भएको चतुवर्ग फलमध्ये कुनै एकको प्राप्ति हुने जीवनको सुखान्त अभिव्यक्तिका रूपमा चिनाइएको छ ।

## २.६ पाश्चात्य साहित्यचिन्तनका सापेक्षतामा महाकाव्यको परिभाषा

पाश्चात्य साहित्यमा युनानी स्रष्टा होमरद्वारा रचित **इलियड** र **ओडिसी** जस्ता प्रसिद्ध रचनाद्वारा साहित्यसिर्जनाको सुरुवात भएको हो । पश्चिमको सिङ्गो साहित्य चिन्तनपरम्पराको आरम्भ प्लेटो (ई.पू. ४२७-३५) ले गरेका हुन् ।[१२] तर महाकाव्यका बारेमा चिन्तनको सुरुवात भने एरिष्टोटल (ई.पू. ३८४-३२२) बाट भएको हो । एरिष्टोटलले महाकाव्यका बारेमा छुट्टै सिद्धान्तको प्रतिपादन नगरे पनि दुःखान्तकको चर्चा गर्ने क्रममा आफ्नो काव्यशास्त्र (पेरिपोइतिकेस) मा दुःखान्तक र महाकाव्यका बीचमा तुलना गरेका छन् । यस क्रममा एरिष्टोटलले महाकाव्यलाई यसरी चिनाएका छन्- महाकाव्यमा आफ्नो सीमामाथि विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ .... जहाँसम्म यस्तो काव्यकृतिको प्रश्न छ जसको रूप आख्यानात्मक तथा छन्द एउटामात्र प्रयोग भएको हुन्छ । कथानकको विकास आदि मध्य र अन्त्यमा भएको हुन्छ । यसमा एक पूर्ण घटनाको उल्लेख हुनु आवश्यक छ र यसले एउटा जीवन्त प्राणीले जस्तै आनन्द प्रदान गर्दछ ।[१३] एरिष्टोटलको यस परिभाषामा होमरद्वारा रचित **इलियड** र **ओडिसी** जस्ता विकसित महाकाव्यलाई समेटिएको छैन । उनले दुःखान्तक र महाकाव्यका बीचमा तुलना गर्दा केवल कलात्मक महाकाव्य (इपिक अफ आर्ट)लाई मात्र सङ्केत गरेका छन् । उनको परिभाषाले एक छन्दको प्रयोगलाई जोड दिएको छ । जे भए तापनि पश्चिममा महाकाव्यका बारेमा गरिएको यो प्रथम अभिव्यक्ति भएका कारणले उनको धारणा बढी महफ्वपूर्ण रहेको छ ।

एरिष्टोटलपछि पश्चिममा महाकाव्यसम्बन्धी चिन्तन धेरै समयसम्म अवरुद्ध भएको छ । धेरै समयको अन्तरालपछि मात्र यसमा निरन्तरता आएको छ । यसै क्रममा जोसेफ एडिसनले जोन मिल्टनको **प्याराडाइज लस्ट**को भूमिकामा महाकाव्य सम्बन्धी आफ्नो विचारलाई यसरी अगाडि सारेका छन् । उनका अनुसार - महाकाव्य दन्त्य कथा पूर्ण वा अपूर्ण हुन्छ । यसमा कम्तीमा तीन कुरा प्रमुख रूपमा रहेका हुन्छन् । महाकाव्य हुनको लागि एउटा घटना हुनुपर्छ, घटना महान् हुनुपर्छ, घटना महान हुनुपर्छ ।[१४] एडिसनले महाकाव्यमा कथानकलाई मात्र महफ्व दिएका छन् । कथानकलाई गतिशील बनाउने नायक परिवेश आदि कुराका बारेमा उनको विचार ज्यादै मौन बसेको छ । उनका विचारमा घटनालाई पूर्णतामा पुऱ्याउन सक्ने खालको महान् पात्रको आवश्यकता महाकाव्यमा हुन्छ

[१२] अभि सुवेदी, पाश्चात्य काव्य सिद्धान्त, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३२) पृ.१ ।
[१३] नागेन्द्र र महेन्द्र चतुर्वेदी (अनु.), अरस्तुका काव्यशास्त्र, (दिल्ली : हिन्दी अनुसन्धान परिषद् दिल्ली विश्वविद्यालय, इ १९८१) पृ. ४६ ।
[१४] दि नोर्तोन एएन्थोलजी अफ इङलिस लिटेरचर , फिप्थ एडिसन , ( लण्डन : जनवरी, ५, १९७३) पृ. १७७ ।

भन्ने कुराको अनुमान हामीले गर्न  सकिन्छ । यसर्थ उनको महाकाव्य सम्बन्धी प्रस्तुत धारणा पूर्ण छैन ।

यसैगरी पाश्चात्य साहित्यचिन्तक एवर क्रम्बेले महाकाव्यको परिभाषा दिने क्रममा महाकाव्यलाई साहित्यिक र ऐतिहासिक हाँगाहरूमा विभाजन गर्दै आलङ्कारिक रूपमा मनोरञ्जन पाराले लेखिएको रचनालाई साहित्यिक महाकाव्य र ऐतिहासिक पारामा कथानकमा समय अनुसार स्वरूप निर्माण गरिएको महाकाव्यलाई ऐतिहासिक महाकाव्य मानेका छन् ।[१५]  उनको यस विचारले विषयअनुरूप महाकाव्यलाई विभाजन गरेर अध्ययन गर्न सकिने कुरालाई सङ्केत गरेको छ ।

यसैगरी पाश्चात्य समालोचक सि. एम. बाबराले महाकाव्यलाई यसरी चिनाएका छन्- त्यो बृहदाकार कथात्मक काव्य महाकाव्य हो । जसमा महफ्वपूर्ण र गरिमामय घटनाकाे वर्णन हुन्छ तथा त्यसमा केही पात्रहरूको क्रियाशील एवं भयङ्कर कार्यले भरिएको जीवनकथा हुन्छ । त्यो पढ्दा हामीलाई घटना र पात्रले हाम्रो हृदयमा मानवीय उपलब्धिहरू तथा गौरव र महफ्वमाथि दृढ आस्था उत्पन्न गरिदिन्छन् ।[१६]  उनको यस भनाइले महाकाव्यलाई ज्यादै गहन काव्यका रूपमा परिभाषित गरेको छ ।

यसैगरी अन्य केही ग्रन्थहरूले पनि महाकाव्यलाई परिभाषित गर्ने काम गरेका छन् । केहीलाई यहाँ प्रस्तुत गरिएको छ । वीरतापूर्ण कार्यको सुविस्तृत रूपमा वर्णन गरिएको वर्णनात्मक कविता नै महाकाव्य हो । यसमा नायक प्रायः एउटै हन्छ । उच्चतर राष्ट्रियता, सार्थकता शौर्य आदिको विस्तृत वर्णन समेत यसमा हुन्छ । यस विचारले महाकाव्यालाई वीरतापूर्ण एउटा भएको विस्तृत कथाका रूपमा चिनाएको छ ।

यसैगरी महाकाव्य भनेको गम्भीर रूपमा लेखिएको आख्यानात्मक एवं आलङ्कारिक पदावलीको प्रयोग गरिएको दैवी वा अर्धदैवी पात्रको समावेश भएको औपचारिक एवं वृत्ताकार शैलीमा लेखिएको रचना हो ।[१७]  यस परिभाषाले महाकाव्यलाई आख्यानात्मक, आलङ्कारिक भाषा भएको दैवी पात्रको प्रयोग हुने विशिष्ट रचनाका रूपमा चिनाएको छ ।

पाश्चात्य साहित्यको चिन्तन परम्परालाई हेर्दा महाकाव्यमा निम्न कुराहरू समेटिएको पाइन्छ-

(क) महाकाव्य वर्णनात्मक कविता हो ।
(ख) यसमा छन्दोबद्धता र आलङ्कारिक भाषिक योजना हुन्छ ।
(ग) महान् कथामा महान् नायक रहेको हुन्छ ।
(घ) सिङ्गो युग सभ्यता समाज र संस्कृतिको प्रतिबिम्ब महाकाव्यमा हुन्छ ।

यसबाट महाकाव्यमा महान नायकले महान कथा बोकेको हुन्छ र त्यो छन्दोबद्ध गरिमामय लामो वर्णनात्मक रचना हो । भन्ने निष्कर्ष निस्कन्छ ।

[१५] एवर क्रम्बे, दि इपिक इन एस्से, फोर्थ एडिसन, ( लण्डन : म्याकमिलन एण्ड कम्पनी, १९६०) पृ. २५ ।
[१६] सि. एम बाबरा, फ्रम भर्जिल टु मिल्टन, ( लण्डन : १९४५) पृ. १६ ।
[१७] एम. एच अब्राहम, अ ग्लोसरी अफ लिटरेरी टर्म, सिक्स एडिसन, (वैङ्लोर : प्रिज्म बुक प्रा.लि. १९९३) पृ. ५३ ।

## २.७ महाकाव्य सम्बन्धी अन्य धारणाहरू

संस्कृत र पाश्चात्य काव्यचिन्तनका अतिरिक्त नेपाली र हिन्दी साहित्यमा पनि महाकाव्यलाई चिनाउने विविध प्रयासहरू भएका छन् । यसै सन्दर्भमा केही उल्लेखनीय विचारहरूलाई यहाँ समेटिएको छ ।

महाकाव्यलाई चिनाउने क्रममा भारतीय समालोचक नागेन्द्र भन्दछन् - महाकाव्यलाई उदात्त कथानकयुक्त, उदात्त नायकयुक्त, उदात्त उद्देश्ययुक्त एवं उदात्त भाव र शैलीयुक्त वर्णनयुक्त रचना हो ।[१८] उनको यस विचारले महाकाव्यलाई गरिमामय काव्यका रूपमा चिनाएको छ ।

यसैगरी अर्का भारतीय समालोचक भगीरथ मिश्रले भनेका छन् - महाकाव्य महाकविको कल्पनासंयम तर प्रबल हुन्छ । ऊ भित्र नवनिर्माणको चेतनाका साथै हरेक वस्तुका विशेषताहरूलाई सूक्ष्म रूपमा निरीक्षण गर्न सक्ने क्षमता रहन्छ । महाकविभित्र रहेको पदावलीको जादुले महाकवि र अन्य कविका बीचमा भिन्नता रहेको हुन्छ ।[१९] अतः महाकाव्य आफ्नो महत्तामा अक्षुण रहन्छ । उनको यस भनाइले पनि महाकाव्यलाई महान् रचनाका रूपमा नै परिभाषित गरेको छ ।

यसैगरी नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले पनि महाकाव्यका बारेका आफ्नो विचार प्रस्तुत गरेका छन् । उनका अनुसार- साधारण सामाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता उपन्यास जसलाई महाकाव्य भन्ने साधारण समझको उपाधि सायद उपाधि नै हुनेगरी दिइएको छ । कति मात्रामा सुहाउँदो छ म भन्न सक्दिन ।[२०] देवकोटाले महाकाव्यलाई कवितामा रचना गरिएको औपन्यासिक कृतिका रूपमा चिनाएका छन् । जुन कुरा उनका महाकाव्यका भूमिकामा उनले प्रस्तुत गरेका विचारबाट स्पष्ट हुन्छ ।

यसैगरी नेपली साहित्यका वरिष्ठ समालोचक वासुदेव त्रिपाठीले महाकाव्यलाई यसरी चिनाएका छन्- महाकाव्य भनेको वस्तुगत रूपमा समसामयिक धरातलमा टेकेर मानसिक भावनात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता छविद्वारा जीवनको विस्तृत अझ विराट् अभिव्यञ्जना गरिएको रचना हो ।[२१] उनको यस भनाइले महाकाव्यलाई कविताको बृहत् स्वरूप भएको हार्दिक र बौद्धिकपक्ष समेटिएको रचनाका रूपमा चिनाएको छ ।

यसैगरी नेपाली समालोचनाका क्षेत्रमा विशिष्टता प्राप्त व्यक्ति ईश्वर बरालद्वारा सम्पादित नेपाली साहित्यकोशमा महाकाव्यलाई यसरी चिनाइएको छ - कुनै पनि राष्ट्र वा जातिका महफ्वमा आदर्श संस्कार, संस्कृति इतिहास जीवन दर्शन र नीति जस्ता सम्पूर्ण राष्ट्र वा जातिद्वारा गौरव गरिने सम्पूर्ण राष्ट्र वा जातिकै स्वाभिमानको प्रतिनिधित्व गर्ने सम्पदाहरूको सङ्गठन भएको सबै अङ्ग र रूपले परिष्कृत र परिमार्जित उत्कृष्ट काव्य नै महाकाव्य हो ।[२२] यस परिभाषाले पनि महाकाव्य विधालाई जीवनजगत्का विविध पक्ष समेट्ने आदर्श र गरिमामय बृहद् आयामयुक्त रचनाका रूपमा परिभाषित गरेको छ ।

---

[१८] नागेन्द्र, अरस्तुका काव्यशास्त्र, चं.सं (दिल्ली : हिन्दी अनुसन्धान परिषद ई. १९८१) भूमिका पृ. १२७ ।
[१९] भगीरथ मिश्र, **काव्यशास्त्र,** (वाराणसी : काशी हिन्दू विश्वविद्यालय, २०४७) पृ.५५ ।
[२०] लक्ष्मी प्रसाद देवकोटा, **सुलोचना** ( काठमाडौँ : नेपाल भाषा प्रकाशिनी समिति, २००३) भूमिकाबाट ।
[२१] वासुदेव त्रिपाठी, **महाकाव्य बुढो पुरानो विधा** पूर्ववत् पृ. १०९ ।
[२२] ईश्वर बराल, सम्पा., **नेपाली साहित्य कोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२) पृ. ५९७ ।

यसैगरी समालोचक कृष्ण गौतमले महाकाव्यका सन्दर्भमा आफ्नो धारणा यसरी प्रस्तुत गरेका छन्- कुनै कृतिले ठुलो हुँदैमा महाकाव्यको अभिधान पाउँदैन महाकाव्यका निम्ति उच्चता हुनु पर्दछ र एउटै शब्दमा भन्ने हो भने गाम्भीर्य हुनु पर्दछ ।[२३] उनको यस परिभाषाले काव्यको कलात्मक उचाइलाई ध्यान दिनुका साथै आकारमा व्यापक नभए पनि भावमा गाम्भीर्य, उच्च भाव, भव्य र गरिमामय रचनाविधालाई महाकाव्यका रूपमा परिचित गराएको छ ।

## २.८ महाकाव्य सम्बन्धी पूर्वीय र पाश्चात्य मान्यताको समीक्षा

पूर्वमा भामह र पश्चिममा एरिष्टोटलका विचारहरू नै महाकाव्यसम्बन्धी चिन्तनपरम्परालाई अगाडि बढाउने प्रथम उद्गम विन्दु हुन् । यिनीहरूका विचारका उत्तरवर्तीहरूले चिन्तन मनन गर्दै महाकाव्य चिन्तनलाई वर्तमानसम्म ल्याइपुऱ्याएका छन् । पूर्वमा र पश्चिममा महाकाव्यलाई चिनाउने सन्दर्भमा आ-आफ्नै किसिमले परिभाषाहरू गरिएका छन् । यी दुवै थरीका विचारमा कतै समानता कतै असमानता देखिएका छन् । भामह र एरिष्टोटल दुवैले महान् चरित्रको वर्णन भएको परिष्कारपूर्ण र बोलीचालीको भन्दा ज्यादै भिन्न कलात्मक भाषामा रचना गरिएको एउटै मूल कथावस्तु भएको छन्दोबद्ध रचनालाई महाकाव्य मानेका छन् । पूर्वमा पञ्चसन्धिको आवश्यकतालाई अनिवार्य ठानिएको छ भने एरिष्टोटल त्रासदीमा हुने वस्तुसङ्गठनलाई महाकाव्यमा अपेक्षित ठान्दछन् सन्धिको अनिवार्यतालाई पूर्वमा विश्वनाथले पनि समर्थन जनाएका छन् ।

यसैगरी अन्य केही कुरामा पूर्व र पश्चिममा केही भिन्नता रहेको पाइन्छ । पूर्वमा महाकाव्यमा छन्दको विविधतालाई स्वीकार गरिएको छ, तर पश्चिममा केवल एक छन्द ( वीर छन्द) को अपेक्षा गरिएको छ । पूर्वमा श्रृङ्गार, शान्त र वीर रसमध्ये एक रसलाई महाकाव्यको अङ्गी रस मानिएको छ भने अन्य रसलाई अङ्ग रस मानिएको छ । पश्चिममा भने करुण रसलाई अङ्गी रसको मान्यता दिइएको छ । यसैगरी पूर्वमा महाकाव्यमा आदर्श विचारलाई मान्यता दिइएको छ र त्यसको अपेक्षा महाकाव्यमा गरिएको हुन्छ । तर पश्चिममा जीवन र जगत्को वास्तविकतालाई देखाउने दुःखान्तक र भौतिकतालाई प्रतिनिधित्व गर्ने विचारलाई महफ्व दिइएको छ । तुलनात्मक रूपमा हेर्दा पूर्वको महाकाव्य चिन्तनपरम्परा भामह देखि विश्वनाथसम्म आइपुग्दा जति विकसित भएको छ पश्चिममा त्यसको अभाव रहेको देखिन्छ । महाकाव्यात्मक विचारको स्थापनाको निम्ति यी दुवैको महफ्व उत्तिकै रहेको छ ।

पूर्व र पश्चिमको महाकाव्य चिन्तनलाई समेटेर महाकाव्यको परिभाषा गर्दा महाकाव्य गम्भीर कथानक बोकेको, उच्च नायकको चरित्रमा आधारित, युग, सभ्यता, समाज, संस्कृति तथा इतिहासका विविध पक्षहरूलाई समेटी लयात्मक तथा कलात्मक भाषाको प्रयोग भएको, पञ्चसन्धि समन्वित बृहत् आयामयुक्त गरिमामय आख्यानयुक्त सर्गबद्ध शाश्वत् कृति हो । महाकाव्य समसामयिक विधाका रूपमा पनि रहेको हुनाले यसलाई वर्तमानको सापेक्षतामा पनि परिभाषित गर्नु जरुरी हुन्छ ।

[२३] कृष्ण गौतम, पाश्चात्य महाकाव्य, ( काठमाडौँ: भुँडिपुराण प्रकाशन २०५५) पृ. ३ ।

## २.९ महाकाव्यको स्वरूप

माथि प्रस्तुत गरिएको महाकाव्यको परिचय र परिभाषाले महाकाव्य के हो ? भन्ने कुरालाई स्पष्ट पारेका छन् । त्यसैले ती कुरालाई समेटेर महाकाव्यको स्वरूपलाई केही बुँदाहरूमा निर्धारण गर्ने काम यहाँ गरिएको छ-

- महाकाव्य ज्यादै पुरानो विधा हो,
- महाकाव्य बृहत् आयाम भएको आख्यानात्मक कविता हो,
- महाकाव्यमा जीवनजगत्को बृहत् प्रस्तुति हुन्छ,
- महाकाव्य सर्गबद्ध रचना हो,
- महाकाव्य कलात्मक र आलङ्कारिक भाषामा रचित हुन्छ ।

## २.१० महाकाव्यका तत्त्व

कुनै पनि रचना निर्माण हुनका लागि साना ठूला अवयवहरूको आवश्यकता पर्दछ । महाकाव्यको निर्माणका लागि आवश्यक पर्ने घटकहरूलाई महाकाव्यका तत्त्व भनिन्छ । महाकाव्यभित्र आ-आफ्नो महत्त्वका आधारमा कुनै तत्त्व प्रमुख रूपमा रहेका हुन्छन् भने कुनै गौण भूमिकामा रहेका हुन्छन् । पूर्वीय र पाश्चात्य महाकाव्य चिन्तनका आधारमा यहाँ महाकाव्यका तत्त्वको खोजी गरिएको छ ।

### २.१०.१ पूर्वीय धारणा अनुसार महाकाव्यका तत्त्व

महाकाव्यलाई परिभाषित गर्ने क्रममा पूर्वीय आचार्य भामह[२४], दण्डी[२५], रुद्रट[२६], हेमचन्द[२७], विश्वनाथ[२८] आदिका आ-आफ्ना ग्रन्थहरूमा प्रस्तुत गरिएका महाकाव्य सम्बन्धी धारणाहरूका आधारमा कथानक, पात्र वा चरित्र, भाषाशैली, परिवेश, उद्देश्य, रस जस्ता तत्त्वहरुलाई महाकाव्यका तत्त्वहरू मानिएको पाइन्छ ।

### २.१०.२ पाश्चात्य धारणा अनुसार महाकाव्यका तत्त्व

पाश्चात्य महाकाव्य चिन्तक एरिष्टोटलले गीत र दृश्य विधान बाहेक अन्य संरचनागत तत्त्वहरू दुःखान्तक र महाकाव्यमा समान हुन्छन् ।[२९] यस भनाइका आधारमा पश्चिममा महाकाव्यका तत्त्व भनेर कथानक, पात्र वा चरित्र, पदरचना र विचार तत्त्वलाई लिइएको पाइन्छ ।

### २.१०.३ पूर्वीय र पाश्चात्य मान्यताको सापेक्षतामा महाकाव्यका तत्त्व

मूल रूपमा माथि प्रस्तुत गरिएका तत्त्वहरूमा सबैजसो काव्यचिन्तकका मान्यता समेटिने हुँनाले यिनै विचारलाई आधार मानेर महाकाव्यका आवश्यक तत्त्वहरू निर्माण गर्न सकिन्छ । पूर्वीय र पाश्चात्य दुबैतिरको मतलाई आधार मानेर हेर्दा महाकाव्यका तत्त्वहरू भनेर कथानक, पात्र वा चरित्र, परिवेश, उद्देश्य, शीर्षक चयन, भाषा शैलीय विन्यास, अलङ्कार, बिम्ब र प्रतीक, छन्द, गति र लय, कथनपद्धति, सर्गयोजना, आदिलाई लिएको पाइन्छ ।

---

[२४] भामह, **काव्यालङ्कार** पूर्ववत् ।
[२५] दण्डी, **काव्यादर्श** पूर्ववत् ।
[२६] रूद्रट, **काव्यालङ्कार** पूर्ववत् ।
[२७] हेमचन्द्र, **काव्यानुशासन** पूर्ववत् ।
[२८] विश्वनाथ, **साहित्य दर्पण** पूर्ववत् ।
[२९] **वासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १**, तृ.सं. (काठमाडौं : साझा प्रकाशन, २०५०) पृ. ८४ ।

## २.११ महाकाव्यको वर्गीकरण

नेपाली महाकाव्यको विकासलाई हेर्दा विभिन्न किसिमका धेरै महाकाव्यहरू रचना भएका छन् । महाकाव्यको यो रचनाक्रम निरन्तर चलि नै रहने देखिन्छ । यसरी निरन्तर रूपमा रचना भएका महाकाव्यलाई विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । महाकाव्य वर्गीकरणका प्रमुख आधारहरूमा विषयवस्तु, कथानक, शैली र विचार वा प्रवृत्ति पर्दछन् । यहाँ यिनै आधारमा महाकाव्यको वर्गीकरण गरिएको छ ।

### २.११.१ विषयवस्तुका आधारमा महाकाव्य

विषयको भिन्नताले महाकाव्यलाई पनि फरक बनाउने गर्दछ । विषयमा परिवर्तन भएमा समग्र काव्यको ढाँचा नै परिवर्तित हुन्छ । विषयवस्तुलाई आधार मान्दा महाकाव्य निम्न लिखित पाँच प्रकारका रहेका छन् -

#### २.११.१.१ ऐतिहासिक महाकाव्य

महाकाव्यको कथा इतिहास प्रसिद्ध हुने कुरा माथिको प्रसङ्गबाट पनि स्पष्ट भएको छ । इतिहासको कुनै कालखण्डमा घटित घटनालाई विषयवस्तु वनाएर रचना गरिएको महाकाव्यलाई ऐतिहासिक महाकाव्य भनिन्छ । यसमा महाकाव्यको विषयवस्तु इतिहासको घटनामा आधारित रहेको हुन्छ । नेपाली साहित्यमा ऐतिहासिक महाकाव्यको रूपमा भीमसेन थापा, युगनायक, विभूतिदर्पण जस्ता महाकाव्यहरू रचना गरिएका छन् ।

#### २.११.१.२ सामाजिक महाकाव्य

समाजमा रहेका विविध पक्ष (घटना, समस्या, संस्कार, परम्परा आदि) लाई विषय वनाएर रचना गरिएका महाकाव्यलाई सामाजिक महाकाव्य भनिन्छ । यस्ता महाकाव्यले समाजमा रहेका विविध घटना, समस्यालाई उठाएका हुन्छन् । सामाजिक महाकाव्यबाट समाजको स्वरूप संरचना सामाजिक संस्कार आदि विविध परिपाटीको ज्ञान गर्न सकिन्छ । नेपाली साहित्यमा सुलोचना, चिसो चुल्हो, मानव जस्ता महाकाव्य सामाजिक महाकाव्यका उदाहरण हुन् ।

#### २.११.१.३ दार्शनिक वा वैचारिक महाकाव्य

संसार रचनाका बारेका वा मानिस र जगत्को सिर्जनाका बारेमा प्रचलित विविध दर्शनहरूमध्ये कुनै एकलाई आधार बनाएर रचना गरिएका महाकाव्यलाई दार्शनिक महाकाव्य भनिन्छ । दर्शनको प्रबलता भएका यस्ता महाकाव्यमा विचारको प्रवाह हुने गर्दछ । यसैले दार्शनिक महाकाव्यलाई वैचारिक महाकाव्यका रूपमा पनि स्वीकार गरिएको छ । वैचारिक महाकाव्यमा विषयको गम्भीरताका कारण र तर्कको प्रस्तुतिका कारणले गर्दा केही अंशमा दुरूह र जटिल हुने गर्दछन् ।

### २.११.१.४ पौराणिक महाकाव्य

प्राचीन धर्मग्रन्थ, महाभारत, पुराण आदिमा उल्लेख भएका प्रसिद्ध कथालाई आत्मसात् गरी रचिएका महाकाव्यात्मक रचनाहरूलाई पौराणिक महाकाव्य भनिन्छ । यस्ता रचनाले पुराणको कथालाई कति पुरानै स्वरूपमा कि त नवीन तरिकामा प्रस्तुत गरेका हुन्छन् । नेपाली साहित्यमा पौराणिक महाकाव्यका रूपमा **देवासुर सङ्ग्राम, शाकुन्तल, कर्ण** आदि रहेका छन् ।

### २.११.१.५ प्रकृतिमूलक महाकाव्य

प्राकृतिक सिर्जनाको अपारतालाई स्रष्टाले आत्मसात् गर्दै प्रकृतिलाई नै मूल विषय बनाएर रचना गरिएका महाकाव्यलाई प्रकृतिमूलक महाकाव्य भनिन्छ । यस्ता महाकाव्यमा प्रकृतिका विविध रूपको प्रकटीकरण गरिएको हुन्छ । नेपाली साहित्यमा प्रकृतिलाई मूल विषय बनाएर रचना गरिएको महाकाव्यमा **वसन्त पल्लव, तरुण तपसी** आदि रहेका छन् ।

### २.११.२ .कथानकका आधारमा

कथानकका आधारमा पनि महाकाव्यको वर्गीकरण गर्न सकिन्छ । यस आधारमा कथामा घटनाको प्रमुखता रहेको छ कि पात्र वा चरित्रका प्रमुखता छ भन्ने विषयलाई मूल रूपमा हेरिन्छ । यस आधारमा चरित्र प्रधान र घटना प्रधान गरी महाकाव्यलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

### २.११.२.१ चरित्र प्रधान महाकाव्य

चरित्रलाई नै मूल स्थान दिएर रचना गरिएका महाकाव्यलाई चरित्र प्रधान महाकाव्य भनिन्छ । यस्ता महाकाव्यमा परिवेश र विषय चरित्रलाई प्रकाश पार्नका लागि उपयोग गरिन्छ । पात्रलाई नै मूल रूपमा महफ्व दिइएको हुन्छ । चरित्र प्रधान महाकाव्यलाई नाटकीय स्वरूपमा प्रस्तुत गर्नु छ भने घटना र चरित्र दुवैलाई साङ्गठनिक रूपमा मिलाएर प्रस्तुत गरिएको हुन्छ । नेपाली साहित्यमा चरित्रप्रधान महाकाव्यका रूपमा **रामयण, आदर्श राघव** आदिलाई लिन सकिन्छ ।

### २.११.२.२ घटना प्रधान महाकाव्य

पात्र वा चरित्रलाई भन्दा पनि घटनालाई मूल प्राथमिकता दिएर रचना गरिएका महाकाव्यलाई घटनाप्रधान महाकाव्य भनिन्छ । यस्ता महाकाव्यमा कथालाई घटनाले अगाडि बढाउने काम गरेको हुन्छ । एकपछि अर्को गर्दै घटनाहरू निरन्तर रूपमा प्रवाहित भइरहने हुनाले घटनाप्रधान महाकाव्य बढी आख्यानात्मक भएका हुन्छन् । नेपाली साहित्यमा घटनाप्रधान महाकाव्यको राम्रो उदाहरण **देवासुर सङ्ग्राम** हो ।

### २.११.३ शैलीका आधारमा महाकाव्यका प्रकार

शैली अभिव्यक्तिको तरिका हो । यस आधारमा पनि महाकाव्यलाई वर्गीकरण गर्न सकिन्छ । महाकाव्यकारले कस्तो कथनढाँचालाई अँगालेर महाकाव्यको रचना गरेको छ त्यस आधारलाई महाकाव्यको शैली भनिन्छ । यो मूल रूपमा तिन प्रकारको हुन्छ । कविप्रौढोक्ति, कविनिवद्धवतृप्रौढोक्ति र मिश्रित यिनका बारेमा यहाँ चर्चा गरिएको छ ।

### २.११.३.१ कविप्रौढोक्ति

यस्तो खालको महाकाव्यमा महाकाव्यकारले आफ्नो विचार वा अभिव्यक्तिलाई प्रथम पुरूषको कथनढाँचामा प्रस्तुत गरेको हुन्छ । महाकाव्यको कथयिता व्यक्ति प्रथम पुरूष हुने भएकाले यस्ता महाकाव्यमा प्रमुख प्रस्तोताका माध्यमबाट काव्यमा हुन्छ । वैयक्तिक अनुभूतिले सजिएको महाकाव्य कविप्रौढोक्ति शैलीको महाकाव्य हो ।

### २.११.३.२ विनिवद्धवक्तृप्रौढोक्ति

यस्ता महाकाव्यमा महाकाव्यकारले आफ्नो सम्पूर्ण विचार वा अभिव्यक्तिहरूलाई सोझै प्रथम पुरुषका माध्यमबाट नभएर अन्य पात्रका सहायतामा सम्प्रेषणीय बनाएको हुन्छ । स्रष्टाले आफ्नो विचारलाई पात्र वा चरित्रका माध्यमबाट प्रस्तुत गर्ने भएकोले यस्ता महाकाव्यलाई कविनिबद्धवक्तृप्रौढोक्ति शैलीका महाकाव्य भनिन्छ ।

### २.११.३.३ मिश्रित

महाकाव्यमा कविका विचार कतै पात्रका माध्यमबाट त कतै स्रष्टा स्वयंबाट प्रस्तुत भएमा मिश्रित शैलीका महाकाव्यको निर्माण हुन पुग्दछ । यसरी कवि र पात्रको साझा अभिव्यक्ति भएका महाकाव्यात्मक रचनाहरू शैलीका आधारमा मिश्रित शैलीका महाकाव्य हुन् ।

### २.११.४ विचार वा प्रवृत्तिका आधारमा

महाकाव्यमा के कस्ता विचारको प्रकटीकरण भएको छ त्यस आधारमा पनि महाकाव्यको वर्गीकरण गर्न सकिन्छ । यस आधारमा महाकाव्यलाई स्वच्छन्दतावादी महाकाव्य, परिष्कारवादी महाकाव्य, प्रगतिवादी महाकाव्य, प्रयोगवादी महाकाव्य गरी विभाजन गर्न सकिन्छ । यिनीहरूको बारेमा सामान्य रूपमा यहाँ चर्चा गरिएको छ ।

### २.११.४.१ स्वच्छन्दतावादी महाकाव्य

महाकाव्य सम्बन्धी प्रचलित नियम, सिद्धान्त, शास्त्रीय परिधिको अनुशासनमा नअल्मलिई माानवीय जीवनजगत्का विविध पक्षहरू स्वतन्त्र विचार, प्रकृतिप्रेम र मानवतावादलाई आत्मसात् गरी रचना गरिएका महाकाव्य स्वच्छन्दतावादी महाकाव्य हुन् । यस्ता महाकाव्यमा महाकाव्यकारको कल्पनाको उडान रहने  गर्दछ । भावलाई समेट्नको लागि भाषा, व्याकरण र नियम अनुशासनको पालना यस्ता काव्यमा भएको  हुँदैन । स्वच्छन्दतावादी महाकाव्यमा आत्मपरक रूपमा मानव समुदायका प्रेम, अनुराग, सौन्दर्य, दया, आशा, इच्छा आदिको उन्मुक्त प्रस्तुति गरिएको हुन्छ । नेपालीमा देवकोटाको **शाकुन्तल** महाकाव्य स्वच्छन्दतावादी महाकाव्य हो ।

### २.११.४.२ परिष्कारवादी महाकाव्य

परिष्कारवादलाई अर्को अर्थमा शास्त्रीयतावाद पनि भनिन्छ । शास्त्रीय नियम अनुशासनमा रही महाकाव्यमा आवश्यक पर्ने नायक परिवेश भाषिक चयन, आदि कुरालाई ख्याल गरी रचना गरिएका महाकाव्यलाई परिष्कारवादी महाकाव्य भनिन्छ । यस्ता महाकाव्यमा भाषामा, परिवेशमा, पात्रचयनमा बारम्बार परिष्कार र परिमार्जन गरिएको हुन्छ । परिष्कारवादी महाकाव्यलाई महाकाव्यको नियम र अनुशासनको घेरामा रहेर रचिएको काव्य पनि भनिन्छ । नेपाली साहित्यका **आदर्श राघव** परिष्कारवादी महाकाव्य हो ।

### २.११.४.३ प्रगतिवादी महाकाव्य

समाजमा विद्यमान आर्थिक असमानता, वर्गीय संरचना आदिका कारणबाट उत्पन्न हुने निम्नवर्गमाथिको शोषण, अन्याय, अत्याचार, हेला, उपेक्षा आदि भेदभावपूर्ण विचारको वा सामाजिक कुसंस्कारको अन्त्य हुनुपर्ने धारणाको प्रस्तुति भएका महाकाव्यहरू प्रगतिवादी महाकाव्यका रूपमा रहेका हुन्छन् । प्रगतिवादी महाकाव्यले मूल रूपमा भौतिक द्वन्द्वलाई जोड दिएका हुन्छन् । यस्ता महाकाव्यले समतामूलक वर्गहीन समाज निर्माणको आग्रह गर्दछन् । नेपालीमा मोदनाथ प्रश्रितको **मानव** महाकाव्यलाई प्रगतिवादी महाकाव्यका रूपमा लिन सकिन्छ ।

### २.११.४.४ प्रयोगवादी महाकाव्य

द्वितीय विश्वयुद्धपछि मानव सभ्यतामा भित्रिएका निराशा निरथर्कता, आदि कुरालाई देखाएर रचना भएका महाकाव्यलाई प्रयोगवादी महाकाव्य भनिन्छ । परम्परित काव्यनिर्माणको अवस्थालाई परिवर्तन गरी नवीन शिल्पमा काव्यको रचना गर्ने परिपाटी अनुरूप सिर्जना भएका महाकाव्यहरू यस भित्र पर्दछन् । साहित्यलाई प्रयोगका रूपमा लिई सोही अनुरूप काव्यको रचना गर्ने परिपाटी नै प्रयोगवादी काव्य रचना हो । परम्परित नियममा नभई नयाँ प्रयोगमा रचना भएका महाकाव्यहरू प्रयोगवादी महाकाव्य हुन् । नेपालीमा जगदीश समशेर राणाको **नरसिंह अवतार** र गोपाल पराजुलीका **देशमाथि आलेख** यस्ता महाकाव्यका उदाहरण हुन् ।

### २.११.४.५ महाकाव्यको विकासको पूर्वीय पाश्चात्य सन्दर्भ

धेरै पहिले महाकाव्यले विभिन्न स्थान, समय, सामाजिक परिस्थिति र परम्परा अनुसार मौखिक रूपमा निरन्तर अगाडि बढेको पाइन्छ । लेखनको विकास नभएका कारणले यस विधाले मौखिक रूममा नै आफूलाई जोगाइराखेको थियो । त्यसैले महाकाव्य इतिहासका मौखिक परम्पराका रूपमा आफ्नो परिचय बनाउन सफल रहेको थियो । संस्कृतको वैदिक युगमा यो परम्परा जीवित रहेको थियो भन्ने कुरा इतिहासबाट प्रमाणित हुन्छ । जब लेखनको विकास भयो महाकाव्यले वैदिक युगको अन्त्यसँगै लिखित स्वरूप प्राप्त गर्‍यो । लिखित परम्परामा महाकाव्यको प्रवेशसँगै यसमा समय समयमा विभिन्न मान्यताहरू पनि थपिदै गए । यिनै मान्यताका आधारमा महाकाव्यलाई विश्वसाहित्यमा विविध धारा र उपधारामा विभाजन गरेर अध्ययन गर्न थालिएको छ । पूर्वीय काव्यचिन्तन परम्परामा महाकाव्यलाई तीन चरणमा विभाजन गरेर अध्ययन गरेको पाइन्छ । यस आधारमा महाकाव्यका विकासको अवस्थालाई यसरी देखाइएको छ-

प्रथम चरण : आर्ष महाकाव्य काल (ई.पू.६०० देखि ई.पू. १०००सम्म)
द्वितीय चरण : कलात्मक महाकाव्य काल (ई.पू. ५०० देखि इसाको चौँथो शताब्दीसम्म)
तृतीय चरण : विचित्र मार्गी काव्य रचनाकाल (ईसाको चौँथो शताब्दी देखि बाह्रौ शताब्दीसम्म)
चतुर्थ चरण : ह्रासोन्मुख काल (बाह्रौँ शताब्दीदेखि हालसम्म)

संस्कृत वैदिक युग (४५००-८००ई.पू.) पछि लोकिक महाकाव्य युग (ई.पू. ८००-ई. ८००सम्म) को आरम्भ भएको मानिन्छ । यस समयमा महाकाव्य लिखित रूपमा प्रवेश गरेको छ ।[३०] महाकाव्यको आरम्भ वैदिक युगमा भए तापनि लौकिक युगमा आएर मात्र

[३०] गोपीकृष्ण शर्मा, **संस्कृत साहित्यको रूपरेखा,** (काठमाडौंः अभिनव प्रकाशन, २०५३), पृ. १० ।

आचार्य वाल्मीकि ऋषिले **रामायण** महाकाव्य पूरा गरेका हुन् । दैवी मानवीय, अर्धमानवीय, वीरगाथा, प्रेम गाथा र ऋषिगाथा जस्ता विविध गाथाचक्रलाई समेटेर (ई.पू. ५००-६००तिर) रचना गरिएको यो कृति नै संस्कृतको पहिलो मौलिक उपजीव्य महाकाव्य ग्रन्थ हो । पूर्वीय साहित्यमा यसैलाई हालसम्मको पहिलो लौकिक महाकाव्यका रूपमा लिइएको छ । ऋषिद्वारा रचित भएका कारणले यसले आर्ष महाकाव्यका रूपमा ख्याति पनि कमाएको छ । यसै समयमा व्यासको **महाभारत** पनि रचना भएको छ । महर्षि व्यासद्वारा रचिएको यो महाकाव्य पनि आर्ष महाकाव्यका रूपमा परिचित रहेको छ । यी दुबै महाकाव्यमा महाकाव्यका आदर्शलाई नसमेटिएको हुनाले यी रचनाहरू पछि मात्र महाकाव्यको लेखन क्रम थालिएको हो भन्न सकिन्छ । यस समयमा आदर्श काव्यका रचयिता ऋषिहरूमात्र भएकाले यस काललाई आर्ष महाकाव्य काल भनिएको पाइन्छ । यस अवधिमा सङ्ख्यात्मक रूपमा महाकाव्यको रचना हुन नसके पनि गुणात्मक रूपमा महाकाव्यको रचना भएको छ ।

महाकाव्य लेखनको दोस्रो चरण (ई.पू. ५०० देखि ईसाको चौँथो शताब्दीसम्म) कालीदास र अश्वघोषले नेतृत्व गरेको समयलाई लिइन्छ । यसै समयमा आएर महाकाव्यका आदर्शको स्थापना गरी ललित महाकाव्य रचनाको थालनी भएको पाइन्छ । यो समय पूर्वीय महाकाव्यको विकास कालका रूपमा परिचित भएको समय हो । यस समयमा ललित महाकाव्यकृतिको रचना भएको छ ।

यसपछि पूर्वीय महाकाव्य लेखन विचित्रमार्गी परम्परामा प्रवेश गरेको छ । यो समय महाकाव्य विकासको तेस्रो चरण (इसाको चौँथो शताब्दी देखि बाह्रौ शताब्दीसम्म) हो । यस समयका महाकाव्यकारहरूमा माघ, श्रीहर्ष, भारवी, हुन् । यिनीहरूले विद्वता र शास्त्रीयतापूर्ण महाकाव्यको रचना गरेका छन् । भावको गाम्भीर्यका कारणले संस्कृत भाषाको गरिमालाई अझ उच्चतामा पुऱ्याउने काम उनीहरूका महाकाव्यले गरेका छन् । यस समयका महाकाव्यमा चरम कालीगढी देखिन थालेकाले महाकाव्य जटिलतातर्फ अग्रसर भएको छ ।

बाह्रौं शताब्दीपछि पूर्वीय साहित्यमा महाकाव्यको रचना भए पनि त्यति उत्कृष्ट र युगान्तकारी महाकाव्यको रचना भने भएको छैन । पहिलो चरणका तुलनामा यस समयका महाकाव्य गुणात्मक रूपले न्युन बन्दै गएका छन् । यसैले पुर्वीय महाकाव्यको यस समयलाई  ह्रासोन्मुख कालका रूपमा चिनाइएको छ ।

पूर्वमा आर्ष महाकाव्यबाट महाकाव्य लिखित रूपमा प्रवेश गरे झै पश्चिममा महाकाव्य विधाको आरम्भ विकासशील महाकाव्य बाट भएको मान्निछ । पूर्वमा वाल्मीकि र व्यासका रामायण र महाभारत तथा पश्चिममा होमरका **इलियट** र **ओडिसी** जस्ता महाकाव्य नै विश्व साहित्यमा आदि महाकाव्यका रूपमा परिचित रहेका छन् । हालसम्म थाहा भएका यिनै महाकाव्यको उपजीव्यतामा पूर्वीय र पाश्चात्य साहित्यमा महाकाव्यको विकास अहिलेसम्म पनि भइ नै रहेको छ ।

## २.१२ नेपाली महाकाव्यको विकास प्रक्रिया

### २.१२.१ पृष्ठभूमि

नेपाली महाकाव्यको विकासको पृष्ठभूमिका रूपमा नेपाली कविता विधा रहेकाले कविता विधाका सापेक्षतामा महाकाव्यको विकास प्रक्रियालाई देखाउनु स्वाभाविक हुन्छ । नेपाली कविताको विकासका बारेका अधिकांश विद्वान्हरू सहमत भए अनुसार नेपाली कविताको आरम्भ सुवानन्द दासका वीर भावनाले भरिएका कविताबाट भएको हो । करिब साढे दुई सय वर्षअधिको यस कालदेखि वर्तमानसम्म पनि कविता विधाको विकास निरन्तर रूपमा

भइ नै रहेको छ । दयाराम श्रेष्ठ र मोहनराज शर्माका अनुसार विभिन्न मोड र उपमोडमा विकास हुँदै आएको नेपाली कविता विकासक्रम निम्नानुसार रहेको छ-

(१) आदि वा वीरगाथा काल (वि.सं.१८०१- वि.सं.१८७२),

(२) पूर्वमध्य वा भक्ति काल (वि.सं.१८७३- वि.सं.१९३९),

(३) प्राक् आधुनिक वा नव्यकाल (वि.सं. १९४०- वि.सं.१९७४),

(४) आधुनिक काल ( वि.सं.२००८ हालसम्म) ।[३१]

नेपाली महाकाव्य लेखनका हिसाबले नेपाली कविताको आदि वा वीरगाथाकाल नै यस विधाको सुरूवात कालका रूपमा रहेको छ । यसै समयमा पं. उदयानन्द अर्ज्यालले पृथ्वीन्द्र महाकाव्यको रचना गरिसकेको पाइन्छ । यसैगरी नेपाली कविताको अर्को वर्गीकरण अनुसार नेपाली कवितालाई निम्नानुसार विभाजन गरिएको छ-

(१) प्राथमिक काल (वि.सं.१८२६- वि.सं.१९४०)

(२) माध्यामिक काल (वि.सं. १९४१- वि.सं. १९७४)

(३) आधुनिकाल (वि.सं. १९७५-हालसम्म)

(क) पूवार्द्ध (वि.सं. १९७५- वि.सं. २०१६)

(ख) उत्तरार्द्ध (वि.सं.२०१७ देखि हालसम्म) ।[३२]

कविताको यस वर्गीकरणमा देखिएको प्राथमिक कालमा नेपाली महाकाव्य लेखन तथा प्रकाशन आरम्भ भएको पाइन्छ । यस भन्दा पहिले नै रचना भएको **पृथ्वीन्द्रोदय** महाकाव्य लेखिएको भए तापनि प्रकाशित भने हुन पाएको थिएन । यस महाकाव्यले २०६८ मा आएर मात्र प्रज्ञाबाट प्रकाशित हुने मौका पाएको छ । यस समयमा आएर भक्ति धाराका कवि भानुभक्त आचार्यले रामायण महाकाव्यको रचना गरे । हुन त यो महाकाव्य वाल्मीकि रामायणको अनुवाद थियो तर महाकविको प्रशस्त मौलिकता यस काव्यमा समावेश भएको पाइन्छ । कविताका मझौला रूप खण्डकाव्यसम्मका रचनाको विकास भएको यस समयमा भानुभक्तको रामायण नेपाली महाकाव्यको प्रथम प्रकाशित कृति हो ।

नेपाली महाकाव्यको सुरुवात भएको यो समय महाकाव्यको गुणात्मकता भन्दा पनि महाकाव्यको विधागत जन्मका हिसाबले ज्यादै महफ्वपूर्ण रहेको छ । महाकाव्यका आदर्श र मूल्यमान्यताका आधारमा भन्दा पनि भानुभक्तको रामायणलाई नेपाली महाकाव्यको पूर्खाका रूपमा लिनु पर्ने हुन्छ । नेपाली महाकाव्यमा यसले ओगटेको स्थानलाई निम्नलिखित विचारहरूले स्पष्ट पारेका छन्-

भानुभक्त अनुवादक हुन्, तापनि नेपाली काव्यको मुहान पहिलोपटक उनलेनै खोलेका हुन्, नेपाली काव्यकारका पंक्तिमा उनको स्थान पहिलो नै रहन्छ । नेपाली वाग्व्यवहारको वाग्द्वार र नेपाली भाषाको साहित्यिक स्वरूप एवं सम्मान दर्शाउन भानुभक्त काव्य धरातलमा ओर्लेका हुन् ।[३३]

भानुभक्तको रामायण पहिलो नेपाली महाकाव्य हो । शैली र रचनागत सामान्य परिवर्तन बाहेक भानुभक्त अनुवादक हुन् । स्वभावतः उनले मौलिक महाकाव्यको तर्जुमा गर्न चाहेका होइनन् ।[३४]

नेपाली कविताको विकासका क्रममा माध्यमिक कालमा कविताका मध्यम रूप खण्डकाव्य र बृहत् रूप महाकाव्यका धेरै रचनाहरू प्रकाशित भएका छन् । तर

---

[३१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** (काठमाडौं : साझा प्रकाशन २०४०) पृ. २९ ।

[३२] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत् पृ.१०१-१०५ ।

[३३] राममणि रिसाल, **नेपाली काव्य र कवि**, काठमाडौा : साझा प्रकाशन ), पृ. ३५ ।

[३४] वासुदेव त्रिपाठी, ॅमहाकाव्य बुढो पुरानो विधा’ प्रज्ञा २०२७, वर्ष १, अङ्क १ । पृ....।

महाकाव्यात्मक गुण भन्दा पनि आख्यान विस्तारका कारणले ती कृतिहरूले महाकाव्यको स्वरूप लिएका छन् । संस्कृत भाषाबाट अनूदित भएका महाकाव्यात्मक गुणका हिसाबले कमजोर भएका यी कृतिहरू भानुभक्तीय रामायणभन्दा निकै भद्दा खालका हुन पुगेका छन् । यही कारणले गर्दा मौलिक महाकाव्यको रचना यस चरणमा हुन सकेको छैन ।

नेपाली कविताको विकासको आधुनिक कालमा आएर केही मौलिक महाकाव्य लेखनका प्रयासहरू भएका छन् । नेपाली कविताको पूवार्द्धमै आचार्य सोमनाथ सिग्द्यालले वि.सं. १९७६-७८ तिर रचना गरेको **चन्द्रचरित** महाकाव्यलाई मौलिक महाकाव्य लेखन प्रयासका रूपमा लिइएको छ ।[३५] तर विशेष कारणवश यो महाकाव्यको प्रकाशन हुन भने सकेन । यस्तै १९७३-७४ सालमा बालकृष्ण समले पनि **एक प्रभात स्मरण** नामको महाकाव्य लेख्न थाले तर त्यो पनि प्रकाशन र पूर्ण हुन नसकी एक दुई सर्गमा नै सीमित हुन पुग्यो ।[३६] प्रकाशन भएर पाठकका माझमा नआएका हुनाले यी कृतिलाई मौलिक महाकाव्य रचनाका प्रयासका रूपमा मात्र लिइएको हो । यसैगरी देवीदत्त पराजुली ले वि.सं. १९९२-९८ सम्म ६ वर्ष लगाएर **कविता गुच्छहार** रचना गरे । यसलाई नेपाली भाषा प्रकाशिनी समितिले मौलिक महाकाव्यका रूपमा यसरी चिनाएको पाइन्छ-

यिनले मेहनत गरी तयार पारेको यो कविता **गुच्छहार महाकाव्य** चढाउन ल्याएकोमा समिति निज पण्डितजीलाई उचित पुरस्कार सहित धन्यवाद दिन्छ ।

यस भनाइबाट यो काव्य महाकाव्य ठहरिए पनि महाकाव्यका लक्षणसूत्रका आधारमा हेर्ने हो भने यो महाकाव्य अनुकूलको कृतिका रूपमा देखिँदैन । यसलाई केबल कविता सङ्ग्रहका रूपमा मात्र स्वीकार गर्न सक्ने अवस्था रहेको छ ।

यसैगरी आधुनिक कालको उत्तरार्द्धमा आएर पनि मौलिक नेपाली महाकाव्य लेखनका प्रयासहरू भएका छन् । लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) ले वि.सं.२००० मा सुषमालोचन महाकाव्य रचना गर्न थालेको कुरा सूचना प्राप्त गर्न सकिन्छ । यो महाकाव्य पूर्ण नभइ आंशिक रूपमा नै प्रकाशित हुन्छ ।[३७] नेपाली महाकाव्य रचनाको यही शून्यतालाई ख्याल गरी नेपाली महाकाव्यको अभावपूर्तिलाई मात्र उद्देश्य बनाएर २००२ लक्ष्मीप्रसाद देवकोटाले शाकुन्तल महाकाव्य लेखेर प्रकाशित गराए । देवकोटाले शाकुन्तल महाकाव्य लेख्ने प्रेरणा कवि माधव घिमिरेबाट लिएका थिए । तर घिमिरेले लेख्न थालेको **गोविन्द** महाकाव्य अप्रकाशित नै रहँदा उनको महाकाव्य लेखनको यात्रा वर्तमानसम्म आइपुग्दा पनि पूरा हुन सकेको छैन । यसै समयपछि देवकोटाको महाकाव्य लेखन यात्रा निकै फराकिलो बनेर गएको छ । परम्परागत कथावस्तुलाई प्रशस्त मौलिकताले भरेर नेपाली परिवेशमा युगलाई समेटेर **शाकुन्तल** महाकाव्य रचना भएको छ । नेपाली महाकाव्यको भूमिनै मरूभूमि जस्तो रहेको त्यस समयमा पहिलोपल्ट महाकाव्य गङ्गा अवतरण भएकोले यसले नेपाली महाकाव्यका क्षेत्रमा रहेको अभावपूर्ति र उत्तरवर्ती महाकविलाई प्रेरणा पनि एकै साथ प्रदान गरेको छ । नेपाली महाकाव्यको विकासका क्रममा आएको **शाकुन्तल** महाकाव्यका बारेमा भएका केही टिप्पणीले पहिलो मौलिक र आधुनिक महाकाव्यको जग बनाउन के सहयोग गरेको छ भन्न कुरा स्पष्ट हुन्छ-

[३५] नरहरि आचार्य, **पण्डितराज रोमनाथ र उनका महाकाव्य साधना**, (काठमाडौा : पण्तिराज सोमनाथ शतवार्षिकी समारोह समिति, २०४१) पृ. ८९ ।

[३६] बालकृष्ण सम, **चिसो चुल्हो** ( काठमाडौा : साझा प्रकाशन, २०१५) भूमिकाबाट ।

[३७] **लक्ष्मीप्रसाद देवकोटा, सुषमालोचन, शारदा** वि.सं.२००, पर्ष ९ अङ्क ८ ।

**शाकुन्तल** देवकोटाको पहिलो पूर्ण महाकाव्य हो भने समग्र नेपाली साहित्यमा यो भानुभक्त आचार्यको **रामायण** पछिको दोस्रो महाकाव्यका रूपमा देखा पर्छ तथापि मौलिकताका दृष्टिले चाहिँ यो नेपाली साहित्यको पहिलो महाकाव्य ठहर्छ ।[३८]

**शाकुन्तल**पछि देवकोटाको **सुलोचना** महाकाव्य वि.सं. २००३ सालमा प्रकाशित भएको छ । यसपछि नेपाली महाकाव्यमा सोमनाथ सिग्द्याल **आदर्श राघव** (२००५) लेखनाथ पौड्याल महाकाव्य समकक्षी कृति **तरूण तपसी** (२०१०) बालकृष्ण सम **चिसो चुल्हो** (२०१५) जस्ता आधुनिक र कालजयी कृतिका साथ देखा परेका छन् । **शाकुन्तल** र **सुलोचना** महाकाव्यको लेखनपछि पनि देवकोटाले **महाराणाप्रताप, वनकुसुम, पृथ्वीराज चौहान** र **प्रमिथस** जस्ता महाकाव्यको रचना गरेका छन् । २००२ साल देखि २००७ सालसम्म ५ वर्षको बिचमा ६ वटा महाकाव्य लेखी आफ्नो आशुलेखन प्रतिभाको परिचय देवकोटाले दिएका छन् । हालसम्मकै नेपाली महाकाव्यको इतिहासका सङ्ख्यात्मक र गुणात्मक हिसाबले लक्ष्मीप्रसाद देवकोटाका महाकाव्य नै उत्कृष्ट स्थानमा रहेका छन् र नेपाली महाकाव्यलाई मूल्यवत्ता प्रदान गरिरहेका छन् ।

आधुनिक नेपाली महाकाव्य विधामा महत्तम उपलब्दीका रूपमा रहेको २००२-१५ साल सम्मको समयलाई नै नेपाली महाकाव्यको उत्कर्ष कालका रूपमा लिइन्छ । आधुनिक महाकाव्यको यस अवधिमा देखा परेका **शाकुन्तल** (२००२) **सुलोचना** (२००३), **महाराणाप्रताप** (२००३), **वनकुसुम** (२००३), **पृथ्वीराज चौहान** (२००२-३) **प्रमिथस** (२००७-१०) **तरुण तपसी** (२०१०), **आदर्श राघव** (२००५) **चिसो चुल्हो** (२०१५) नौ वटा महाकाव्य मध्ये ६ वटा महाकाव्य देवकोटाका मात्रै रहेका छन् भने बाँकी तीन वटा अन्य तीन जना महाकाव्यकारका रहेका छन् । यसरी देवकोटाले नेपाली महाकाव्यलाई उत्कर्षमा पुऱ्याएका छन् । उनको अवसानपछि नेपाली महाकाव्यको उत्कर्ष कालखण्ड नै समाप्त भएको छ ।

नेपाली कविताको आधुनिक कालको उत्तरवर्ती चरणमा महाकाव्य सिर्जना निकै कमजोर रूपमा अगाडि बढेको छ । नेपाली महाकाव्यको विकास क्रमलाई हेर्ने हो भने वि.सं. २०१७ सालपछि निम्नानुसारका महाकाव्यकारका महाकाव्य कृतिहरू प्रकाशित भएका छन् - कृष्णप्रसाद धिमिरे **देश नरेश** (२०१७), **राष्ट्रिय चरित्र** (२०१७), गोविन्दप्रसाद भट्टराई **पृथ्वीमहेन्द्र** (२०१९),मोदनाथ प्रश्रित **मानव** (२०२३), **देवासुर सङ्ग्राम** २०३०, गुणराज उपाध्याय **श्रीकृष्ण सन्देश** (२०२९), **भरतमिलन** (२०२९) नीरविक्रम प्यासी **दवला** (२०३५), मोदनाथ शास्त्री **भानु** (२०२४), **गणेशमान** (२०५८) हरिहर शास्त्री **उषाविनोद**, **रम्भा**, **घाम झुल्कियो**, देवकान्त पन्थ **सीतास्वयंवर** उमानाथ शास्त्री सिन्धुलीय **मकवानी बाला** (२०३५), श्रीहरि फुयाल **आँसुको सङ्ग्राम** (२०३६), गणेश बहादुर खत्री **चमेलीचन्द्र** (२०३७), तुलसी राम कश्यप **जन्मभूमि** (२०४३), **आमा** (२०४५), **मन्थन** (२०५०), बसन्तकुमार नेपाल **विप्रलम्भ** (२०४४), वनकुमार खनाल **रामदास** (२०४५), **मा** (२०४५), **बिम्बप्रतिविम्ब** (२०४५), **स्वदेशी सुमन** (२०४५), गौरीशङ्कर अधिकारी **आर्यावर्त** (२०५१) चन्द्रप्रकाश ढुङ्गाना **भीमयात्रा** (२०४७), भानुभक्त पोखरेल **मृत्युञ्जय** (२०४७), **जागृतिराग** (२०५६), रमानाथ खनाल **प्रजातन्त्रोदय** (२०४८) **पाण्डु** (२०४९), शैलेन्दु प्रकाश नेपाल **जुनू** (२०४८), काशिनाथ मिश्रित **दुर्भाग्य** (२०६४), **अनामिका** (२०५६), रमेश खकुरेल **सरिता नानी** (२०४९), **स्रग्धरा** (२०५९), गोपीकृष्ण अधिकारी **गङ्गा** (२०५५), मदनदे भट्टराई **जीवनस्मृति** (२०५२), पूर्णप्रकाश नेपाल यात्री **वसन्तपल्लव** (२०५५), **सिजापतीवाला** (२०५७), **सिद्धिचरण सञ्चारण** (२०६०), ओमवीरसिंह वस्न्यात **पासाङ्ग ह्लामु** (२०५४), पूर्णानन्द भट्ट

[३८] कुमार बहादुर जोशी, **देवकोटा र उनका महाकाव्य,** (काठमाडौं: साझा प्रकाशन, २०५२), पृ. १७७ ।

**शान्तिविज्ञान** (२०५३), **सेवा सैनिक झपट** (२०५६), **पृथ्वी** (२०५८), भुवनहरि सिग्देल **धरणीधर** (२०५५), **मेनका** (२०५६), रमेशचन्द्र अधिकारी **पदम्दुर्गा** (२०५५) **सीतायन भाग १ २, ३, ४, ५, ६, ७, ८ ९**..... निरन्तर प्रकाशित, तारिणीप्रसाद कोइराला **नैनी** अपूर्ण (२०५६), नारायण प्रसाद उपाध्याय **त्रिजन्मा** (२०५६), नरेन्द्र पराशर **गौरीशङ्कर** (२०५८), गोविन्द प्रसाद घिमिरे **युगानायक** (२०५८), **मृत्युचक्र** (२०६०), **प्रेरणा** (२०६०), कुलचन्द्र कोइराला **भीमसेन थापा** (२०५९), भक्तबहादुर बलायर **राइमती** (२०५९), बूनु लामिछाने **याचना** (२०६०), सदानन्द अभागी **तीन युग एक कथा** (२०६०), माधव वियोगी **छन्दशिरोमणि** (२०६०), **धर्मराज** (२०६१), **जगदम्बा** (२०६२), छविराम उपाध्याय **देवकोटा** (२०६०), नारायाण प्रसाद शर्मा **गुरूगौरव** (२०६२), खेमराज ओझा **हिमशिखर** (२०६३), निलकण्ठ न्यौपाने **महामानव** (२०६३), काशीनाथ न्यौपाने **विरजा** (२०६३), मोहन दुखुन **मन्दाकिनी** (२०४१), चन्दप्रसाद न्यौपाने **सौल्मु** (२०५३)? **प्रत्याघात** (२०५५), **सिमाना** (२०५८), **गौतमबुद्ध** (२०५९), **सिपाही म**, रामप्रसाद ज्ञवाली **आँसीका फूलहरू** (२०५३), भीष्मराज प्रसाइँ **आत्मसमर्पण** (२०५५), पोषराज दाहाल **शहीदगाथा** (२०५७), ऋषिराम न्यौपाने **पुष्पाञ्जली** (२०५७), जगदीशसमशेर राणा **नरसिंह अवतार** (२०३७), वासुदेव त्रिपाठी **राजकुमारी वासवदत्ता**, ठाकुरप्रसाद आचार्य **यात्रा** (२०६३), नवराज लम्साल **कर्ण** (२०६४), मोहन कोइराला **नीलो मह** (२०४१), गोपाल पराजुली **पृथिवीमाथि आलेख** (२०४६), **हिमालमाथि आलेख** (२०५३), **देशमाथि आलेख** (२०५५), **शब्दशताब्दी** (२०५७), **समयको प्रस्थान** (२०५८) **नयाँ ईश्वरको घोषणा** (२०६०) आदि महाकाव्यहरू प्रकाशित भएका छन् ।[३९]

यसरी विकास भएको नेपाली महाकाव्यको यात्रालाई विभिन्न विद्वान्हरूले फरक फरक रूपमा चरण विभाजन गरेका छन् । समालोचक कृष्ण गौतम यसलाई देवकोटा युग देवकोटा र देवकोटा पश्चात युग गरेर विभाजन गरेका छन् ।[४०] उनका अनुसार नेपाली महाकाव्यलाई विभाजन गर्ने हो भने यसलाई देवकोटा पूर्व युग (भानुभक्तदेखि २००१ सम्म), देवकोटा युग २००२- १०१६ सम्म) र देवकोटा पश्चात युग २०१७- हालसम्म ) गरी विभाजन गर्दा राम्रो हुने देखिन्छ । नेपाली महाकाव्यको सङ्ख्यात्मक र गुणात्मकताको आधारलाई हेरेर विभाजन गर्ने हो भने नेपाली महाकाव्यको काल विभाजन यस्तो हुन जान्छ ।

पृष्ठभूमिकाल : आरम्भदेखि २००१ सम्मको समय

उत्कर्षकाल : २००२ देखि २०१६ साल सम्मको समय

निरन्तर काल : २०१७ पछि हालसम्मको समय

विभिन्न समयमा विकास भएका धारा उपधाराका आधारमा नेपाली महाकाव्यको काल विभाजन गर्ने हो भने नेपाली महाकाव्यको काल विभाजनको स्वरूप यस्तो हुन जान्छ-

परिष्कारवादी धारा : आदर्श राघव आदि

नव परिष्कारवादी धारा : तरूण तपसी, देवयानी आदि

स्वच्छन्दतावादी धारा : शाकुन्तल, सुलोचना, महाराणप्रताप, वनकुसुम आदि

स्वच्छन्दतावादी प्रगतिवादी धारा : प्रमिथस, दवला, मुत्युञ्जय आदि

प्रगतिवादी धारा : मानव, देवासुर सङ्ग्राम आदि

प्रयोगवादी धारा : नीलो मह, नरसिंह अवतार, चिसो चुल्हो आदि

उत्तरप्रयोगवादी धारा : हिमालमाथि आलेख, देशमाथि आलेख आदि

---

[३९] महादेव अवस्थी, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** (काठमाडौं: इन्टेलेक्चुअल्ज बुक प्यालेस २०६४), पृ. ५८-७३ ।

[४०] कृष्ण गौतम, **देवकोटाका प्रबन्ध काव्य** (काठमाडौं : इन्दु प्रकाशन २०४७) पृ. ३४८ ।

नेपाली महाकाव्यको उत्कर्षकाललाई छोडेर अन्य समयको मूल्याङ्कन गर्ने हो भने नेपाली महाकाव्य समयानुसार परिवर्तन हुँदै हालसम्म निरन्तर रूपमा विकास भएको छ । काव्यात्मक स्तरीयतालाई अवलोकन गर्ने हो भने नेपाली महाकाव्यको गुणात्मकता निरन्तर रूपमा झर्दै आएको छ । लक्ष्मीप्रसाद देवकोटाले नेपाली महाकाव्यको अभावलाई पूरा गर्ने उद्देश्य लिएर रचना गरेको **शाकुन्तल** र प्रतिस्पर्धामा तयार गरेको **सुलोचना** महाकाव्यका तुलनामा हालसम्म पनि नेपाली महाकाव्य परम्परामा कुनै कृतिको सिर्जना हुन नसक्नुले नेपाली महाकाव्यको स्तर साँच्चिकै तल झरिरहेको छ भन्ने कुरालाई पुष्टि गर्दछ । यही सत्यलाई आत्मसात् गरेर नेपाली साहित्यमा क्रमश हराउन लागेको महाकाव्य विधालाई हेर्ने हो भने आदिम समयमा साहित्यका अन्य विधाहरू माथि आफ्नो विजय जमाएर प्रायः एकच्छत्र अधिकार प्राप्त गरिसकेको युगवाही साहित्यिक विधा पनि आज अतीतको साहित्यिक उपलब्धी जस्स्तै जस्तै भइरहेको छ । भन्न सक्ने अवस्था सिर्जना हुने देखिन्छ ।

नेपाली महाकाव्य लेखनमा हालसम्म पनि जुन निरन्तरता आएको छ, त्यसको मूल श्रेय महाकवि लक्ष्मीप्रसाद देवकोटालाई दिन सकिन्छ । नेपाली महाकाव्यको आधुनिक गङ्गा अवतरण गर्ने भगिरथ प्रयास देवकोटाकै श्रमसाध्य प्रयत्नबाट सफल भएको सत्यलाई कसैले पनि नकार्न सक्दैन । त्यसै कारणले संस्कृत भाषामा महाकाव्य लेख्न सक्ने जो कोहीलाई महाकवि भन्न सकिने परम्परा भए पनि नेपाली साहित्यमा यस शब्दले काव्यमहारथी लक्ष्मीप्रसाद देवकोटा मात्र प्रसिद्ध रहेका छन् । नेपाली महाकाव्यको विकासमा देवकोटाको जुन मिहिनेत र लगन रहेको छ त्यसको लेखाजोखा अन्य महाकाव्यकारका तुलनामा हुन सक्दैन । नेपाली महाकाव्यको समग्र विकासको उत्कर्ष देवकोटाको काँधमा अडेको छ । त्यसैले नेपाली महाकाव्यको विकासक्रमका पर्यायका रूपमा देवकोटा नै रहेका छन् ।

परिच्छेद : तीन

# नेपाली महाकाव्य परम्पराका केही प्रतिनिधि महाकाव्यहरूको सर्वेक्षण :

## ३.१ प्रारम्भ :

नेपाली साहित्यमा नेपाली महाकाव्य लेखनको परम्परा सुदीर्घ छ । नेपाली साहित्यको प्राथमिककालबाट नै महाकाव्यलेखनको प्रयास भएको देखिन्छ । अर्थात् आदिकवि भानुभक्त आचार्यको 'रामायण'लाई आदि महाकाव्य मानेर अध्ययन गर्दा, त्यहाँदेखि आजसम्म सयौँको संख्यामा महाकाव्यहरू लेखि सकिएका छन् । यति हुँदाहुँदै पनि महाकाव्य मान्यताका दृष्टिले कलात्मक महाकाव्यका लागि भने आधुनिक काललाई नै कुर्नुपर्ने देखिन्छ । लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** (२००२) महाकाव्य नै महाकाव्य मान्यतासँग नजिक रहेको महाकाव्य ठहर्दछ । त्यसपछि पूर्वीय/ शास्त्रीय मान्यताको पूर्णतः पालना गरिएको महाकाव्य सोमनाथ सिग्देलको **आदर्शराघव** आदर्श महाकाव्यको कोटिमा पर्दछ । नवीनताका दृष्टिले लेखनाथ पौड्यालको **तरुणतपसी** र प्रयोग मूलताका दृष्टिले बालकृष्ण समको **चिसो चुह्लो** महाकाव्यको नेपाली महाकाव्य परम्परमा आफ्नै विशिष्ट पहिचान र स्थान छ । त्यसपछि थुप्रै महाकाव्यहरू लेखिएका भए पनि प्रस्तुत महाकाव्यकारका महाकाव्यहरूलाई प्रतिनिधि महाकाव्य मान्दै यहाँ तिनको संक्षिप्त विश्लेषण गरिन्छ ।

## ३.२ 'रामायण' महाकाव्य :

नेपाली साहित्यमा महाकाव्यको सुरुवात भानुभक्त आचार्यको **रामायण** बाट भएको देखिन्छ । अनुवाद र मौलिकताको दोसाँधमा रहेको तथा कवितात्मक उचाइ खास नभए तापनि मर्यादा पुरुषोत्तम श्रीरामको आदर्श चरित्रमा आधारित पौराणिक आख्यान प्रवाहित बनेको नेपाली कविताको प्राथमिक कालीन यस कृतिले नेपाली कविता साहित्यलाई कविताको लघुरूप र मध्यमरूप (फुटकर कविता र खण्डकाव्य)बाट उचालेर वृहतरूप महाकाव्यमा प्रतिष्ठापित बनाएको छ ।[१]

भानुभक्त आचार्यको रामायण अध्यात्मरामायणको भावानुवादका रूपमा प्रस्तुत छ । भानुभक्त अनुवादक हुन्, तापनि नेपाली काव्यको मुहान पहिलो पटक उनले नै खोलेका हुन् । नेपाली काव्यकारका पङ्तिमा उनको स्थान पहिलो नै रहन्छ । नेपाली वाग्व्यवहारको वाग्द्वार र नेपाली भाषाको साहित्कि स्वरूप एवम् मूल्य दर्साउन भानुभक्त काव्य धरातलमा ओर्लिएका हुन् । भानुभक्तले त्यतिबेला **रामायण** रचना नगरिदिएको भए हामीले नेपाली भाषाको विशाल काव्य–विस्तृति कहाँ देख्न पाउनु ? शिक्षा, उपदेश र धार्मिक संस्कारको दर्पण वा प्रतिपादक भानुभक्तीय रामायणलाई एक दृष्टिले वृहत जनकाव्यको थालनी मान्नुपर्दछ ।[२]

कवि भानुभक्त आचार्यले राजा रामको आदर्श र धैर्य समायोजित ठाने र मानवीय आदर्शका रूपमा त्यो उभ्याउने अभिलाषाका साथ **रामायण** को भावानुवादमा अग्रसर भए । नेपालीको धार्मिक संस्कार र भक्ति भावना भित्र घुसेको राम चरित्रलाई सरल भाषामा सर्व सुबोध बनाई प्रस्तुत गर्ने हिम्मत गरेकाले भानुभक्त पहिलो जातीय महाकाव्यकार हुन् । भाषिक, सांस्कृतिक र साहित्यिक एकताका प्रथमसूत्र श्री भानुभक्त आचार्य नेपाली भाषाका सफल प्रयोक्ता, संस्कृति र सामाजिक आदर्शका प्रथम व्याख्याता हुन् । नेपाली भाषा विकासको

[१] उमेशप्रसाद घिमिरे, नेपाली महाकाव्य(वि.सं. २०३७ देखि यता) को सर्वेक्षण, अप्रकाशित शोधपत्र, त्रि.वि. २०६८, पृ. ३०६ ।

[२] नेपाली काव्य र कवि, राममणि रिसाल, पाँचौं संस्करण, साझा प्रकाशन, २०५८, पृ. २८ ।

दृष्टिमा भानुभक्त र उनको **रामायण** महाकाव्यको अनुपम देन र योगदान कहिले भुल्न सकिन्न । नेपाली भाषामा पाइएको अनूदितरूप नै भए पनि यो पहिलो महाकाव्य हो ।

सात काण्ड वा सात सर्गमा लेखिएको यस महाकाव्यमा वसन्ततिलका, मालिनी, शार्दूलविक्रीडित, स्रग्धरा, शिखरिणी छन्दहरू समावेश गरिएका छन् । प्राचीन पूर्वीय महाकाव्यीय परम्परामा आठ सर्ग रहनुपर्ने वा सर्गको अन्त्यमा छन्द फेर्नुपर्ने नियमभन्दा यो काव्य बाहिर छ । साथै प्रेम, करुणा, श्रृङ्गाररसले काव्य सुन्दर बनेको छ । कथानकका दृष्टिले संस्कृत रामायणकै कथानकलाई समेटेको भए पनि संस्कत **रामायण**को तुलनामा अत्यन्त संक्षेपीकरण गरिएको छ । अनुवाद काव्य भइकन पनि यसमा प्रशस्त मौलिकता थपिएको छ । सबै पंक्तिहरू लयबद्ध, ध्वनिबद्ध र सरल छन्, गेयात्मक छन् । अनुवाद कथा हुनाले कथावस्तु छाडेर भन्नुपर्दा भानुभक्त नेपाली भाषाका लागि आदिकवि हुन् महान् कवि हुन् ।

## ३.३ 'शाकुन्तल' महाकाव्य :

महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महान प्रतिभा हुन् । तिनै महान् प्रतिभाबाटै नेपाली साहित्यमा महान् काव्यकृति **शाकुन्तल** जन्मन्छ । महाकाव्यत्व गुणले भरिपूर्ण यस महाकाव्यको नेपाली महाकाव्य परम्परामा उच्च स्थान रहेको छ । महाकवि कालिदासको **अभिज्ञान शाकुन्तलम्**को कथानकको प्रमुख आधार लिई नेपाली **शाकुन्तल** महाकाव्य रचिएको हो । यसमा विश्व प्रसिद्ध संस्कृतका महाकवि कालिदासलाई नेपालीका महाकवि देवकोटाले पछ्याएको देखिन्छ । जे होस् नेपाली **शाकुन्तल** महाकाव्य सर्व प्रथम प्रकाशित मौलिक महाकाव्य हो । कथावस्तु यसको प्राचीन इतिहास प्रसिद्ध भएता पनि कवि कल्पनाले गर्दा यो मौलिक बन्न पुगेको छ । २००२ सालमा पहिलोपल्ट प्रकाशित यस महाकाव्यबाट नेपाली मौलिक महाकाव्यको मङ्गलाचरण भएको हो ।[३]

भानुभक्तको **रामायण** पछि नेपाली साहित्यको माध्यमिक कालमा केही कविहरूले संस्कृतका पौराणिक काव्यको अनुवाद गर्ने क्रम चलाएको पाइएता पनि ती कृतिहरूले प्राथमिक कालीन **रामायण** महाकाव्यको महत्तालाई प्राप्त गर्न नसकेको स्थिथिमा आधुनिक कालमा आएरै महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट नेपाली महाकाव्य परम्पराको समुचित विकासमा निश्चित स्वरूप प्रदान गरेको देखिन्छ । त्यसैले देवकोटाको प्रस्तुत **शाकुन्तल** (२००२) प्रकाशित भए पछि नै साँचो अर्थमा नेपालीमा मौलिक, कलात्मक र पूर्णाङ्क महकाव्य लेखन आरम्भ भएको र उनकै उर्बर प्रतिभाको मलजल पाएर फस्टाउँदै र झ्याङ्गिदै नेपाली महाकाव्यले उत्कर्ष समेत प्राप्त गरेको देखिन्छ ।[४] २४ सर्गे **शाकुन्तल** महाकाव्यको प्रस्तावनामय प्रथम सर्गमा देवकोटाले काव्यप्रयोजन, आदर्श समजको परिकल्पना र प्रकृतिको महिमा सबै सम्झाएका छन् ।

**शाकुन्तल** महाकाव्यमा पूर्वीय महाकाव्य मान्यताको पूर्णात : पालना गरिएको छ । शास्त्रीय छन्दमा कविता, पौराणिक कथा र श्रृङ्गार रस प्रधान यस काव्यको नाम नायिकाको नाममा राखिएको छ । नायक – नायिका महाकाव्यका लागि अनुकूल छन् । नायक प्रतापी क्षत्रीय राजा दुष्यन्त धीरललित प्रकृतिका छन् । नायिका शकुन्लता स्वकीया मुग्धा छिन् । प्रकृति वर्णनमा आकश्यक मर्यादाको उचित तारतम्य मिलाइएको छ । समुद्र, वन, ऋतुहरू, साँझ, विहान, सूर्य, चन्द्र, आदिको बयानमा प्राचीन परम्परा अँगालिएको छ । यसमा सर्गभरि एउटै छन्द र सर्गको अन्त्यमा छन्द बदल्नुपर्ने मसिनो नियमको समेत कतै कतै ख्याल गरिएको

[३] पूर्ववत्, पृ. ७९ ।
[४] उमेशप्रसाद घिमिरे, नेपाली महाकाव्य (वि.सं.२०३७ देखि यता)को सर्वेक्षण, अप्रकाशित शोध, त्रि. वि. २०६८, पृ. ३०७ ।

छ । सर्गान्तमा भावी कथाको सूचना र अवान्तर सर्गहरूका विषयको सज्जनको प्रशंसा र दुर्जनको निन्दा तथा पुरुषार्थ सबैको यथोचित मिलन महाकाव्यमा पाइन्छ । प्राचीन महाकाव्यको प्रारम्भमा विघ्न विनाशकका लागि गरिने अङ्गलाचरण र विनम्रता प्रदर्शन यस काव्यको सुरुमा गौरीशङ्कर वन्दनाद्वारा गरिएको छ । महाकाव्यको अनुरूप कवितामा सरसता, ध्वन्यात्मकता र श्रुतिमधुरता यस्तै भावगहनता अटेस मटेस छन् । महाकाव्यको कथा 'विश्वामित्रको आश्रम' वर्णनबाट प्रारम्भ हुन्छ र अन्त्यमा 'कश्यपाश्रम'मा पुगी महाकाव्य संयोगान्तरूपले नायक–नायिकाको मिलनबाट टुङ्गिएको छ । प्राचीन लक्षणानुसार लेखिएको यो शास्त्रीय छन्दानुसारी महाकाव्य भित्र प्राचीन कथालाई मौलिकताको पाइन चढाउनमा देवकोटा सिद्ध हस्त छन् ।[५]

काव्यमा आवश्यक आलङ्कारिक प्रयोगको यथास्थान समावेश भएको देखिन्छ । अनुप्रास, श्लेष, उपमा, यमक, उत्प्रेक्षा आदिको सौन्दर्यले काव्यको शोभा बढाएको छ । मुख्यतः अलङ्कारको प्रयोगमा देवकोटा भावाभिमुखी पाइन्छन् । अलङ्कारको शास्त्रीय स्वरूप तथा मर्यादामा भन्दा आधुनिक तरिकाले भाव सम्प्रेषण गर्ने अनुपातमा देवकोटाका आलङ्कारिक कविता सुन्दर छन् । प्रकृतिको विशिष्ट आराधनाका दृष्टिले **शाकुन्तल** महाकाव्यको श्रेष्ठता सर्वोच्च छ । महाकविले यस काव्यमा प्रकृति सर्वस्वको चिनारी गराउने ध्येय राखेको देखिन्छ । प्रकृतिको सर्वव्यापी प्रभावको अध्ययन तथा मनन गर्नुमा यस काव्यको महिमा निहित छ । प्रकृतिलाई आत्मसात गरी काव्य सिर्जना गर्नेमा देवकोटा ठुला काव्यशिल्पी ठहर्दछन् ।

देवकोटा प्रकृतिलाई सर्वस्व ठान्छन् । प्रकृति भन्दा बाहिर सबै बस्तु काल्पनिक हुन् भन्ने धारणा राख्छन् । **शाकुन्तल**को प्रारम्भदेखि अन्त्यसम्ममा नै प्रकृतिसँग खेल्दै हाँस्दै उनी रमाउँछन् । त्यसै गरी छन्द प्रयोगका दृष्टिले देवकोटाको **शाकुन्तल** महाकाव्य छन्दको प्रयोगशाला हो र पाठशाला पनि हो । यसमा शार्दूलविक्रीडित, मालिनी, शिखरिणी, भुजङ्ग प्रयात, वसन्ततिलका, पृथ्वी, गीतिका, स्रग्धरा, द्रुतविलम्बित, मन्दाक्रान्ता, वियोगिनी, पञ्चचामर, उपजाति, तूणक, स्वागता, रथोद्धता, स्रग्विणी, तोटक, शालिनी, दोधक, प्रहर्षिणी, सुन्दरी, प्रमाणिका, बृहती, हरिणी प्लुता, चन्द्रवर्त्म, अनुष्टुप् आदि अनेक प्रसिद्ध शास्त्रीय वार्णिक छन्दमाथिको आफ्नो सामर्थ्यको देवकोटाले पहिलो परीक्षा लिएका छन् । छन्दको नाडी सजिलै पक्डन सक्ने आफ्नो खुबी देखाएका छन् । त्यस क्रममा अन्त्यानुप्रासको परम्पराबाट बिमुख बन्दै गएका देवकोटा चार पाउको श्लोक मर्यादा देखि पनि परामुख देखिन्छन् । उनी भाव निर्माणसँगै छन्द निर्माण गर्ने ध्येयमा अगाडि बढेका छन् ।

समग्रमा भन्नुपर्दा विराट र विशाल कल्पनाशीलता, अति मीठो सौन्दर्य चेतना, शब्द र शिल्प निर्माणमा बेजोड क्षमता, उग्र झर्रो खहरेको बेग, सत्य र यथार्थको उच्चता, प्रकृतिको घना जंगली छटा, प्रेम र भक्तिको उच्चता, आश्चर्यमय घटनाक्रम, लयबद्धता, विचारको श्रेष्ठता, साङ्गीतिकता, जीवनसँगको सामीप्य, आधुनिक प्रभाव, क्रान्तिकारी व्यक्तित्व, र शैलीको चमत्कृति रहेको उच्चतम महाकाव्य हो **शाकुन्तल** ।

'तीन महिनाको रचना तीन वर्षको पढाइ' बन्न जाने सम्भावना बोकेको **शाकुन्तल** महाकाव्यको अध्ययन अल्प मतिबाट संभव छैन । तर पनि के चाहि भन्न सकिन्छ भने – नेपाली महाकाव्यको पंक्तिमा देवकोटाको अनुपम उपहार र नेपाली भाषाको अतुलनीय उच्च कृति **शाकुन्तल** महाकाव्य हो ।

---

[५] राममणि रिसाल, पूर्ववत्, पृ. ८१ ।

### ३.४ 'आदर्शराघव' महाकाव्य

महाकाव्यकार पण्डितराज सोमनाथ सिग्द्यालको वि.सं २००५ मा प्रकाशित **आदर्शराघव** पूर्वीय परम्पराबाट अनुशासित लाक्षणिक नेपाली महाकाव्य हो । यो महाकाव्य आदर्श पुरुषको विशेष चरित्रले अलङ्कृत उपदेशात्मक काव्यको नमूना हो । राम र सीताको मङ्गलमय गाथा गाउने यस महाकाव्यले प्राचीन महाकाव्यीय मान्यतालाई पूर्णतः पालना गरेको छ । विशिष्ट भाषामा विशेष चरित्रको गुम्फन गर्ने **आदर्शराघव** नेपाली काव्यमा आदर्श छ ।

प्राचीनकाव्य रामायण आदर्शै आदर्शको भण्डार हो । **आदर्शराघव** रामायणकै प्रतिरूप हो । राम यस काव्यका नायक हुन् । इतिहास प्रसिद्ध रामकथालाई महाकाव्यले ग्रहण गरेको छ । यथोचित प्रकृति वर्णन यसमा पाइन्छ । प्रातः काल, सन्ध्या, संग्राम, यात्रा, ऋतु वर्णन, पर्वत, समुद्र आदि सबैको वर्णन यथास्थान हुन गएको छ । ग्रन्थको आरम्भमा विभिन्न देवी देवताको मङ्गलाचरण गरिएको छ । उपमा, यमक र अनुप्रास आदि विभिन्न अलङ्कारहरू र शास्त्रीय छन्द विधान सबैको राम्रो तारतम्य काव्यमा पाइन्छ ।[६]

**आदर्शराघव**मा जम्मा १६ सर्ग छन् । प्रत्येक सर्गमा एउटै छन्द र सर्गको अन्त्यमा छन्द परिवर्तन तथा भावी कथाको सूचना समेत दिइएको छ । प्राचीन काव्य परिपाटीको पूर्णतः परिपालन गरिएकाले यो महाकाव्य शास्त्रीय महाकाव्य हो ।

सोमनाथीय आलङ्कारिक कविता द्वयर्थक र श्लेषपूर्ण छन् त्यसैले कविता अत्यन्त गाह्रा छन् । प्रकाण्ड संस्कृतज्ञ, पूर्वीय दर्शनका धुरन्धर विद्वान, तथा शास्त्रीय कवि गुरु, सोमनाथ सिग्द्याललाई हेर्दा **आदर्शराघव**को क्लिष्टता अस्वाभाविक लाग्दैन । लोक प्रियताको दृष्टिले **आदर्शराघव** केही पर पन्छिए तापनि सिद्धान्तशास्त्री एवम् बुद्धिजीवी वर्गका लागि उपादेय छ । व्युत्पत्तिवर्द्धक छ । बुद्धिजीवीले आफ्नो बुद्धि तिखार्ने प्रशस्त अवसर प्राप्त गर्दछन् ।

समग्रमा भन्नुपर्दा पाण्डित्यपूर्ण विचार, शिल्प, छन्द, काव्य विचित्रता, विशिष्टता प्रचुर भएको संस्कृत प्राचीन पूर्वीय परम्परागत दृष्टिले एउटा ठुलो शिखर हो **आदर्शराघव** महाकाव्य ।[७] **आदर्शराघव** दार्शनिक दृष्टिले समेत महनीय छ । यसमा प्रमुखरूपमा वेदान्त दर्शन र सांख्य एवम् योग दर्शन गौणरूपमा अभिव्यक्त भएको छ । अतः पूर्वीय महाकाव्यीय मान्यतालाई पूर्णतः अनुशरण गरी लेखिएको **आदर्शराघव** सबै नेपाली कविहरूका लागि एउटा आदर्श हो । जसबाट पूर्वीय महाकाव्य कस्तो हुन्छ ? भन्ने प्रश्नको उत्तर मिल्दछ ।

### ३.५ 'तरुणतपसी' महाकाव्य

कवि लेखनाथ पौड्यालको प्रतीकात्मक नव्यकाव्य हो **तरुणतपसी** २०१२ 'तरुणतपसी' शीर्षकले नै काव्यको प्रतीकवादी रूप दर्शाउँछ । वृक्षको इतिवृत्तसँग काव्यकार लेखनाथको प्रतीकवादी ढङ्गले तपसीको रूपमा जीवन इतिहास जेलिएको छ । सामाजिक व्यथा र मनोवृत्तिसँग जुद्धै आदर्शमय उपदेश बोकेर उभिने यो महाकाव्य नेपाली काव्यपरम्परामा नौलो छ । आधुनिक छ । पुरानै वार्णिक छन्दको परिपाटीलाई अँगाले तापनि भाव र विचारको अग्रगामीपाटो यो काव्य शिखरमा छ । यद्यपि **तरुणतपसी**लाई खण्डकाव्य र महाकाव्य दुबैमा नसकी लेखनाथ स्वयंले नव्यकाव्य भनेका छन् । तर वास्तवमा तपसीको पुरै जीवनको बयान गर्ने यो महाकाव्य आधुनिककालाको आधुनिक प्रतीकवादी प्राकृत

[६] राममणि रिसाल, पूर्ववत्, पृ. ३५ ।

[७] विनयकुमार शर्मा नेपाल, नेपाली महाकवि र महाकाव्य, साझा प्रकाशन २०५९, पृ. .... ? ।

महाकाव्य हो । प्राचीन लक्षण निर्माताहरूको उद्देश्य र आदर्शको भावभूमि बेग्लै थियो । समयसमयमा लक्षणको परिवर्तितरूपले पनि यही कुरो दर्शाउँछ । समयानुसार प्राचीन आचार्यहरूले लक्षण निर्माण गरेका हुन् । त्यतिखेर पनि कुनै कुनै काव्यकारले लाक्षणिकतालाई बुझ्भ पचाएको देखिन्छ । आज कतिपय दृष्टिले संस्कृत साहित्यका ती काव्य लक्षणहरू नेपाली काव्यमा अपर्याप्त र अस्वाभाविक रूपमा पाइन नसकिने छैनन् । तसर्थ **तरुणतपसी**को आधुनिकता र विचारको अग्रगामीतालाई हेरी गुणात्मकरूपले महाकाव्य भन्नु सामयिक ठहर्दछ । महाकाव्यको महत्ता स्वरूपजन्य होइन, प्रत्युत गुणजन्य हो भन्ने कुरो स्वीकार गर्ने हो भने **तरुणतपसी** आधुनिक महाकाव्य हो ।[८]

**तरुणतपसी** क्रान्ति उत्तर युगको देन हो । यो काव्य रसका दृष्टिले शान्त रस प्रधान छ भने गौण रसमा अन्य रस पनि आएका छन् । एउटा वृक्षमाथि तपसीको जीवनको आरोप गरेर भाषामा नवीनता स्थापना गरिएको यो काव्य प्रतीकात्मक छ । विज्ञान र धर्म, मानवता र दानवताको भिन्नता देखाउँदै भ्रातृत्वको पाठ पढाइएको छ । त्यसैले आधुनिकता र प्राचीनताको सङ्गमस्थलका रूपमा यो काव्य उपस्थित छ ।

**तरुणतपसी**को बाध्य संरचना १९ विश्रामको छ र हरेक विश्राम खासक्रम वा श्रृङ्खलामा बाँधिएकाले तिनलाई सर्गकारूपमा लिन सकिन्छ । **तरुणतपसी**मा सर्गान्तमा भावीसर्गको विषयका बारेमा भने कुनै सङ्केत पाइदैन । आख्यानीकरण, वस्तुसंगठन र चरित्रविधानका दृष्टिले यसको प्रयोग नवीन छ । कथावस्तु अत्यन्त सूक्ष्म छ । कान्ताविरही र तपस्यातिर उन्मुख कवि अनि तरु भित्र अन्तर्निहित तपसीकै माध्यमबाट यो काव्य निर्मित छ । अतः कथावस्तु अत्यन्तै नवीन र काल्पनिक छ । कवि भौँतारिँदै कुनै वृक्षका मुनि बस्न पुग्छन् र घाम अस्ताएपछि त्यही तरु वा वृक्षका मुनि रात बिताउँछन्, भने यही एकरातको कथा नै यसको विषयवस्तु हो । त्यसै गरी पात्र पनि सीमित छन् केवल दुई । यहाँ श्रोता कवि वक्ता र वक्ता तपसी गरी दुई पात्र छन् भने कवि कै मानस प्रत्यक्ष तपसी रहेकाले एउटै मात्र पात्र मान्न पनि सकिने देखिन्छ । अतः **तरुणतपसी**को मूल प्रतिपाद्य तरुणतपसीकै आत्मगाथा हो । ध्वनिका दृष्टिले काव्य महफ्वपूर्ण छ, वृक्षको आत्मकथाभित्रै लेखनाथको आत्मकथालाई पनि ध्वनित गरिएको छ ।

रस विधानका दृष्टिले यसमा विभिन्न रसहरूको स्थिति छ भने अङ्गीरस शान्तरस बनेको छ । छन्द विधान तथा लयविधानका दृष्टिले **तरुणतपसी**मा मूलतः शिखरिणी छन्दको प्रयोग छ । यस बाहेक प्रारम्भ र अन्त्यमा  गरी अन्य छन्दहरू प्रयुक्त छन् । छन्द प्रयोगमा सहजता र गम्भीरता दुवै पाइन्छ । भने गुणका दृष्टिले माधुर्य गुणले काव्य ओतप्रोत बनेको छ, साथै प्रसाद गुण पनि पाइन्छ । मूलतः शिखरिणी छन्दको प्रयोग छ । यस बाहेक प्रारम्भ र अन्त्यमा  गरी अन्य छन्दहरू प्रयुक्त छन् । छन्द प्रयोगमा सहजता र गम्भीरता दुवै पाइन्छ, भने गुणका दृष्टिले माधुर्यगुणले काव्य ओतप्रोत बनेको छ साथै प्रसाद गुण पनि पाइन्छ । यसरी **तरुणतपसी**मा पाश्चात्य रङ्ग भएपनि यसमा मूलतः पूर्वीय दर्शन र पूर्वीय काव्यशास्त्रकै प्रयोग पाइन्छ । छन्द, रीति, गुण, ध्वनि, रसको सरोफेरोमा काव्यको वास्तविक महिमा प्रकटित छ ।

**तरुणतपसी** प्रकृति चित्रणका दृष्टिले सर्वाधिक महफ्वपूर्ण काव्य हो । यसमा प्रकृतिको केन्द्रीयतामा प्राकृतिक सभ्यताको महिमा गाइएको छ । वस्तुतः पूर्वीय महाकाव्यलक्षणले औँल्याए झैँ प्रकृति चित्रण यसमा पाइन्छ ।

---

[८] राममणि रिसाल, पूर्ववत्, पृ. ४९ ।

भावपक्ष र कलापक्षको मधुरो मिश्रणले गर्दा **तरुणतपसी** काव्य अत्युच्च रहेको छ । साराका सारा कविता रसपूर्ण छन् । अत्यन्तै सरल पाराले गहिरो जीवनबोध गाउने लेखनाथको पुरै 'अष्टादश विश्राम' **तरुणतपसी** भरिमा सर्वश्रेष्ठ विश्राम र सशक्त ध्वन्यात्मक कविताको चिनारी दिनेका रूपमा विशिष्ट छ । कवितात्मक सदुपयोग लेखनाथीय कविताको सबभन्दा जिउँदो चीज हो । कविशिरोमणिको काव्य कौशल हो । बौद्धिक तथा भावुक कविको काव्य निपुणता 'तरुणतपसी' नै हो । यसरी हेर्दा प्रतीकवादी काव्यमा लेखनाथको आत्मकथा लुकेको छ । आधुनिकता र विश्लेषणात्मकताको समावेश नौलो छ । आधुनिक महाकाव्यकारी व्यक्तित्वको दर्शन यसमा राम्ररी भएको छ । लेखनाथीय काव्यधारामा दार्शनिकता र कवितात्मकताका दृष्टिले **तरुणतपसी** सर्वोत्तम उपहार हो । यसरी पूर्वीय महाकाव्यीय लक्षणको पूर्णतः पालना नगरिएको भएता पनि आफ्नै नीजि नेपालीपनको प्रयोग वा दृष्टिले भए पनि यो काव्य पूर्णतः नवीन र प्रयोगवादी तथा युगान्तकारी काव्य हो । **तरुणतपसी** महाकाव्य नेपाली महाकाव्य परम्परामा नै धेरै हलचल ल्याउने शक्तिशाली महाकाव्य हो ।

## ३.६ 'चिसो चुल्हो' महाकाव्यः

बालकृष्ण सम नाटकारको रूपमा नै बढी प्रसिद्ध छन् तर पनि **चिसो चुह्लो** महाकाव्य लेखेर नेपाली महाकाव्य परम्परामा नौलो आयाम दिन सम सफल छन् । जीवन र जगतको महासमुद्र भनिने महाकाव्य प्रौढ चिन्तन हो भन्ने निचोडमा समको स्वीकृति पाइन्छ । महाकवि देवकोटा र महाकवि सोमनाथ सिग्देलले उचालेको काव्य मार्ग **चिसो चुह्लो**मा पुगेर फेरिन्छ । नयाँ काव्य पद्धतिको श्री गणेश, महाकाव्य मान्यताको आधुनिकता र बौद्धिक विविधता लिएर सम नेपाली  काव्य लहरमा उभिएका छन् । गद्य र पद्यको सम्मिश्रणद्वारा चम्पू काव्यको भूमिका **चिसो चुह्लो**ले निर्वाह गरेको देखिन्छ । **चिसो चुह्लो**ले नेपाली महाकाव्यको पंक्तिमा श्रेष्ठता कायम राखेको छ । समको सार्वजनिक काव्य व्यक्तित्वको यो सर्वोत्तम उदाहरण बन्न सक्तछ । **चिसो चुह्लो** प्रतीकात्मक तथा अनेकार्थी शीर्षक भएको काव्य हो । यसमा नेपाली समाजको गलितावस्थाबाट प्रतिदिन चिप्लिँदै गएका चिसा चुह्लाहरूको सोझो निर्देश छ । हाम्रा आर्थिक असामानताले भोकभोकै रहेका विपन्न जीवनबाट हार खाएका चिसा नेपाली र उसका सामाजिक दरिद्रतामय चित्रहरूमाथिको सङ्केत यसले गरेको छ । अर्थात चुह्लोको चिस्याइले हाम्रा समस्त कुरा चिसिएका छन् । अझ मान्छे मान्छेले खुला प्रेम परस्परमा गर्न नपाउने हाम्रो समाजमा कडा नियमहरू र सन्ते र गौरीको विपन्नताले कठ्याङ्ग्रिएका रूपहरू, प्रेम गर्दा श्राप बन्न जाने हाम्रा रीतिरिवाजहरू जातपातको असंख्य विभेद, अशिक्षा र अचेतनामा कठ्याङ्ग्रिएका परिस्थितिहरू सबैसबै **चिसो चुह्लो**का प्रतीक छन्, निर्देश हुन् ।[९] महाकाव्यको कथा सामाजिक छ ।

चापागाउँबाट कथा बग्दै बग्दै चोभारमा पुगी विसर्जन हुन्छ । नायक सन्ते दमाइ छ र नायिक गौरी क्षत्रिनी छे । यी दुबैको प्रेमकथा काव्यमा वर्णित छ । भित्रभित्रै यी दुईका बिच प्रेम झ्याङ्गिँदै जादा गौरीको विवाह एउटा बूढोसँग हुन्छ, सन्ते गौरीबाट घायल हुन्छ, ऊ घुम्दै कवि सम्मेलन तिर पुग्दछ । उता गौरीको बूढोको मृत्यु भए पछि अर्काको घरमा काम गर्न थाल्छे । पछि गौरीको खोजीमा निस्केको सन्तेले गौरी मरेको सुन्छ र आफू पनि चोभारमा हामफाल्न खोज्छ तर गौरी बोले झैँ लाग्दछ । अमर प्रेमले उसमा नयाँ चेतना प्रादुर्भाव हुन्छ । महाकाव्यको दुःखद अन्त्य यहीँ हुन्छ । यसरी परम्पराको पर्खाल तोड्न

[९] राममणि, रिसाल, पूर्ववत्, पृ. ६४ ।

नसकी भित्र भित्रै प्रेम सल्केका दुई मुटुका बिचको करुण स्थिति नै यस काव्यको कथानक हो ।[10]

यस प्रकार नवीन कथानक रोजेका बालकृष्ण समले प्राचीन मान्यता अस्वीकार गर्दै नयाँ मान्यता र नवीन दिशाको सूचना गरेका छन् । पूर्वीय मान्यता विरुद्ध समले दुःखान्त कथानक कल्पिएका छन्, कथावस्तु र नायक नायिका प्रसिद्ध र आदर्श हुनु पर्नेमा सामाजिक स्थान र मान्यता नपाएका पात्र कथावस्तुको चयन गरेका छन् । महाकाव्यमा वीर, शान्त रस नभई करुण रस प्रधान देखिन्छ । यसरी पूर्वीय (प्राचीन) मान्यताको आँखामा बिभ्फाउने कथानक, रस सिद्धि तथा नायकको निम्नता सबैले समलाई महाकाव्यकार भन्न सकिने स्थिति छैन तथापि आधुनिक मान्यताका दृष्टिले सम महान् छन् । काव्यको भूमिकामा सम लेख्छन् **चिसो चुह्लो**मा मैले परम्परावादीलाई प्यारो लाग्ने कुरामात्र बोल्न खोजेको छैन, बरु सत्य कुरा बोल्न खोजेको छु । मानववादी मेरो दर्शन छ । त्यसैले प्राचीन मान्यतालाई परहटाई आधुनिक स्वकीय परिभाषाको आधारमा लेखिएको आधुनिक स्वकीय परिभाषाको आधारमा लेखिएको आधुनिक महाकाव्य **चिसो चुह्लो** देखिन्छ ।[11]

महाकाव्यमा अन्तर्प्रेम देखाइएको छ । समको दर्शन नै प्रेम हो । **चिसो चुह्लो** प्रेमको आन्तरिक तफ्वमा बढी महफ्व राख्दछ । आन्तरिक रूपमा सशक्त किन्तु बाहिर अशक्त अन्तर्प्रेमलाई महाकाव्यभरि देखाएर समले सामाजिक बन्धनबाट मुक्त भएकी (मरिसकेकी) गौरीलाई चोभारमा मात्र बोलाएका छन् । सन्तेसँग विवाहगरी प्रणय भावमा हुर्किन नपाई मरेकी गौरीको सन्तेसँग अभौतिक रूपमा बोलचाल गराउनुबाट सामाजिक मान्यता र अप्राकृतिक अन्धताको जरो उखेलेर फाल्ने उद्घोष स्पष्ट हुन्छ ।

त्यसैगरी सम रसवादी नभए पनि **चिसो चुह्लो**मा श्रृङ्गार, वीर र करुण रसको राम्रो निर्वाह गरेका छन् । काव्यमा वौद्धिक ऋचा र वैदिक छन्दको प्रयोग गरेका छन् । काव्यमा आलङ्कारिकताको प्राचुर्य छ, सङ्गीतमय छन्द छचल्किएको छ । **चिसो चुह्लो**का सम्वन्धमा धेरै समालोचकहरूले चर्चा परिचर्चा गरेका छन् । कसैले महाकाव्यमा प्रेमतफ्व भेट्टाए । तर पनि नवीन प्रयोग गरेर नेपाली महाकाव्यलाई नौलो आयाम प्रदान गर्ने सम नेपाली काव्य क्षेत्रका उत्कृष्ट उपलब्धि हुन् । उनको **चिसो चुह्लो**को आफ्नै मौलिक पहिचान छ र विशिष्ट स्थान छ अतः **चिसो चुह्लो** नेपाली साहित्यको महफ्वपूर्ण उपलब्धि हो भन्न सकिन्छ ।

## ३.७ निष्कर्ष

नेपालीमा शास्त्रीय लक्षणले सम्पन्न महाकाव्य त आधुनिक काल देखिनै लेखिन थालेको हो तर पौराणिक प्रकृतिका महाकाव्य भने प्राथमिक कालदेखिनै देखापर्दै आएका छन् । प्राथमिक कालका वीर काव्यकार उदयानन्द अर्यालद्वारा **पृथ्वीन्द्रोदय** शीर्षक महाकाव्य लेखिएको भएता पनि, सो कृति हालसालै आएर मात्र प्रकाशित भएकाले,अनि भानुभक्त जस्तो जन जीवनलाई भाषा मार्फत समेट्ने हैसियत पनि प्रस्तुत कृतिले नराख्ने भएकाले, भानुभक्तको **रामायण** नै आदिम महाकाव्यका रूपमा देखापर्दछ । यसरी नेपाली साहित्यको प्राथमिक कालबाट नै सुरुवात भएको महाकाव्य लेखनको परम्परा माध्यमिक कालमा विकसित हुँदै आधुनिककालमा अभ्र विकसित हुन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** २००२ प्रकाशनमा आएपछि नै साँचो अर्थमा नेपालीमा मौलिक र लक्षणसम्मत कलात्मक

[10] पूर्ववत्, पृ. ६५ ।
[11] राममणि रिसाल, पूर्ववत्, पृ. ६६ ।

महाकाव्यको युग प्रारम्भ हुन्छ । महाकविका रूपमा देवकोटाको उदयकाल साथै नवीन र मौलिक स्वरूप लिएर प्रस्फुटित भएको र उत्कर्षत्व समेत प्राप्त गरेको अनि सोमनाथ सिग्द्याल, लेखनाथ पौड्याल र बालकृष्ण समको महफ्वपूर्ण योगदानबाट विकसित र गरिमामय हुन पुगेको नेपाली महाकाव्य विधा यी महान् प्रतिभाहरूको अवसान पछि अन्य विधाहरूसँगको प्रतिस्पर्धामा पछि परेको भए पनि गतिशील भने छँदैछ । आजसम्म लगभग १५० (डेढसय) भन्दा बढी संख्यामा नेपालीमा महाकाव्यहरू लेखिएका छन् जसलाई यहाँ अध्ययन गर्नु असंभव र औचित्याभाव भएकाले प्रस्तुत पाँच कविका पाँच महाकाव्यहरूलाई प्रतिनिधि महाकाव्य मानी अध्ययन गरिएको छ । जसबाट नेपाली महाकाव्य परम्परा नयाँ नयाँ चिन्तन र प्रयोगका साथ अगाडि बढेको स्पष्ट हुन आउँछ, अर्थात नेपाली महाकाव्यको साहित्यिक गरिमा र उच्चता आज पनि उत्तिकै छ, जति पहिले थियो । त्यसैले नेपाली महाकाव्यको परम्परा नेपाली साहित्यमा अझ नयाँ चहकका साथ अग्रगामी छ भन्न सकिन्छ ।

परिच्छेद चार

# देवघाट महाकाव्य सिर्जनाको अवधारणा

## ४.१.पृष्ठभूमि

संसार एउटा सुन्दर सिर्जना हो । संसारका हरेक बस्तु सिर्जनाका पनि सिर्जना हुन् र त्यसमध्येको मानव अनुपम सिर्जना हो । मानिसले पनि सिर्जना गर्ने शक्ति पाएको छ र त्यही शक्तिको उपयोग गरेर संसारलाई सजाएको छ । मान्छेले ज्ञान विज्ञानदेखि कला साहित्यसम्मको सिर्जनाद्वारा ईश्वरको सुन्दर सिर्जनालाई अझ सुन्दर बनाएको छ । मानिस हुनुको नाताले अलिकति त्यो सौभाग्य मैले पनि पाएको छु र त्यसैको उपयोग गरेर **देवघाट** महाकाव्यको सिर्जना गरेको छु ।

विशेष गरी मैले सिर्जनाका लागि विभिन्न अवस्थाहरूबाट प्रभाव ग्रहण गरेको छु । सिर्जनाका लागि चाहिने उपयुक्त वातावरण मैले प्राप्त गर्न सकेको छु । मलाई मेरो देशको हरियाली झरना, खोला, पहाड, हिमाल, आदिका सौन्दर्यले रोमाञ्चित पारेका छन् र आफ्ना केही न केही प्रभाव मभित्र सारेका छन् । जीवन र जगत्का विभिन्न पक्षले कला र साहित्यलाई अभिव्यक्त गर्ने हुँदा आजको जीवन जगत्बाट सिर्जना अलग रहन सक्दैन । मैले मेरो वातावरणका यिनै विविध पक्षहरूको उपयोग गरेर आफूमा सिर्जनात्मकता बढाएको छु । पाँच छ वर्षको उमेरदेखि नै सुत्ने बेलामा आमाले **रामायण** सुनाए पछिमात्र निदाउने बानी परेको मैले पछि अध्ययनका अवस्थामा गुरुकुलमा गएपछि **बुद्धिविनोद**, **तरुण तपसी**जस्ता लयबद्ध रचना सुन्ने र सिक्ने अवसर पाएँ । त्यही वातावरणले भानुभक्त, लेखनाथ, लक्ष्मीप्रसाद, बालकृष्ण र माधव घिमिरेका कृतिहरूसँग मेरो परिचय गरायो । त्यसैले नै काव्यसिर्जनामा पद्यको प्रयोगलाई सहज बनायो । गुरुकुलको वातावरण, गुरुजनको प्रेरणा, साहित्यकारहरूसँगको सान्निध्य, मेरा कविता सिर्जनाका प्रभावग्रहण गर्ने आधार हुन् । **देवघाट** महाकाव्यमा मैले सिद्धान्तका हिसाबले पूर्व या पशिचमको महाकाव्यात्मक मान्यतालाई जस्ताको तस्तै पालना नगरेर नेपाली महाकाव्यसम्बन्धी योग र तन्त्र दर्शन समन्वित, झिनो कथात्मक नवीन मूल्यलाई आत्मसात् गरेको छु । विषयवस्तु, चरित्र, र संरचनागत आयामले यस सिर्जनालाई नवीन नेपाली महाकाव्यको परम्परामा उभ्याएका छन् ।

## ४.२ विषयको चयन

पूर्व र पशिचम दुवैतिर महाकाव्यको विषयवस्तुको चर्चा भएको भन्दा भिन्न **देवघाट** महाकाव्य एउटा धार्मिक स्थलमाथि संरचित छ । पूर्वमा कथावस्तुको स्रोत इतिहासप्रसिद्ध घटनालाई मानिएको छ भने पशिचममा महाकाव्यको कथावस्तुको स्रोत दन्त्यकथा हुनुपर्छ भनिन्छ ।[1] **देवघाट** महाकाव्य भूगोलको एउटा स्थानविशेषलाई आधार बनाएर लेखिएको महाकाव्य हो । देवघाटलाई विषय बनाएर लेखिएको भएपनि यस महाकाव्यको विषयले महाकाव्यले अपेक्षा गर्ने महत् पक्ष स्थापित गर्ने कोसिस गरेको छ । यस महाकाव्यले देवघाटको धार्मिकता, सामाजिकता, ऐतिहासिकता, महफ्व र देवघाट बन्नुको अर्थलाई योग र तन्त्र दर्शनसँग सम्बन्धित षट्चक्रको मूलाधारको रूपमा प्रस्तुत गरेको छ । त्यसैले विषयवस्तुका हिसाबले यस सिर्जनाले महाकाव्यात्मक मूल्य ग्रहण गरेको छ भन्न सकिन्छ ।

[1] डा. हिमांशु थापा, साहित्यपरिचय, साझा प्रकाशन, तेस्रो संस्करण, २०४७ पृ. ४४ ।

## ४.३ महाकाव्यात्मक मूल्यका आधारमा देवघाट महाकाव्य

महाकाव्य उदात्त कथावस्तु र उदात्त चरित्रका माध्यमबाट कुनै जाति, राष्ट्र र युगको समग्र जीवनको भव्यतासाथ वर्णन गर्ने आख्यानात्मक काव्यविधा हो । महाकाव्यलाई प्रबन्धकाव्यअन्तर्गत राखिन्छ । महाकाव्यसम्बन्धी पूर्व र पश्चिमका आ-आफ्नै मान्यताहरू छन् । पूर्वीय आचार्यहरूले सर्गमा बाँधिएको, इतिहासप्रसिद्ध घटनाक्रम भएको, चतुर्वर्गफल दिने, पञ्चसन्धियुक्त, मङ्गलाचरणको पालना भएको, विभिन्न रस, अलङ्कार, ध्वनिले युक्त कृतिलाई महाकाव्य भनेका छन् । त्यसरी नै पश्चिमाहरूले पनि महाकाव्यलाई चिनाउने प्रयासस्वरूप महाकाव्य एक बृहदाकार समाख्यानात्मक काव्य हो र यसमा उच्चतर चरित्रको वर्णन हुन्छ अनि यसको कथाप्रवाहमा घनत्व र गरिमा हुन्छ र यसमा एकमात्र वीर छन्दको प्रयोग हुन्छ भनेर भनेका छन् ।[२] यसबाट भन्न सकिने कुरा के हो भने महाकाव्य वास्तवमा महान् कृति हो किनभने यसमा जीवन र जगत्को विराट्, विस्तृत र महत्तम छवि अङ्कित हुन्छ । महाकाव्यमा समाजको सांस्कृतिक स्वरूप, समस्त शोभा र गरिमाका साथ प्रतिबिम्बित हुन्छ । भानुभक्तको **रामायण**देखि सुरु भएको मानिने नेपालको महाकाव्यलेखनको परम्परामा पूर्व र पश्चिमका मान्यताभन्दा फरक छुट्टै महाकाव्यसम्बन्धी मान्यता प्रवाहित बन्न पुगेको पाइन्छ ।

बदलिँदो समय र विविध प्रयोगले गर्दा आज इतिहास र पुराणमा आधारित कथा वा विषय हुनुपर्छ भन्ने कुनै अकाट्य नियम बनाउन सकिन्न । नेपाली महाकाव्यको लेखनपरम्पराले यी मान्यतालाई परिष्कृत र परिमार्जित गर्दै आएका उदाहरणहरू प्रशस्त पाउन सकिन्छ । **शाकुन्तल** महाकाव्यले पौराणिक विषयवस्तुलाई ग्रहण गर्दा गर्दै पनि त्यहाँ आधुनिकताको बिम्ब र प्रतिबिम्ब पाउन सकिन्छ । **चिसो चुल्हो**को कथा र विषयवस्तुले क्रान्तिकारी फड्को मारेको छ । **सुलोचना** महाकाव्यमा आधुनिक सामाजिक पृष्ठभूमि फेला पर्छ भने मानव महाकाव्यका नायक सामान्य मानिस छ ।[३] यसमा पनि चरित्रले कुनै महान् व्यक्ति ग्रहण गरेको छैन । यस आधारले हेर्दा नेपाली महाकाव्यको पृष्ठभूमिमा **देवघाट** महाकाव्यले नेपाली महाकाव्यले अनुशरण गरेको शैली शिल्पगत नवीन मूल्यहरूकै अनुशरण गरेको छ ।

### ४.३.१ कथावस्तु

महाकाव्यको कथावस्तु पनि महान् हुनुपर्छ भनिन्छ । यसमा सबैखाले महत्ताको अपेक्षा गरिन्छ । किनभने यसमा जीवन र जगत्को विराट् विस्तृत र महत्तम छवि अङ्कुरित हुन्छ र त्यसमा समाजको सांस्कृतिक स्वरूप समस्त शोभा र गरिमाका साथ प्रतिविम्बित हुन्छ ।[४] **देवघाट** महाकाव्यको मूल कथावस्तु देवघाटमाथि आधारित छ । कथावस्तुको स्रोतका हिसाबले यसले धार्मिक स्थलविशेषलाई कथावस्तुको स्रोतका रूपमा ग्रहण गरेको छ । कथालाई अघि बढाउन महाकाव्यमा योग र तन्त्रदर्शनसँग सम्बन्धित षट्चक्रलाई उपस्थापन गरिएको छ । कालीगण्डकीको शरीरमाथि विभिन्न छ ओटा चक्रहरूको परिकल्पना गरिएको छ, जो हरेक मानव जीवनसँग सम्बन्धित छ । कविको जिज्ञासा र देवघाटको आकर्षक स्वरूपबाट कथा प्रारम्भ भएर साधुबाट षट्चक्रको विवेचना हुँदै मूलाधारका रूपमा रहेको देवघाटको सेरोफेरोबाट कथावस्तु अन्य चक्रको वर्णनसँगै सहस्रारमा पुगेर टुङ्गिन्छ । त्यसबाट मुक्तिनाथदेखि देवघाटसम्मको कालीगण्डकीको सम्पूर्ण

---

[२] डा. हिमांशु थापा, पूर्ववत्, पृ. ४४ ।

[३] डा. हिमांशु थापा, पूर्ववत्, पृ. ५० ।

[४] वासुदेव त्रिपाठी, महाकाव्य बुढो पुरानो विधा पूर्ववत् पृ.१०९ ।

प्रस्रवणक्षेत्र पावन बन्न पुगेको धार्मिक मान्यता उद्घाटित हुन्छ जो हिन्दू धर्मशास्त्र पुराणहरूसँग सम्बन्धित छ । यसरी कथावस्तुका हिसाबले **देवघाट** महाकाव्यले इतिहासप्रसिद्ध विषय वा पुराकथालाई नलिँदा नलिँदै पनि हिन्दू शास्त्रहरूमा वर्णित कालीगण्डकी र त्यसको प्रस्रवणक्षेत्र देवघाटसम्बन्धी नयाँ अवधारणालाई उजागर गरेको छ । जो दर्शनशास्त्रहरूसँग सम्बन्धित देखाइएको छ । यसैभित्र सभ्यताहरूको विकासको चर्चा गरिएको छ र सम्पूर्ण मानवहरूको स्रोतका रूपमा उल्लेख गरिएको छ ।

## ४.३.२ पात्र वा चरित्र

महाकाव्यमा उदात्त चरित्रको अपेक्षा गरिन्छ । नेपाली महाकाव्यले ग्रहण गर्ने चरित्रहरूले महाकाव्यले अपेक्षा गर्ने महत् चरित्रलाई अगाडिदेखि नै ग्रहण गर्न छाडेका उदाहरण हाम्रासामु छन् । यसरी हेर्दा **देवघाट** महाकाव्यको चरित्र नितान्त फरक भेटिन्न, यस महाकाव्यमा कालीगण्डकीको समग्र जीवनचरित्र छ जसमा मूलाधारका रूपमा देवघाट रहेको छ । कविपात्र र साधुको संवादले कालीगण्डकीको चरित्र प्रकट गर्दछ । कतिपय स्थानमा कालीगण्डकी आफैँ बोलेको छ जसमा चरित्रगत उदात्तता झल्कन्छ । पानीको शाश्वत् मूल्य कालीगण्डकीको चरित्रबाट उद्घाटित बनेको छ । कतिपय ठाउँमा कवि आफैँ कालीगण्डकीको रूपमा र कतिपय ठाउँमा साधुका वाणीले कालीगण्डकीको महच्चरित्रमाथि प्रकाश पारेका छन् । यस महाकाव्यमा कृष्णागण्डकीको चरित्र अत्यन्त पावन छ, निश्छल छ, जीवनाधारका रूपमा छ र यसरी चरित्रविधानका हिसाबले **देवघाट** महाकाव्यले महाकाव्यात्मकतालाई ग्रहण गर्न पुगेको देखिन्छ ।

## ४.३.३ लयविधान

**देवघाट** महाकाव्य, शास्त्रीय लयमा रचित छ । लयविधानका दृष्टिले महाकाव्यमा हुनुपर्ने मान्यतालाई यसले वहन गरको छ । यस महाकाव्यमा अनुष्टुप, मन्दाक्रान्ता, वंशस्थ, तोटक, उपजाति, शिखरिणी, मालिनी, शशिवदना, पञ्चचामर, शार्दूलविक्रीडित, वसन्ततिलका, भुजङ्गप्रयात, स्वागता, स्रग्धरा, स्रग्विणी, नरकुटक, इन्दिरा, द्रुतविलम्बित, सुन्दरी, त्वरिता, जस्ता विभिन्न बीस ओटा छन्दको प्रयोग भएको छ ।

## ४.३.४ उद्देश्य

मूलतः देवघाट महाकाव्य शैक्षणिक उद्देश्यपरिपूर्तिका लागि लेखिएको हो । महाकाव्य रचिँदा यसले निश्चय पनि अन्य केही उद्देश्यहरू पनि पूरा गरेको छ । देवघाटको सांस्कृतिक, धार्मिक, ऐतिहासिक र भौगोलिकजस्ता विविध पक्षहरूलाई यस महाकाव्यको लेखनले उजागर गरेको छ । नेपाली महाकाव्यपरम्परामा एउटा भिन्न खालको महाकाव्यको प्रवेश भएको छ, जुन देवघाट महाकाव्यको उद्देश्य बन्न पुगेको छ ।

## ४.३.५ भाषाशैली

**देवघाट** महाकाव्यमा प्रयुक्त भाषा नेपाली भाषा हो । यसमा कतिपय ठाउँमा तत्सम शब्दको प्रयोग भएको छ  र कतिपय ठाउँमा तद्भव शब्दको पनि प्रयोग भएको छ । चिनियाँ भाषाको केही ठाउँमा प्रयोग भएको छ, भने शेर्पा जाति र बौद्धिष्टका मिथकहरुको प्रयोग पनि यस महाकाव्यमा छ । प्रायः भाषिक सहजता र सरलता नै यस महाकाव्यको विशेषताको रूपमा रहेको छ । यो महाकाव्यले शैलीगत नवीनतालाई ग्रहण गरेको छ । यसमा काली गण्डकीलाई साधकको शरीर मानी योग र तन्त्र दर्शनसँग सम्बन्धित षट्

चक्रको आरोप गरिएको छ । काली गण्डकी नै **देवघाट** महाकाव्यको मुख्य नायक हो जसमा मुक्तिनाथसम्म पुग्दा सम्पूर्ण सिद्धि घटित भएको छ । मानवेतर पात्रलाई मानवीकरण गरेर देखाउनु अनि उसमा पारमार्थिक सिद्धि घटित गराएर कविलाई साधनाको यात्रामा अभिमुख गराउनु यस महाकाव्यको नवीन शैली हो ।

## ४.४ देवघाट महाकाव्यको महत् पक्ष

**देवघाट** महाकाव्यले विषयवस्तुको महत् पक्षलाई ग्रहण गरेको छ । हिन्दू धर्मशास्त्र र पुराणमा वर्णित कालीगण्डकीलाई योग र तन्त्र दर्शनसँग मिलाएर प्रस्तुत गर्नु यस महाकाव्यको महत् पक्ष हो । कालीगण्डकीको चरित्रमा महत्ता छ । सिङ्गो गण्डकीको चरित्र योग र तन्त्र दर्शनमा आधारित षट्चक्रसँग सम्बन्धित छ । मूलाधारबाट उठेर सहस्रारमा टुङ्गिएको र सिद्धिको पूर्णता पाएको गण्डकीको चरित्र आफैँमा महान् छ । कविसँग भेटिएका साधुमा पनि चारित्रिक महत्ता छ । विचारका दृष्टिले यस महाकाव्य पानीको सार्वकालिक महफ्व र शाश्वत् पक्षसँग सम्बन्धित भएकाले महान् छ । सम्पूर्ण संस्कृतिको मुहान कालीगण्डकीको प्रस्रवण क्षेत्र हो यसैबाट विश्वका सबै सभ्यताहरू जन्मिएका, हुर्किएका र झाङ्गिएका हुन् भन्ने विचारभित्र चिन्तनको व्यापकता छ । संरचनागत हिसाबले पनि यस महाकाव्य सर्गमा बाँधिएको, शास्त्रीय छन्दमा रचित, सातसय श्लोकसंख्या रहेको विभिन्न रस, अलङ्कार आदिको प्रयोग भएको जस्ता गुणहरूले महान् छ । यसरी महाकाव्यले अपेक्षा गर्ने महत् पक्षको स्थापनामा **देवघाट** महाकाव्य सफल रहेको पुष्टि हुन्छ ।

## ४.५ निष्कर्ष

**देवघाट** महाकाव्यको रचना यथासम्भव महाकाव्यात्मक मूल्यमा आधारित भएर गर्न खोजिएको हो । यसले पूर्व र पश्चिमले कोरेका महाकाव्य लक्षणका राजमार्गहरूसँग जोडिएको नेपाली महाकाव्यको गोरेटोमा पुग्ने पदमार्ग समाएको छ । त्यसैले यस महाकाव्यको प्रविधिमा सबैतिरको आंशिक छाप छ । महाकाव्यका केही पूर्वीय लक्षणहरूको पालना गर्न खोजिएको छ, केही पश्चिमी मान्यतालाई अपनाउन खोजिएको छ र नवीन नेपाली महाकाव्यलेखनको मूल्यमा एक अध्याय थप्ने कोसिस गरिएको छ । **देवघाट** महाकाव्य पन्ध्र सर्गमा संरचित छ । हरेक सर्गमा फरक छन्द प्रयोग गरिएको छ । सर्गान्तमा भावी सर्गको सामान्य जानकारी दिने प्रयास भएको छ । एकै सर्गमा पनि विभिन्न छन्दहरूको प्रयोग गरिएको छ । एउटा सर्गमा घटीमा तीस श्लोकदेखि बढीमा सत्तरी श्लोकसंख्यासम्मको रचना यस महाकाव्यमा गरिएको छ । मङ्गलाचरण र लेखकले गर्नुपर्ने शिष्टताको पालना गरिएको छ । विभिन्न रस, अलङ्कार, ध्वनिहरूको प्रयोग गरिएको छ । समग्र जीवनचरित्रको उदात्त प्रस्तुति गर्ने कोसिस भएको छ । जीवनका विविधताहरूलाई परिभाषित गर्ने कोसिस भएको छ । यसरी समग्रमा भन्नुपर्दा महाकाव्यका यथासम्भव मूल्यहरूलाई आत्मसात् गर्दै आफ्ना नवीन मान्यताहरूलाई बोकेर **देवघाट** महाकाव्य विरचित हुन पुगेको छ ।

## परिशिष्ट १

# देवघाट

(महाकाव्य)

## प्रथमसर्ग

**अनुष्टुप्**

मेरो स्रष्टा नमस्कार ! नमस्कार म गर्दछु ।
म आफै सिर्जना उस्को अब आकार बन्दछु ॥१॥

पूर्णको अंश हूँ पूर्ण, पूर्णमै परिपूर्ण छु ।
म आफ्नै लेखनी भित्र जब साकार बन्दछु ॥२॥

म ऋणी छु सधैँ माता पिताको गुरुदेवको ।
मेरो आधार हो माटो वायु हो जल देशको ॥३॥

म मेरो शिरमाथिको आकाश ढोग्दछु सधैँ ।
पैतालाहरूले धर्ती मानौँ म बोक्दछु सधैँ ॥४॥

मेरो प्राण बनेकोछस् हावा ए धन्यवाद छ ।
मेरो त्राण बनेकोछस् पानी ए धन्यवाद छ ॥५॥

धर्तीकै रूप ए अन्न तँलाई धन्यवाद छ ।
सबैमा भन्न चाहन्छु कि मेरो धन्यवाद छ ॥६॥

म सबैको अनुदान सबैको अधिकार हूँ ।
म भन्ने चीज नै छैन व्यर्थमा अभिमान हूँ ॥७॥

परन्तु म हुनैपर्छ देख्नलाई पनि यहाँ ।
अभिमान लिएँ मैले लेख्नलाई पनि यहाँ ॥८॥

**मन्दाक्रान्ता**

मेरो कच्चा रहर अथवा धृष्टता बन्न खोज्छ ।
आँखा खोली जब सुजनले यो कुरा जान्न खोज्छ ॥
यात्रा गर्दा कति पटक यो बीचमै लड्न खोज्छ ॥
लड्दै इच्छा अटल चुचुरो तर्फ नै बढ्न खोज्छ ॥९॥

आँखा भन्दा परतिर कतै मेटियो बाल्यकाल ।
खोज्दै जाँदा अलिकति कतै भेटियो बाल्यकाल ॥
साँच्चै मेरो प्रथम कविता काव्यको नाद हो त्यो ।
बुझ्नै पर्ने विपुल सुखको दिव्य संवाद हो त्यो ॥१०॥

माटो लाग्यो नरम रसिलो स्नेहले सिक्त जस्तो ।
आफैँलाई सबतिर खुला काख हो रिक्त जस्तो ॥
पाएँ मैले अनुपम कलाकारिताको कमाल ।
धेरै चौडा मन अनि भयो उठ्न थाल्यो सवाल ॥११॥

आफैँलाई कतिपय कुरा भन्नलाई सुनाएँ ।
भोग्दा भोग्दै अनुभवसँगै जे कुरा गुन्गुनाएँ ॥
त्यस्मा थोरै हक, यदि भए, दोष सारा मलाइ ।
लेख्यो कस्ले किन समज नै छैन है आफूलाई ॥१२॥

ज्यूँदो जाग्दो कवि हृदय जो स्नेहले जग्मगायो ।
जस्ले माया असिमित अहो प्रेम राखी बनायो ॥
उस्कै हो यो सकल कविता लेख्न उस्ले लगायो ।
आफ्नै हाँसो अलिकति कतै अश्रुधारा बगायो ॥१३॥

मैले देखेँ जुन हिमचुली मुस्कुराइरहेको ।
त्यो हाँसोले अविदित कुनै गीत गाइरहेको ॥
हेर्दै सोही विषय रसिलो काव्य झैँ गुन्गुनाएँ ॥
पैले आफै, अनि सकलमा गुन्गुनाई सुनाएँ ॥१४॥

आफै यौटा हरफ अथवा पंक्ति हूँ सिर्जना म ।
सिङ्गो आफै अनुपम महाकाव्य हूँ व्यूँझदा म ॥
मैले बन्दा पनि गजबकै तुष्टि मान्यो कसैले ।
जे जस्तो हूँ तर पनि सँधै सृष्टि मान्यो कसैले ॥१५॥

मैले बोल्दा प्रखर सुरमा सिर्जना शक्ति बोल्छ ।
डाँडा काँडा परपर महासिन्धुलाई छिचोल्छ ॥
आफ्नै निष्ठा तपस यसको मोहनीले बिथोल्छ ।
आफैलाई अनुपम भए सिर्जनाले पिरोल्छ ॥१६॥

मैले पैले कवि हुन ठुलै साधना गर्नुपर्ला ।
आफैलाई सरस कविका सङ्गले भर्नुपर्ला ॥
खोजी खोजी सकल कविता प्रेमले पढ्नुपर्ला .
चौडा बाटो विविध कविता काव्यको खन्नुपर्ला ॥१७॥

केही लेख्ने कवि अब बनौँ पग्लदै सिर्जनामा ।
केही देख्ने कवि अब बनौँ अग्लदै सिर्जनामा ॥
आफूलाई हरवखत नै सिर्जनामा मिटाऊँ ।
विद्या सोझै अब अलिकता शारदाबाट पाऊँ ॥१८॥

लेख्दा केही गणपति मिले हात माग्थेँ उनैको ।
गङ्गाजस्तै कलम बहने साथ माग्थें उनैको ॥

भन्ने सारा सरर कविता व्यास खोज्दै म हिँड्थेँ ।
ज्यूँदो होला तब न कविता सास खोज्दै म हिँड्थें ॥१९॥

मेरो, श्रद्धा सुमन मनको फुल्छ, बाल्मीकिलाई ।
श्रद्धा द्वैपायनतिर नदी बग्छ आफै रमाई ॥
श्रद्धा आफै चरण कविका सम्झनाबाट झुक्छ ।
श्रद्धा अग्ला विपुल गुणका भावनाले नुहुन्छ ॥२०॥

यो बाटोमा जति कवि हिँडे ती सबैमा प्रणाम ।
यो माटोमा जति कवि गडे ती सबैमा प्रणाम ॥
जस्को जस्को सतत युगले सम्झना गर्छ नाम ।
श्रद्धा मेरो पनि अझ पुगोस् ती सबैमा समान ॥२१॥

पक्का मैले अलिकति गरेँ गर्नलाई हतार ।
थाप्लोमा यो कठिन कविको झन् ठुलो बोक्नभार
मेरो भित्री मन जगतको वस्ती हो यो उजाड ।
गर्दा गर्दै मसँग तुलना पीर बाधा नपार ॥२२॥

गङ्गा जस्तै अविरल बगूँ लक्ष्यमा पुग्नलाई ।
जानौँ मैले पनि जलधि झैँ बाँच्न आफै रमाई ॥
तिर्खाएका कवि रसिकको प्यास मैले मिटाऊँ ।
बग्दै, फोका सदृश कविता सिर्जना गर्न पाऊँ ॥२३॥

पैले आफ्नो जति मुलुकको मृत्तिका मै भिजाऊँ ।
बग्दै बग्दै अनि जलधिमा मिल्नलाई म जाऊँ ॥
आफ्नै हाँसो अलिकति दिई खेत बारी हसाऊ ।
चुच्चो भर्दै अमृत जलले पंक्षी लाखौं नचाऊँ ॥२४॥

यै माटोमा सुखद सुनका धानबाला झुलाऊँ ।
खेतीपाती हरित वनमा जीवजन्तु झुलाऊँ ॥
यै ठाउँका हृदयतलमा मीत सच्चा लगाऊँ ।
नौला नौला प्रणय रसमा गीत केही म गाऊँ ।२५॥

जाँदा जाँदै पनि समय यो लाग्छ फर्की म आऊँ ।
कालीगङ्गा तट वगरमा उफ्रँदै रम्न पाऊँ ।
तृष्णा जप्ने हृदय पनि यो लाग्छ साँच्चै हसाऊँ ।
सारा, गारा जटिल भवका बोझ आफ्ना बिसाऊँक ॥२६॥

गङ्गा हो यो सतत बहँदो काव्य नै स्वच्छ चङ्गा ।
लड्दा लड्दै समर जसमा युद्ध मानौ खलङ्गा ।
फाली मैलो तन र मनको किन्तु आनन्द देला ।
काव्यानन्द स्फुरण कविता पार्न खोज्दैछु फेला ॥२७॥

माटो जस्तो विषय कसरी काव्यमा मिल्छ होला ।
पानी जस्तो विषय कसरी काव्यमा मिल्छ होला ॥
यो अप्ठेरो जटिल कविको दम्भ बोक्ने कुरा हो ।
जस्ले चढ्ला अफ शिखरको उच्चता टाकुरा यो ॥२८॥

ज्यादै राम्रो स्थल पुनित यो तीर्थ नेपालधाम ।
खोज्दै जाँदा स्मृति विविधमा देख्न पाइन्छ नाम ॥
कैलासैका उपर शिवले बास बस्ने धरा यो ।
यो माटोले प्रथम कविता सभ्यता गीत गायो ॥२९॥

यो धर्तीमा वन, हिम, नदी संस्कृति छन् अपार ।
जन्मेका छन् ऋषिमुनि यहाँ ईश नै बारबार ॥
नेपालीको स्थल सकल यो हो तपस्वी बसेको ।
बीना हो यो अलप रहने नाभी भित्रै रहेको ॥३०॥

यै खोलाका वगर वगरै सभ्यता हुर्किएथ्यो ।
जस्ले सारा जगतभरमा कीर्ति श्रद्धा लिएथ्यो ॥
मान्छेलाई असल गुँण वा दैव शक्ति दिएथ्यो ।
ज्यूँदोजाग्दो सफल युगले यो धरामा जिएथ्यो ॥३१॥

यै माटोमा अटल हिमवत् खण्ड हो फैलिएको ।
आई शुद्धोदन-तनयले शान्तिदीक्षा दिएको ॥
यो धर्तीमा जनकपुरका मैथिली सभ्यताछन् ।
माथिल्ला छन् स्तर अरनिको,को अफै जे कलाछन् ॥३२॥

नारी सीता अनि भृकुटीका छन् ठुला दिव्य गाथा ।
यस्तै आध्यात्मिक पथिकका सम्फना योग्य बाटा ॥
क्रीडाको यो स्थल सकल ती वीर वीराङ्गनाको ।
लाटो भन्छन् समय अघिको बुफ्न लाग्यो चनाखो ॥३३॥

मैले खोजें अलिकति कथा लेख्न भागीरथीको ।
खोजेको हुँ अलिकति व्यथा देख्न भागीरथीको ॥
कस्कोद्वारा कुन नियतिले बन्दछन् सारथीको?
मान्छे आफै पनि त बहँदो तीर्थ भागीरथी हो ॥३४॥

बर्षा धेरै समय नहुँदा के भयो यो धरामा ।
धाँजा फाट्यो वगर हुनगो खेत बारी गरामा ॥
त्यो बेलामा भगिरथ कुनै नामका व्यक्तिबाट ।
आइन् गङ्गा शिव मुकुटमा स्पर्श गर्दै प्रसाद ॥३५॥

गङ्गा धेरै प्रवल गतिले स्वर्गबाटै झरेकी ।
झर्दा झर्दै शिव मुकुटमा बास आई बसेकी ॥
धर्तीलाई त्यसपछि छुँदै शुद्ध पारेर आइन् ।
आफै एक्लै पनि प्रवलता नाद पो गुन्गुनाइन् ॥३६॥

मैले त्यस्तै पुनित जलले देह यो शुद्ध पारे ।
आफ्नै भित्री कलुसितपना दुष्टतालाई झारेँ ॥
जे भेट्टाएँ सकलमनका भावनालाई सारेँ ।
लेखेँ वैयक्तिक लहडमा लौ अरु के बिगारेँ ॥३७॥

यस्मा ठ्याक्कै प्रविधितहको काव्य सिद्धान्त छैन ।
हो, माथिल्लो प्रवलपनको भावना पाइँदैन ॥
कट्मेरो हूँ म त यस घडी, साधना पूर्ण छैन ।
जे जे होला तर नि सृजना व्यर्थ चाहिँ हुँदैन ॥३८॥

मैले मेरो यस समयमा पूर्ण संसार पाएँ ।
धेरै स्रष्टा जन नयनले हेर्न चाँहि गुमाएँ ॥
पक्कै तिन्का विविध रचना प्राप्तछन् धन्य हामी ।
स्रष्टा मर्दा यस समयमा सिर्जना छन् मलामी ॥३९॥

आयो यौटा लहडमनमा यी कुरा लेख्नलाई ।
मैले खोजे प्रथम कविता सिर्जना देख्नलाई
कस्तो होला विकटपथको दूर गन्तव्य मेरो ।
झाँकी केही न त छ रसिलो गेयता भव्य मेरो ॥४०॥

लेख्नै पर्ने न त छ कविता वाध्यतामा कसैको ।
पढ्नै पर्ने न त छ कविता वाध्यतामा कसैले ॥
जान्दा जान्दै पनि सब कुरा तै पनि लेख्छु आज ।
कोही पढ्ने सुजन कविता छन् यता देख्छु आज ॥४१॥

बुझ्ने मान्छे कति छ कविता हातका पाँच औँला ।
गन्दै होलान अझ पनि उता स्वर्गमा देवकोटा ॥
साँच्चै पढ्ने सुजन कविता अल्पछन् भन्नुपर्छ ।
भन्ने कस्ले कविहुन सधैँ काव्य नै पढ्नुपर्छ ॥४२॥

मैले आफै पनि त कविता काव्य छैनन् पढेको ।
बाटो छेक्ने हिम शिखरमा छैन मैले चढेको ॥
धर्तीबाटै पनि धरणिमै हुन्छु धेरै लडेको ।
होला मेरो अलिकति जरा सिर्जनामा गडेको ॥४३॥

आस्था राख्ने कवि पथिकका लक्ष्य हुन् देवकोटा ।
बन्छन् मेरा करयुगलका अङ्गुली पाँचओटा ॥
नेपाली त्यो कवि सुजनको काव्य मैले पढेको ।
पढ्दा शाकुन्तल हृदयको केन्द्रमा हो गढेको ॥४४॥

त्यस्को थोरै अनुशरण हो काव्य यो देवघाट ।
लक्ष्मीको यो अलिकति भए दिव्यता यो प्रसाद ॥
आस्था अर्का तरुण तपसी सिद्धछन् लेखनाथ ।
लेख्ने, सिक्ने अवसरमहाँ छैन कैले अनाथ ॥४५॥

मैले देखेँ रसिक घिमिरे काव्य शिल्पी अपार
गर्नै पर्ने अविरल नमस्कार हो बार बार ॥
अर्को कोही त्यसपछि लिने नाम नै आउँदैन ।
आयो कोही तर नि युगले चालनै पाउँदैन ॥४६॥

जस्ले लेखे कवि जति सबै नाम छन् प्रार्थनीय ।
धर्ती माता सतत मनमा लाग्दछिन् बन्दनीय
कुल्वें कैयौं पटक धरती पुण्य जुन् देवघाट ।
पाऊँ मैले अब पनि क्षमा, भूल होलान् मबाट ॥४७॥

**वंशस्थ**

छ जे अडेको पनि पञ्चतफ्वमा ।
छ जे बनेको पनि पञ्चतफ्वमा ॥
धरा, छ पानी, नभ, तेज वायु छ ।
र पाँचले सृष्टि सदैव चल्दछ ॥४८॥

धरा सधैं केवल गन्धवान छ ।
र आपमा शीतलको पना र छ ॥
छ उष्णता स्पर्श सदैव तेजमा ।
भएर नै स्पर्श बहन्छ वायुमा ॥४९॥

छ शब्द आकाश भरी जताततै ।
छ पञ्च यो तफ्व यहाँ जताततै ॥
म पाँचमा यी जल तफ्व चुन्दछु ।
र पाँचकै सुन्दर माल्य उन्दछु ॥५०॥

छ तफ्व यस्तो जुन गण्डकी जल
पवित्र राम्रो जलनाद कल्कल ॥
अनाहत स्पर्श छ भित्र कम्पित ।
आफै म बन्दो छु सदा प्रकम्पित ॥५१॥

म पुग्छु जो सङ्गम देवघाटमा ।
अवश्य आफ्नै वयको प्रभातमा ॥
म शान्तिले सुन्दछु, हेर्छु गण्डकी ।
विचार राखी यसभित्र बन्धकी ॥५२॥

**तोटक**

यसरी अडियो गति टक्क यहाँ ।
अनिता बसिएछ समाधिमहा ॥
गुनगुन्गुनको लय मात्र भयो ।
मन तन्मयतासित एक भयो ॥५३॥

# दोस्रो सर्ग

**उपजाति**

कथा स्वयं भित्र छ देवघाट ।
देवत्वको यो छ चिनो प्रसाद ॥
खुले भने नेत्र छ यो विराट ।
आँखा नखोले पनि यो विराट ॥१॥

भन्छिन् नदी सङ्गम गण्डकीले ।
कृष्णा र शुक्ला जल पल्ववीले ॥
मैले हिँडेको पदचाप भित्र ।
स्वयं बनेको छ कथा सचित्र ॥२॥

मेरो छ आफ्नै इतिहास केही ।
हूँ गण्डकी स्वर्गहुँदै खसेकी ॥
भागीरथीनाम दिए कसैले ।
पवित्र ठान्छन् जलभक्त सबैले ॥३॥

म शुद्ध छु शुद्ध सफेद पार्छु ।
सबै थरी कल्मषलाई फाल्छु ॥
विक्षिप्त विभ्रान्त पना सुधार्छु ।
सबै सबै यो दुनियाँ सपार्छु ॥४॥

म फेरि आध्यात्मिक दीप बाल्छु ।
असत्य अन्याय अधर्म फाल्छु ॥
म प्रेमले विश्व सबै पगाल्छु ।
म भित्र वा बाहिरको पखाल्छु ॥५॥

भनेर तीर्थस्थल देवघाट ।
मैले बनाएँ अनि यो विराट ॥
घेरेर मैले सबतर्फ फेरि ।
त्यस्मै समेटेँ सबतथ्वदर्शी ॥६॥

यहीँ बसाएँ कति देवदूत ।
यो धर्तीका दिब्य वडा प्रसूत ॥
महर्षिले ध्यान यहीँ लगाए ।
त्यागी तपस्वी परबाट आए ॥७॥

प्रभातमा वैदिक मन्त्रबाट ।
हो मन्त्रणा हुन्छ सँधै मबाट ॥
यो धाम आध्यात्मिक साधनाको ।
सँधै बनेको छ अपूर्व बाटो ॥८॥

म बोल्दछु सुन्छ कसै कसैले ।
मैलो यहीँ धुन्छ कसै कसैले ॥
अनादि जो पुञ्ज छ रुग्ण कन्था ।
सिलाइ वा बुन्छ कसै कसैले ॥९॥

पानी सबै केवल हैन पानी ।
यो सभ्यताको जल हो विहानी ॥
बग्दैछ व्यर्थै अनि जो छ पानी ।
त्यस्मै छ सारा जन जिन्दगानी ॥१०॥

हुँदैन रे जीवन भिन्न पानी ।
रहन्न पानी बिनु जिन्दगानी ॥
खोजी गरे झन्झट नै नमानी ।
लामो छ धेरै जलको कहानी ॥११॥

पृथ्वी उचालीमुनि बस्छ पानी ।
आकाशगङ्गाभइ खस्छ पानी ॥
चिरेर धर्तीभर हिँड्छ पानी ।
पानी बिना हुन्छ र के जवानी ॥१२॥

पानीसँगै जीवन स्रोत हुन्छ ।
पानी भए जीवन यो रहन्छ ॥
पानीसरी जीवन बग्नुपर्छ ।
उद्देश्यमा सागर बन्नुपर्छ ॥१३॥

जमेर चट्टान भएर बस्छ ।
प्रभातमा भाष्कर नित्य खस्छ ॥
टुसुक्क बस्ने र मुसुक्क हाँस्ने ।
हिमाल साक्षी छ सदैव बाँच्ने ॥१४॥

साक्षी सबैको छ हिमाल पानी ।
विशाल त्यो सागर हुन्छ पानी ॥
पानी हुँदा जीवित हुन्छ प्राणी ।
शरीरमै हुन्छ रहन्छ पानी ॥१५॥

पृथ्वी निचोरे पनि झर्छ पानी
आकाशले भूतल भर्छ पानी ॥
हावा सधैँ बोक्दछ शीत पानी ।
पानी छ टम्मै अनि तेजमानि ॥१६॥

अभिन्न पानीसँग जीन्दगी छ ।
पानी रहे प्राण यहाँ रहन्छ ॥
उत्पत्तिको स्रोत छ मात्र पानी ।
बहन्छ यो जीवनको कहानी ॥१७॥

महफ्व धेरै जल सभ्यताको ।
पाटो भयो वैदिक सभ्यताको ॥
छन् वेदमा आप विशेष मन्त्र ।
चर्चा चलेको छ जहाँ स्वतन्त्र ॥१८॥

मरेर जाँदा पनि पर्छ खाँचो ।
जस्मा खुला जीवनको छ साँचो ॥
पानी त्यही अमृततुल्यधारा ।
यो मात्र हो जीवनको सहारा ॥१९॥

पूर्वीय/पौरस्त्य छ सभ्यतामा ।
पानी बिना षोडश कृत्य काम ॥
हुँदैन केही पनि है तमाम ।
तसर्थ यस्को छ सधैँ सुनाम ॥२०॥

पानी म आफै जुन गण्डकी हुँ ।
सङ्गीतको जो धुन गण्डकी हुँ ॥
स्वयम् गरेको छु विकाश आफ्नो ।
आफै कहन्छु इतिहास आफ्नो ॥२१॥

म घुम्दछु चक्र बनेर नित्य ।
सीधा कतै वक्र बनेर नित्य ॥
हिमाल पग्लेर लिएर जन्म ।
म बग्दछु पुग्दछु दूरसम्म ॥२२॥

मेरो तपस्या दिन रात उस्तै ।
म हाँस्दछु खेल्दछु नित्य खस्दै ॥
मेरो रुवाइ पनि बग्नुमा छ ।
हाँसो सबै कल्कलनादमा छ ॥२३॥

म हेर्छु वा चुम्दछु सप्तरङ्ग ।
उठाउँदै नित्य नयाँ तरङ्ग ॥
प्राणीहरूको सब चालढङ्ग ।
हेर्दा भएको छु सधैँ झसङ्ग ॥२४॥

थोपा म सानो शिशु जन्मदामा ।
बाबा थिए साथ थिइन् न आमा ॥
सङ्घर्ष धेरै अघि बढ्नलाई ।
त्यो कालमा धेर थियो मलाई ॥२५॥

खाल्टा अध्यारा सब भर्नुपर्ने ।
माटो भिजाइ अघि बढ्नु पर्ने ॥
हराउँदै फेरि कतै कराइ ।
बग्दैरहें जीवन यो रमाइ ॥२६॥

साथी अनेकौँ तब मिल्न आए ।
झर्ना बनी झर्झर बग्न पाएँ ॥
पहाडको बल्ल उचाइ नापेँ ।
फुटाउँदै पत्थरमा म बाँचेँ ॥२७॥

बग्नु न हो हर्दम शक्ति मेरो ।
पहाडको हाड विशाल घेरो ॥
आफै टुट्यो, लाग्दछ यो अचम्म ।
सोच्यो भने भाग्दछ यो अचम्म ॥२८॥

म जुध्छु विश्वास लिएर आफ्नो ।
ज्यूँदो छु निश्वास लिएर आफ्नो ॥
विकाश सारा गतिमा अडेको ।
मैले बुझेको छु कुरा गडेको ॥२९॥

पहाड फोरेर बनाइ बाटो ।
टेकी सबैतर्फ भिजाइ माटो ॥
हो फूलको त्यो मुसकान मेरो ।
मै हुँ लता कुञ्जहरू अँधेरो ॥३०॥

प्रभातको स्वागत निम्तिलाई ।
हो शीतको आसननै जमाइ ॥
श्रृङ्गार भर्दै तृण ओठमाथि ।
म आउँदै बस्छु हरेक राति ॥३१॥

प्राणीहरूको जब प्यास भर्छु ।
सुदूर पुग्ने अनि आश गर्छु ॥
सेवा यही जे जति गर्न सक्छु ।
उत्साहको वेग लिएर बग्छु ॥३२॥

तिर्खा भए व्याकुल हुन्छ प्राणी ।
म मेट्छु हो सङ्कट कष्ट जानी ॥
पानी पिई जो जति तृप्त हुन्छ ।
लाखौँ गुणा तृप्ति ममा रहन्छ ॥३३॥

सेवा कुनै मानिस गर्न सक्ला ।
मेवा मिठोको फलभोग गर्ला ॥
परन्तु मिठ्याइ रहन्छु जिह्वा ।
त्यागी कुनै छैन भनी म भन्दा ॥३४॥

सङ्कीर्णताको घरमा बसेर ।
के स्वार्थको कूप मुनि खसेर ॥
सेवा म जस्तै नर गर्न सक्ला ।
संसार यो सागर तर्न सक्ला ? ॥३५॥

मेरो छ आज्ञा उपकार गर्नु ।
समष्टि छौ व्यष्टि बनी नझर्नु ॥
आत्मा तिमी वास्तवमा नमर्नू ।
हो कामना काम कुनै नगर्नु ॥३६॥

यो बोधले गण्डकी बन्न पुग्छु ।
झर्ना नदी सागर बन्न पुग्छु ॥
परन्तु यात्रा छ हरेक खण्ड ।
विशिष्टता राख्छ हरेक अङ्ग ॥३७॥

म बढ्छु विस्तार हुँदै प्रवाह ।
कतै थिएँ सीमित यो अथाह ॥
पहाड च्याती म त बग्न थालेँ ।
झङ्कारको कल्कल नाद बोलेँ ॥३८॥

दौडेर केही वनजन्तु आई ।
छुँदै कतै चुम्बन झैँ मलाई ॥
प्यूँदा म लिन्थेँ उसको पियास ।
औत्सुक्यको साथ जुधाई सास ॥३९॥

फुत्केर ती हिंस्रक जीवबाट ।
जो आउँथे शावक मिर्ग खास ॥
सकेँ भनेँ छाल बनी धकेल्थेँ ।
म अन्यथा जीवनलाई निल्थेँ ॥४०॥

चराहरू चञ्चु भरेर उड्थे ।
छाया खसाएर लुकेर उड्थे ॥
आकाश खोसेर कतै म राख्थेँ ।
हतार देखाइ कतै म भाग्थेँ ॥४१॥

कतै छ उद्दण्ड अशिष्ट पारा ।
कतै खुला जीवनको किनारा ॥
काँही छु आफ्नै गति गौर गर्दै ।
सबै कला शिल्पहरू समेट्दै ॥४२॥

छ भद्रता शिष्टपना कतै त ।
नवै वटा ती रसता छँदैछ ॥
कतै छ प्रेमील हिँडाइ न्यायो ।
छ वीर वा रौद्र कुनै फलानो ॥४३॥

कतै छ कारुण्य र हास्य धारा ।
अद्भूत जस्ता रसको सहारा ॥
मै काव्यको हुँ कि अनादि स्रोत ।
मैलाई ए सर्जक खोज खोज ॥४४॥

नदी बनेँ बल्ल विशाल हेर्दा ।
थोपा र थोपा जलको समेट्दा ॥
एकत्वको शक्ति रहेछ जानेँ ।
हो एकतामा बल हुन्छ मानेँ ॥४५॥

थोपो हुँदो हुँ किन कुद्न सक्थें ।
पहाड सामु किन जुद्न सक्थें ॥
हो एकतामन्त्र तसर्थ खाँचो ।
सिङ्गो जहाँ जीवनको छ हाँसो ॥४६॥

थोपा म सानो जुन सुक्न सक्थें ।
माटोसँगै दब्न र लुक्न सक्थें ॥
म बाफ बन्दै पनि उड्न सक्थें ।
यात्रा नगर्दै पनि छुट्न सक्थें ॥४७॥

म बुझ्दछु डोरी हुँदैन डोरी ।
धागोहरू एक गरी नजोडी ॥
त्यसैगरी  मिल्दछु एक एक ।
आफैसँगै शक्ति बनी उठेर ॥४८॥

बहाव मेरो अब थुन्छ बाटो ।
धर्ती चिरेको छु बगाइ माटो ॥
म स्तम्भ सीमा अब बन्न सक्छु ।
बोलेर आफै अब भन्न सक्छु ॥४९॥

म साथ को जुध्न र भिड्न सक्छ ?
सदा म जस्तै कुन हिँड्न सक्छ ॥
गरेर हुँकार सधैँ म जस्तै ।
कर्तव्यमा लौ कुन हिँड्न सक्छ ॥५०॥

म सत्यको साथ रहन्छु कर्ममा ।
हुँदैन आलस्य र अल्छी भावना ॥
तसर्थ उद्घोष छ गर्वसाथ ।
दृष्टान्त मेरो सबले समात ॥५१॥

अनित्यमा नित्य म हुन्छु जस्तो ।
हतारमा हुन्छु सधैँ म खस्दो ॥
यो जिन्दगी हो अझ अर्थपूर्ण ।
कतै म लेखिन्छु कतै अपूर्ण ॥५२॥

**शिखरिणी**

थियो गङ्गाजीको यस तरहको शब्द भरिलो ।
त्यसैद्वारा कोही सरस कविको ध्यान अडियो ॥
कहाँ खोजूँ कस्तो विषय ? लिन बन्दै छटपटी ।
हिँडेको बेलामा जल उपर देखे नटनटी ॥५३॥

जहाँ गङ्गाजीको ध्वनि मधुरतापूर्ण सुनियो ।
त्यसैमा श्रद्धाको सुमन कविको काव्य बुनियो ॥
थियो वा त्यो वाणी अमृतमय झैँ वेद सबको ।
त्यही वाणी मानौँ कविकन परब्रह्ममय भो ॥५४॥

जहाँ गङ्गाजीको सुललित अनाहत् ध्वनि थियो ।
त्यसैको श्रद्धाले कवि हृदय सारा खिचिदियो ॥
मिल्यो अर्कै खाले अनुभव समाधिस्थ मन भो ।
उठ्यो झुल्को पानीभरि सुखद वा शान्त पनको ॥५५॥

**मालिनी-**

यसपछि कवि लाग्यो खोज्न फेरि समाधि ।
हर घडि कविताको आइलाग्यो उपाधि ॥
उस दिन उभिएको तीर्थ हो देवघाट ।
प्रकटित अब हुन्छन् काव्य बन्दै सपाट ॥५६॥

## तेस्रो सर्ग

क्रमसँग कविताको चाहना झन् बढायो ।
मनभरि अनि लाखौँ भावना अङ्कुरायो ॥
सुरुचिमय बनायो बुझ्न झन् देवघाट ।
कण कण हुन लाग्यो आजलाई विराट ॥१॥

व्यथित हृदय बन्दा बुझ्नमा देवघाट ।
सब जनसँग हुन्छन् प्रश्न आफै म बाट ॥
किन सब सलिलाको पुण्यको गान गर्छन् ।
हरि हर किन मिल्छन् गण्डकी एक हुन्छन् ॥२॥

यस किसिम बगेका गण्डकी स्रोत हो के ?
कति विपद र चर्को दुःख दर्दादि भोगे ॥
किन प्रतिदिनको हो नित्य अभ्यर्थना यो ।
यश अनि महिमाको गान भो यो धराको ॥३॥

नियमित किन मान्छे आउँछन् धर्म गर्न ।
पुनित धरणि भन्दै अन्त्यको कर्म गर्न ॥
कथन छ कसमा के सिद्धि यस्मा मिलेको ।
यस बसुमति कस्तो कीर्तिछन् फैलिएको ॥४॥

किन सब यस ठाउँ रोज्दछन् देवताले ।
कति सुख अनि भोग्छन् बस्दछन् जो मजाले ॥
विविधथरि छ जस्को नाम के व्यर्थ छैनन् ।
मनुज सकलका यी काम के व्यर्थ छैनन् ?॥५॥

सबसित यसबारे बोल्दछन् शास्त्रले के ?
अप्रकटित छ बाँकी खोल्दछन् शास्त्रले के ?
जनश्रुति अझ के के बोल्छ होला मजाले ।
कति विपुल छ दृष्टि व्यर्थ कत्ति नफाले ॥६॥

हृदयभरि यहीँका प्रश्न चल्छन् हजारौँ ।
कुतुहल मनको त्यो हुन्छ के मा म सारौँ ?
महक मधुरिमाको लाग्छ केही म पाऊँ ।
सृजित भुवन हेर्दै सिर्जनामै रमाऊँ ॥७॥

यसपछि बगरैमा मिल्दछन् साधु एक ।
तलतिर दिदी बैनी गण्डकीको छ भेट ॥
नियमित छ हवाको प्रेमले सिक्त पङखा ।
मधुर वचन बोल्छिन् भव्यता साथ गङ्गा ॥८॥

धरणिभर फिजिन्छन् सूर्यका रष्मिरेखा ।
भुवनसब गुलाबी रङ्गमा चोबिएका ॥
प्रकटित छ हाँसो सृष्टिको आज जस्तो ।
भनन कुन छ भन्छन् सिर्जनाले म जस्तो ॥९॥

गगन धरणि माथि घोप्टिएको छ जस्तो ।
उस उपर निलीमा पोखिएको छ जस्तो ॥
उभय नभ नदी छन् स्वच्छ गम्भीर खाले ।
रङ, चमक दुईमा किन्तु कस्को निकाले ॥१०॥

रवि पनि यति बेला शान्त गम्भीर छन् कि ?
यम, नियम समाती शून्यमा स्थीर छन् कि ?
दिवस त सकिदैछन् रात धेरै छ टाढा ।
रवि तलतल खस्दै पुग्दछन् माथि डाँडा ॥११॥

किरण छ तपसीको माथमा टल्किएको ।
बदनभरि अनौठो साधुता झल्किएको ॥
शिर उपर फुलेका टल्कने केशराशि ।
तन पनि अविनाशी हुन्न जस्तो विनाशी ॥१२॥

प्रकटित उनका छन्केश सारा फुलेका ।
परमपद पुगेका देह आफ्नो भुलेका ॥
मधुरस रस भित्रै लाग्दथे छन् घुलेका ।
अघितिर कवि पर्दा नेत्र उन्का खुलेका ॥१३॥

वरिपरि उनको त्यो ज्योतिले जग्मगायो ।
मधुर मधुर वास्ना वायुमा मग्मगायो ॥
वचन अनि अनौठा गण्डकीले सुनायो ।
कवि हृदय उनैमा प्रेमले झुन्झुनायो ॥१४॥

परिचित पनि लाग्थे सृष्टिकै आदि जस्ता ।
परिचित पनि लाग्थे हो नया भेट जस्ता ॥
त्यसतिर किन तान्यो दिव्य सम्मोहनीले ।
रुनुझुनु मन पाऱ्यो पूर्णिमा चाँदनीले ॥१५॥

रविसँग यतिबेला पूर्ण गाम्भीर्यता छ ।
मुख अझ उनको झन् पूर्ण गाम्भीर्यमा छ ॥
लिइकन नि बिलायो शक्ति आफै दुबैमा ।
त्यसपछि अनि शान्ति बल्ल छायो मुखैमा ॥१६॥

विचलित खहरेमा, शान्ति छन् सागरैमा ।
उस किसिम दुबै छन लाग्दथ्यो पूर्णतामा ॥
रवि पनि अब आफ्नो तेजमै शान्त हुन्छन् ।
प्रतिफल तपसी झन् वृक्षले झैँ नुहुन्छन् ॥१७॥

मुखरित परिभाषा साधुता आज मिल्छ ।
हृदय अब त श्रद्धा प्रेमको फूल हुन्छ ॥
चरणतिर उनैको टाउकाले नुहुन्छ ।
उपर प्रवल श्रद्धा तर्कको व्यर्थता छ ॥१८॥

मधुर वचन 'बाबु' बोल्दछन् साधु फेरि ।
कविसित करुणाले प्रेमकासाथ हेरी ॥
भन न त अब भन्छन् चाहना राख्दछौ के ।
वरिपरि सब आफै पाउँछौ खोज्दछौ जे ॥१९॥

कठिन पनि हुँदैनन् प्राप्त छन् प्राप्ति आफै ।
लिन सुजन रुँदैनन् प्राप्त छन् प्राप्ति आफै ॥
प्रतिपल महगो छन् व्यूझनु पर्छ आफै ।
मनुज सब अँधेरो जे जति छर्छ आफै ॥२०॥

नजिक रहनलाई जत्ति जे पाउँदैछन् ।
मुखरित हुन आफै भावना आउँदैछन् ॥
तर पनि कवि उन्कै तेजमा मस्त हुन्छन् ।
पवन उभयलाई प्यारका साथ चुम्छन् ॥२१॥

अलि समय नबोली मौनता बोल्न दिन्छन् ।
त्यसपछि अनि बाबा शब्द पैलो सुनिन्छन् ॥
हजुर सित म केही तर्कना सोध्न सक्छु ?
भनिकन कवि भन्छन् साथ पाइरहन्छु ? ॥२२॥

मुसुमुसु अब हाँसो साधुता हाँस्न थाल्यो ।
मधुरमय अवस्थानम्रताले निकाल्यो ॥
यस पछि अब भन्छन् तीर्थ यो घुम्न आएँ ।
विविध धरणि घुम्दै आई यस्मा रमाएँ ॥२३॥

यस पछि कवि भन्छन् गण्डकी साथ के छन् ?
हजुर रहनु यस्मा सत्यता के रहेछन ?
हजुर त घुमिहिँड्ने साधु के ले अडायो ।
अधिक बचन जिब्रो आज के बड्बडायो ॥२४॥

वचन छ प्रिय तिम्रो भावना शुद्ध पाएँ ।
नजिक सुजन पाई आज धेरै रमाएँ ॥
सुन अब सब भन्छु सत्यतापूर्ण बात ।
पुनित धरणि तीर्थ स्वर्ग हो देवघाट ॥२५॥

भ्रमण सकल गर्छन् देवता यो धरामा ।
खटन सब छ लाई कीट, मान्छे, चरामा ॥
वरपर ऋषि हुन्थे देवता वास बस्थे ।
विविधथरि कथा वा नाम यस्का रहन्थे ॥२६॥

कतिपय तपसीको साधना हेर्नलाई ।
सुरगण पनि आई हेर्दथे ती रमाइ ॥
कतिपय जन भन्छन् गण्डकीको तपस्या ।
बहुत समय चल्दा विष्णुमा भो समस्या ॥२७॥

अवतरित भई विष्णु भन्दछन् कालीसाथ ।
कुन वर लिन खोज्छौ गण्डकी हे म बाट ॥
त्यस पछि अनि मागिन् पुत्र भै बस्नपाउँ ।
निकट हजुरको नै साथपाई रमाउँ ॥२८॥

यति दिन जुन मैले भक्तिमा शान्ति पाएँ ।
अब पनि यसमानै ध्यान आफ्नो लगाएँ ॥
त्यस पछि त तथास्तु विष्णुले भन्न भ्याए ।
बगरतिर शिलामा विष्णुका चक्र आए ॥२९॥

प्रकटित हुन थालिन् नित्य ढुङ्गाहरूमा ।
किसलय बनि हाल्यो भक्ति थुङ्गाहरूमा ॥
कतिपय जन भन्छन् विष्णु आफै तपस्या ।
शिव प्रतिरत बन्दै ध्यानमा नित्य बस्दा ॥३०॥

कठिन तपसको त्यो दर्द बन्दै उदायो ।
त्यस पछि पसिनाको रूपमा बग्न आयो ॥
सब हरि पसिना हुन् गण्डकी यी बगेकी ।
प्रतिपल हरको जो प्रेममा नित्य टेकी ॥३१॥

अविरल हुन बग्छिन् बन्दछिन् स्तुत्य गङ्गा ।
पुनित तन छ उन्को त्यत्तिमा छैन शङ्का ॥
विध विविधथरी कथा छन् गण्डकीका अनौठा ।
त्यस किसिम कथाका बीचमा फेरि यौटा ॥३२॥

यस किसिम कथाको हुन्छ चर्चा अवश्य ।
स्मृति विविधहरूमा पाइने छन् अवश्य ॥
विविध थरि जहाँ यी गण्डकी भेट हुन्छन् ।
त्यस पुनित धरामै देवता बास बस्छन् ॥३३॥

मनुज सकल भन्छन् तीर्थ हो देवघट्ट ।
प्रकृति अधिक राम्री रूपमा छे विछट्ट ॥
प्रथम पटक यिन्को भेट जैले भएछ ।
छलफल तब सारा गण्डकीको भएछ ॥३४॥

त्यस समय कुरा यो पास भो हर्षसाथ ।
अति पुनित बनाऔँ तीर्थ यो देवघाट ॥
यस धरिणि सबैमा भुक्ति मुक्ति दिनेछ ।
जनहित मन साधु सन्तमा झन् हुनेछ ॥३५॥

अवतरित गराई शान्ति फैलाउने छ ।
स्थल यस रहनेमा चेतना आउनेछ ॥
म पनि अब गरौँ के राष्ट्रको लागि सेवा ।
कुन किसिम दिने हो राष्ट्रको लागि टेवा ॥३६॥

जुन सुजन टहल्दै आउला देवघाट ।
त्यस पछि उसको झन् सोच होला विराट ॥
अलिकति उपयोगी लोकको काम गर्ला ।
कलुतिष मन आफै देहले दूर गर्ला ॥३७॥

यस पछि त नभन्दै दिव्य भो देवघाट ।
कति जन हुन थाले गण्डकीको प्रसाद ॥
यतिवर सब गर्छन्काम लोकोपकारी ।
मनुज जुनि छ बेग्लै अर्थ यस्तो सकारी ॥३८॥

पुनित धरणि पार्नै मिल्दछन् गण्डकीले ।
मनुज जुनि सुधार्नै मिल्दछन् गण्डकीले ॥
विविधथरि जहाँ यी गण्डकी भेट हुन्छन् ।
स्थल पुनत यसैमा पाप नामेट हुन्छन् ॥३९॥

जल पनि जल मात्रै हुन्न तिर्खा लखेट्ने ।
स्थल पनि यति मात्रै हुन्न प्राणी समेट्ने ॥
स्थल जल सब भन्दा तीर्थ आफ्नै छ मूल्य ।
प्रकटित चिज भन्दा भावना छन् अमूल्य ॥४०॥

विवुध जति कलीमा तीर्थमा आइबस्छन् ।
अरु जति सब ठाउँ पाप द्वारा डसिन्छन् ॥
त्यस समय यही हो तीर्थ एक्लो भरोसा ।
ऋषि मुनि सबको यो आश्रयस्थान होला ॥४१॥

त्यस पछि तपसीले दीर्घ निःश्वास लिन्छन् ।
कवितिर पनि हेरी फेरि विश्वास लिन्छन् ॥
अझ कवि मनको त्यो व्यग्रतालाई हर्छन् ।
रवि उदय हुनेछन्, रातमा दूर हुन्छन् ॥४२॥

**शशिवदना**

अब सब कालो
गजब तुवाँलो ॥
सबतिर खेल्ने
उस तम पालो ॥४३॥

उदय हुनेछन्
रवि अब भोलि ।
सबसित हाँसो
खुसपन खोली ॥४४॥

अनि त हुनेछ
तप महिमाको ।
जति गुणगान
अपुग भएझैँ ॥४५॥

कवि हुन शिष्य
जब छ तयार ।
कति अझ गर्ने
कनिकुथि यार ॥४६॥

अब त म पालो
अझ बन कालो ।
छ घनघटाको
बहुविध पाटो ॥४७॥

# चारौँ सर्ग

**पञ्चचामर**

समस्त विश्व व्यूँझदा, उठेन कत्ति मानिस ।
स्वयं जुटेनि विश्व यो जुटेन कत्ति मानिस ॥
मनुष्य भित्र भित्र नै फुटेर जान्छ मानिस ।
सिसा बनेर ठोक्किइ टुटेर जान्छ मानिस ॥१॥

बिहानको उठाइमा भएछ वायु जागृत ।
अकाशभित्र शून्यता सँधै जसो छ जागृत ॥
सुनिन्छ गण्डकी ध्वनी समस्त दिग् दिगन्तर ।
यही छ जागृति नया अपूर्णता कहाँ छ र ?॥२॥

जगाउने छ खालको समस्त विश्वको गति ।
बनाउने छ खालको समस्त विश्वको मति ॥
परन्तु मोहमा डुबी हुँदैछ लास मानिस ।
प्रमाण बाच्नुको सँधै खलाति तुल्य ऊ सित ॥३॥

मनुष्यको हिडाइमा हुँदैन जागृति भने ।
समस्त नित्य कर्ममा रहेन जागृति भने ॥
कुदेर मात्रले कुनै हुँदैन व्यक्ति जीवित ।
अवश्य सोहि मानिस कि लास हो कि मूर्छित ॥४॥

उठेर यो विचारले लिएर उठ्नुको मजा ।
गमेर देवघाटको समस्त प्राकृत छटा ॥
डुवेर भिन्नखालको कवित्व मोहमा कवि ।
निदाउँदै गए वहाँ जहाँ छ लोकको छवि ॥५॥

अवश्य पूर्ण उठ्नु नै म बह्मभाव बोध हो ।
सुताइ भित्र व्यूँझने छ जो मनुष्य त्यो अहो ॥
हुँदैन तुच्छ ऊ कहीँ रहन्छ ज्ञानको धनी ।
कतै झुलुक्क व्यूँझिए प्रसिद्ध हुन्छ जो पनि ॥६॥

जगाउँदै छ कालले विहानमा छ जागृति ।
छकाउँदै छ कालले बुझी बुझी छ विस्मृति ॥
श्मसान बुझ्छ जो यहाँ अवश्य मृत्यू बोध हो ।
जतातत‍ै छ धर्तीमा अनन्त सूचना अहो ॥७॥

समस्त सूचना दिने छ अन्तरिक्ष तारका ।
खुला गरेर राख्दछन् समस्त सृष्टि द्वारका ॥
अनन्त ज्ञान छन् यहीँ अनन्त शिल्प सूचना ।
कला समस्त छन् कहीँ अनन्त भाव भावना ॥८॥

यहीँ समस्त शास्त्र छन् यहीँ छ वेद गुञ्जित ।
अनादि शब्द वाचक छ ॐ यहीँ प्रकम्पित ॥
सुधा यहीँ छ माथिको यहीँ छ भोग्य साधन ।
छ एक केन्द्रको सबै, सबैथरी प्रशारण ॥९॥

पिरो, तितो, मिठो अझै कषाय, अम्ल, नूनको ।
अनेकता छ भूमिमा अनेकता छ जूनमा ॥
विचित्र स्वाद के गरी कहाँ रहन्छ खै कुनि ।
यथा प्रकारको यहाँ विभक्त स्वाद हुन्छ नि ॥१०॥

अनेक रङ्ग फूलको अनेक वासना पनि ।
यही रहेछ धर्तीमा अनेकतासँगै मुनि ॥
अनेकको नराख है तसर्थ स्रोत एक हो ।
अनेक छैन एक नै फिजाउँदा अनेक भो ॥११॥

लिएर यो सुभावना उठेर गण्डकी झरे ।
समस्त तीर्थको यहीँ प्रणाम भाग्यले गरे ॥
त्रिवेणी घाटमा बसी डुबेर शान्तिमा कवि ।
विचारमा थिए सँगै अपूर्व भेटिए मुनि ॥१२॥

यिनी उनै थिए हिजो सप्रेम गर्दथे कुरा ।
कवित्वमा प्रभावको उठाइ भाव आँकुरा ॥
उनी अगाडि को थिए अचम्म आज के बने ।
थिएन जान्नु यो कुरा कुतर्क पूर्ण गन्गने ॥१३॥

प्रशन्न शान्त देखिने मुहारमा छ धप्धप ।
प्रकाश तेजिलोपना प्रभाव देखिने तप ॥
मुहार, शब्द, भावमा थिदै थिएन कल्मष ।
प्रमोदसाथ बस्दथे जितेर चित्त चञ्चल ॥१४॥

तसर्थ भन्न मिल्दथ्यो कि साधु सन्त वा गुरु ।
उनी परन्तु बढ्दथे स्वमार्गमा खुरुखुरु ॥
उनी थिए उनी स्वयं थिएन लोकको कुरा ।
उठेनि अन्तरिक्षमा असङ्ग हुन्छ टाकुरा ॥१५॥

झुकाउने गुरुत्वको थियो प्रभाव जो सँग ।
छ झैँ अवश्य लाग्दथ्यो अथाह शक्ति जो सँग ॥
उनी अवश्य मामुली त होइनन् भनी बुझी ।
स्वयं झुकाउने त्यसै कहाँ छ भावना कवि ॥१६॥

कहाँ बनिन्छ है त्यसै गुरु विशाल भावको ।
विशालबाट हुन्छ नै सुरु विशाल भावको ॥
स्वयं प्रकाश मात्रमा छ पूर्णता प्रकाशित ।
गुरु त्यही गुरुत्वको प्रकाश हुन्छ जो सित ॥१७॥

जहाँ झुकिन्छ भावले, बिना प्रयासले पनि ।
छ व्यक्त मात्र शिष्टता हुँदैन आशले पनि ॥
त्यहाँ  न छन् समर्पण बनावटी नियोजित ।
न शिष्य हुन्छ त्रासले जहाँ बढी नियन्त्रित ॥१८॥

गुरु हुँदैन मार्गको कुनै प्रकार बन्धन ।
गुरु छ शिष्य निम्तिमा तयार बन्न इन्धन ॥
मिटाउँदै स्वयं बरु प्रदान गर्छ जीवन ।
र शिष्यको भविष्यको गुरु रहन्छ धड्कन ॥१९॥

त्यही गुरुत्वको त्यहाँ प्रवाहले खचाखच ।
उनी थिए अगाडिनै प्रकाश झैँ प्रकाशित ॥
त्यही मुहारमा थियो अवश्य नै चमत्कृति ।
गरौँ गरौँ हुने थियो हेराइ फेरि आवृति ॥२०॥

बसी टुसुक्क मौनता गरी विचार गुम्फन ।
रहस्यका फिजाउँथ्यो यहीँ मधुर चुम्बन ॥
यहीँ थियो अनन्तको समष्टि भव्य भावना ।
यहीँ गरेर बग्दथे नदी अनन्त साधना ॥२१॥

यही पिएर वायु जो चले मनुष्य दूरमा ।
यही प्रकाशले भए विकास सभ्य चाहना ॥
छँदैछ सूक्ष्म रूपमा प्रकाश चेतना यही ।
अनन्त विश्वको कुना, कुना–कुना जतातती ॥२२॥

यही स्फुराइ काव्य हो विचार ज्ञान हो सबै ।
यहीँ रहन्छ सर्वदा अनन्त सूचना सबै ॥
तसर्थ मौनतासँगै डुवे दुबै अनन्तमा ।
पुगिन्न किन्तु सत्यको न आदिमा न अन्त्यमा ॥२३॥

यतै छुटे विचारमै अनन्तबाट ती कवि ।
कहाँ थियो र साधना डुवाइ साधुको जति ॥
उनी तुरन्त उत्रिए समाधि पन्थ गायव ।
थिए अचम्म साधु ती समाधि पन्थ नायक ॥२४॥

हुँदैन सत्यको सुरु विनाश वा न अन्त्य छ ।
सबै प्रकारको जहाँ विकार पुग्न बन्द छ ॥
त्यही प्रकाश सत्य हो, समष्टि मूल चेतना ।
अहाँ अगम्य ठान्दछन् विचार कार्य भावना ॥२५॥

सुनिन्छ गण्डकी ध्वनी विशुद्ध शब्द कल्कल ।
त्यतै थियो मिठो पना पवित्र प्रेम निश्छल ॥
मिलान भैँ छ ठान्दथे समस्त वाद्य वादन ।
प्रयोगका बिना बजे सबै प्रकार साधन ॥२६॥

छ नेत्रमा अझै जहाँ स्वरूप चित्र कञ्चन ।
धकेल्छ छाल गर्दछन् अनेक नृत्यको पन ॥
घुमेर ठोक्किदै कतै टुटाउँदै छ पत्थर ।
कतै विशाल छालले उठाउँदै छ पत्कर ॥२७॥

हरेक विन्दु विन्दुले महफ्व राख्दछन् यहाँ ।
अनेक नाम सिन्धुले महफ्व राख्दछन् यहाँ ॥
महफ्व नै महफ्वको छ जिन्दगी सबै यहाँ ।
परन्तु भ्रान्त चित्तमा महफ्व हुन्छ खै कहाँ ॥२८॥

उदाउँदो विहानको छ सूर्य पूर्वमा कतै ।
छरिन्छ रस्मि लालिमा यहाँ भने जताततै ॥
अगाडि सूर्य पुग्दछन् सबै पदार्थमा स्वयं ।
परन्तु छैन सूर्यमा घमण्ड दम्भ वा अहम् ॥२९॥

जताततै छ साम्यता हुँदैन भेद सूर्यमा ।
जताततै छ एकता हुँदैन खण्ड पूर्णमा ॥
समस्त लोक सृष्टिको यही भयो विशेषता ।
अनन्त भित्र भेटिने सुरु र अन्त्य खै कता ? ॥३०॥

कहाँ सरक्क आउँछन् सुदूर रस्मि बाछिटा ।
कहाँ सरक्क आाउँछे समस्तकी प्रकाशिका ॥
अनन्तको प्रयास हो झिलिक्क झिल्कने पनि ।
अपर्झटै छ देखिने, प्रवाह नित्य हुन्छ नि ॥३१॥

यहाँ झरे अहो सयौँ पूरा गरेर योजन ।
कतै समस्त रस्मिले लिएर वा प्रशिक्षण ॥
सँधै सबेर आउँछन् मिलाउँछन् गला अनि ।
हुँदैन ईश सृष्टिमा नकाम जुन् पला पनि ॥३२॥

कतै प्रमाद आलसी रहन्न लेश मात्रको ।
महाविराट सूर्यमा रहन्न बोझ कार्यको ॥
उनी उदाउँदा खुसी र अस्तमा हुँदा खुसी ।
समस्त लोकमा कतै रहन्न दिक्क बेखुसी ॥३३॥

स्वयं प्रशन्न छन् उनी प्रशन्नता फिजाउँछन् ।
समस्त जीव जन्तुमा प्रकाशले भिजाउँछन् ॥
मनुष्यको छ चेहरा प्रशन्न, कान्तिमा उनी ।
समस्त विश्व, सृष्टिको अपूर्व शान्तिमा उनी ॥३४॥

यही तरङ्गमा उनी हरेक साँझ डुब्दछन् ।
प्रभातमा यहीँ नदी प्रवाहभित्र मिल्दछन् ॥
यहाँ छ  शक्तिको ठुलो अजस्र श्रोत सञ्चय ।
तसर्थ यो प्रकाशको हुँदैन है पराजय ॥३५॥

भनेर मन्मनै उठे थियो बसाइ आश्रम ।
प्रसिद्ध देवघाटको, थिएन चित्त विभ्रम ॥
सुनेर वेदका ऋचा, ध्वनी सुनेर शङ्खको ।
अझै कत्विले पूरा सचेत चित्त दङ्ग भो ॥३६॥

बुझेर साथमा उनी बसेर हात जोड्दछन् ।
अतीव सूक्ष्म साधना यसै गरेर तोड्दछन् ॥
खुले पछाडि नेत्र ती झुकेर माफ माग्दछन् ।
त्यहाँ सबै प्रकारका तनाव त्रास भाग्दछन् ॥३७॥

म ज्ञान हैन लोकको विचार जान्न खोज्दछु ।
अवश्य देवघाटको प्रचार जान्न खोज्दछु ॥
मलाइ लौ कृपा हवस् अशान्त बन्न सक्दिन ।
मिलेन यो कुरा भने म दूरसम्म पुग्दिन ॥३८॥

लिएर हार्दिकी पना, सहर्ष साधुले पनि ।
कथा सबै सुनाउँछन् कुरा विचारले सुनी ॥
छ बाबु यो रहस्यको पवित्र देवघाट यो ।
अनन्त सत्यको यही विराम निम्ति खाट हो ॥३९॥

**शार्दूलविक्रीडित**

यस्तो वाक्य सुनेर आज कविले अत्यन्त खुसी भए ।
जिज्ञासा जति मेट्न प्रश्न मनका निर्धक्क राख्दै गए ॥
स्वामी लौन त देवघाट यसको माहात्म्य आज्ञा हवस् ।
गङ्गाको महिमा बुझेर मनको अज्ञान टाढा बनोस् ॥४०॥

# पञ्चम सर्ग

श्रद्धा पूर्वक सुन्दछन् हजुरका बाणी दुबै कानले ।
श्रद्धा पूर्वक नेत्रले हजुरमा देख्छन् कि सम्मानले ॥
मेरो यो मन खिच्छ चुम्बक कतै राखेर जे गर्नु भो ।
त्यस्को निम्ति छ दु : ख पो हजुरमा फेला स्वयं पर्नु भो ॥१॥

हूँ अज्ञात परन्तु मानिसहरू भन्छन् कसैले कवि ।
मेरो सोच छ यो बनाउन सकौँ आफ्नो सुनौलो छवि ॥
भाषा धर्म र सभ्यतासँग सधैँ नाता लगाइरहूँ ।
मेरो राष्ट्र र सभ्यता प्रतिसँधै सक्दो म केही गुरु ॥२॥

यस्ता वाक्य सुनेर झट्ट कविको, आँखा दुवै चिम्लिए ।
केही बेर गुमेर फेरि मुनिले सारा कुरा भन्दिए ॥
यो साँच्चैस्थल देवघाट यसको चर्चा गरौँ के कति ।
नानाशास्त्र पुराण भित्र यसको चर्चा चलेको जति ॥३॥

चर्चा स्कन्द पुराणमा छ जसको भन्छन् त्यहाँ शङ्कर ।
इच्छा पार्वतीको बुझेर महिमा सत्धामको मङ्गल ॥
सिङ्गो हेर त्रि–सफ्व वेग जसमा नेपाल गङ्गाजल ।
हे प्यारी सुन तीर्थराज जसको माहाम्त्य थोरै छ र ॥४॥

जस्मा मङ्गल गानमा रत हुँदै बग्छिन् स्वयं गण्डकी ।
हामी शङ्कर पार्वती र हरिले गर्छौं तपस्या बसी ॥
कैयौँ दुर्लभ हुन्छ पुण्यजलको यो धाममा सङ्गम ।
यो सिद्धाश्रमबाट उच्च पथको थालिन्छ आरोहण ॥५॥

ज्यादै पावन पुण्यरूप सलिला सेती र काली दुवै ।
यी भन्दा हुन सक्दछन् र जल कुन् प्रख्यात चोखा कुनै ॥
यस्तो पाउन देव दुर्लभ नदी साच्चै छ है मुस्किल ।
जस्को प्राप्ति छ ठान्दछन् अरु त के द्यौता स्वयं मुस्किल ॥६॥

तर्छन् स्नान अवश्य देवह्रदमा आएर गर्नेहरू ।
पाई दुर्लभ विष्णुलोक सजिलै यो धाम सर्नेहरू ॥
यस्तो श्रेष्ठ नदी कतै पनि यहाँ पाइन्न खोजे पनि ।
सारा तीर्थ विकल्पमा धरणिका राखेर जोखे पनि ॥७॥

सारा पाप विनास हुन्छ जसको नामै लिएमा पनि
यस्को तर्फ छ पाइला जुन उही बैकुण्ठ जाने सिँढी ॥
यस्तै कारणले महफ्व यसको संसारमा फैलियो ।
यो सद्मार्ग, विवेक, सद्गति दिने हो गण्डकी भैदियो ॥८॥

हेगौरी बुझ ती नदी पुनित छन् ती हुन् दुई गण्डकी ।
शालिग्राम शिला, करोड शिवका सङ्केत मूर्ति जति ॥
बस्दैछन् अझ बास निर्जर जहाँ, गन्धर्व बस्ने तट ।
धर्मात्मासित धाम भित्र कलिले भन्दैन छाडी हट ॥९॥

जस्ले यो तटमा बसेर हरिको गर्छन् सँधै किर्तन ।
गायत्री जप वा अनेक थरिका सङ्कल्प भित्री मन ॥
जस्ले गर्दछ श्राद्ध पितृसबको श्रद्धा गरी तर्पण ।
त्यस्मा धर्म सुकार्यका फल सबै हुन्छन् सदा अर्पण ॥१०॥

जस्ले दर्शन गर्छ केवल भने आई यहाँ गण्डकी ।
त्यस्का पाप सबै पखाल्छ जलले जन्मादिका छन् जति ॥
मान्छे कीट पतङ्ग जे जति सबै प्राणी यहाँ मर्दछन् ।
ती निष्पाप बनेर सागर सिधा संसारको तर्दछन् ॥११॥

चारै वेद पढेर मिल्छ जति जो दिन्छिन् त्यति गण्डकी ।
जस्ले बस्दछ नित्य स्नान अथवा सन्ध्यादि सारा सकी ॥
कोही गर्छ उपासना यदि भने ऊ गर्छ धेरै थरी ।
श्रद्धाले ब्रत दान तीर्थसबको यात्रा गरेको सरी ॥१२॥

गङ्गाको तटमा गराउँछ बसी कोही भने भोजन ।
त्यस्को जो फल वृद्धि हुन्छ जति जो खायो रमायो मन ॥
ख्वाई भोज्य हजार व्यक्ति जसले सन्तुष्ट पार्‍यो यहाँ ।
उस्का निम्ति करोड भोजन गरेको तुल्य होला यहाँ ॥१३॥

हो साँचो युग धर्मले जतिसुकै पापी बनून् मानिस ।
हो दुष्कर्म, अधर्मबाट जति नै घाटा परुन् मानिस ॥
बग्छिन् हर्दम शान्तिसाथ सबको कल्याणमा गण्डकी ।
केही राज रहस्यपूर्ण अथवा जादू यिनीमा छ कि ॥१४॥

जस्ले खीर चढाउला अति मिठो यो क्षेत्रमा पार्वती ।
सम्झी पितृहरू अनेकतहले गङ्गा तिरैमा बसी ॥
उस्का पितृ समस्त तृप्त रहलान् सैयौँ सयौँ बर्ष झन् ।
आशीर्वाद लिएर बस्छ उसको सन्तोषले पूर्ण मन् ॥१५॥

जस्ले गर्दछ स्नान पूर्वक यहाँ पूजा हृषीकेशको ।
त्यस्को यो जुनिमै छ निश्चित खुला बाटो सिधै मोक्षको ॥
जस्ले गर्दछ जेष्ठ शुक्ल दशमी हस्ता नक्षत्रा शशि ।
स्नानै आखिर मात्र मेट्छ उसका जे पाप छन् गण्डकी ॥१६॥

सारा तीर्थ पवित्र छन् बुझ कुरा बग्छिन् जहाँ गण्डकी ।
त्यस्मा भन्छु परन्तु पावन अझै यी धाम सम्झे जति ॥
मुक्तिक्षेत्र अवश्य पञ्चनद वा देवाट जो धाम छन् ।
यिन्को तीर्थ महफ्वमा पनि बढी बेग्लै यहाँ काम छन् ॥१७॥

केही छन् हिउँका प्रवाहित नदी जो पुग्दछन् सागर ।
उत्पत्तिस्थल क्षेत्र, धर्म, गुणले ठूला नदी यी अझ ॥
कोशी, सिन्धु, अनेक नाम तिनको गंगा र ऐरावती ।
कर्णाली अनि ब्रह्मपुत्र यमुना टिष्टा नदी गण्डकी ॥१८॥

यी यस्ता दश नाममा छ महिमा जस्को तिनै गण्डकी ।
शंङ्का छैन तसर्थ सिञ्चत जहाँ त्यो तीर्थ पो बन्छ कि ॥
भन्ने कत्ति कदापि यी अझ यहाँ आई मिलिन् गण्डकी ।
त्यस्कै कारण देवघाट महिमा नेपालमा पो छ कि ॥१९॥

खोजेको जसको पुराण कतिमा उल्लेख्य चर्चा हुन ।
गर्छन् स्कन्द, वराह, पद्म सबले माहात्म्मको चिन्तन ॥
यस्ती देवनदी हिमालय सुता कल्याणकी दायिनी ।
यी सौन्दर्य निनादिनी र सबकी सद्भावना वाहिनी ॥२०॥

हुन् यस्ती जगकी विराट गुणकी देवी स्वयं यी नदी ।
लक्ष्मी, विष्णु, रमा, रमापति सबै हुन्छन् जहाँछन् सँधै ॥
पानी भैकन यी नदी तर यिनी पानी कहाँ मात्र हुन् ।
खानी साधक निम्तिकी तर सबै खानी कहाँ मात्र हुन् ॥२१॥

यी यौटी सृजना मुहान यिनले संसार उभ्याउँछिन् ।
बाँझी भैकन लाख फेरि पनि यी सन्तान जन्माउँछिन् ॥
यी सौन्दर्य प्रतीक हुन् सफल छन् सौन्दर्यकी साधन ।
सारा प्रेम खुसी समाहित सबै यो भित्र छन् पावन ॥२२॥

यस्तै नै छ वराहभित्र यसको चर्चा प्रशंसा अति
भन्नुहुन्छ जहाँ वराह भगवान् गर्दै स्तुति गण्डकी ।
हे पृथ्वी ! सुन धाम दिव्य जुन छन् नेपालअन्तर्गत
गङ्गा छन् जसमा सदैव वहने शुक्ला स्वयंमा रत ॥२३॥

यी गङ्गा शिवरूपिणी अनि त हुन् कृष्णा छ जो गण्डकी ।
ती हुन् कृष्णस्वरूप बग्छ पसिना जस्को हुँदै गण्डकी ॥
सारा तीर्थ  यहीँ मिलेर जसको बन्ने छ नामाङ्कन ।
हो द्यौघाट र तीर्थराज महिमा सर्वत्र चित्राङ्कन ॥२४ ॥

यस्तै अंश बनेर बग्छ शिवको ठूलो त्रिशूली नदी
जस्को भित्र अनेक तीर्थ जतिको सद्धर्म पो बग्छ कि ? ॥
गङ्गाले सबले पवित्र गरने यो धाम तीर्थस्थल
जस्का मर्म महफ्व गौरवहरू हुन्नन् कहीँ निष्फल ॥२५॥

यस्तो सङ्गम देवघाट अति नै मानिन्छ है पावन
जस्तो हो यमुना नदीसदृशको यो गण्डकी पावन ॥
पुण्यात्मा जनदेखि अन्य जनमा यो तीर्थ हो दुर्लभ
जस्ले दर्शन गर्छ मिल्छ उसमा अत्यन्त राम्रो फल ॥२६॥

हे पृथ्वी सुन वेद यज्ञ सबका सद्धामका साथमा
ब्रह्मा, विष्णु महेश वास रहने यो धामका पाशमा ।
गर्छन् पुण्यनदी यिनी सकलकी हुन् गण्डकी पावनी
सारा पाप विनाश हुन्छ जसमा आई खरानी बनी ॥२७ ॥

हे पृथ्वी सुन यो हिमालय हुँदै त्यो गण्डकीसङ्गम ।
शालीग्राम रहेछ क्षेत्र उसमा श्रद्धा हुने उद्गम ।
हो पूर्वामुख भै रहन्छु यसमा श्रद्धालुका खातिर
मेरो निम्ति झुकाउँछन् सकलले अभ्यर्थनामा शिर ॥२८॥

यस्तो यो हरिक्षेत्र पावन यहाँ बस्नेहरू धन्य छन्
मेरा भक्तनिमित्त यी सुखहरू संसारमा बन्द छन् ॥
जो सत्कर्म गरेर बस्छ उसको गर्नेछु मै उन्नति
उस्ले भोग्दछ लिन्छ स्वाद अनि झन् हेर्नेछ माथि बसी ॥२९॥

हे पृथ्वी जुन क्षेत्रको म अहिले गर्दैछु चर्चा यहाँ ।
मुक्तिक्षेत्र छ पर्छ खण्डबिचमा रीडी र मोदी यहाँ ॥
त्यस्तै देवनदी दुई मिलनको देखिन्छ जो भव्यता
यस्तो सुन्दर देवघाटपछिको हुन्छिन् त्रिवेणी धरा ॥३०॥

भन्छन् फेरि वराह, क्षेत्र जसको चर्चा भयो त्यो धरा ।
सारा कल्मष पाप नाश गरने गर्छिन् सदा सर्वदा ॥
यस्तै फेरि प्रसङ्ग छन् स्मृतिहरू जस्का अनेकौँ महा-
कालीको जल बग्छ अमृत बनी रेखा बनाई जहाँ ॥३१॥

यी षट्चक्र समेत भेदन गरी बग्छिन् रहन्छिन् सधैँ ।
उठ्छन् फुट्न भनेरमात्र जलका फोकाहरू दिन्दिनै ॥
यिन्ले दिव्य विशाल देह मुलमा बत्ती जगाई बगिन् ।
बाटो यौगिक पारलौकिक कतै यात्रा बनाईरहिन् ॥३२॥

यौटा मानव देह झैँ छ जसको हुन्छिन् तिनी गण्डकी ।
लाग्छिन् फेरि अनेक अङ्ग सबले धेरै थरी खण्डकी ॥
यी हुन् कुण्डलिनी गरेर रहने षट्चक्रको भेदन ।
बह्मानन्द मिठास युक्त गतिको चाखेर संवेदन ॥३३॥

**वसन्ततिलका**

यस्तो प्रसङ्ग शिवसाथ रमा दुईको
हो स्कन्द नामक पुराणमहा रहेको ॥
संवाद हो जति सुनेर उमा महेश ।
लागौँ प्रदत्त जति छौँ वरदाननेर ॥३४॥

हेरे अचम्मसँग यत्ति भनेर फेरि ।
चुप्चाप साथ मुनिले कविको नटेरी ॥
त्यो मौनता हुन गयो अहिले समाधि ।
विश्राम पूर्वक बढे गतिमा अगाडि ॥३५॥

# छैटौँ सर्ग

**भुजङ्गप्रयात**

लिए श्वास लामो र निश्वास लामो ।
स्वयं भित्रको सिद्ध विश्वास लामो ॥
उनै साधु हुन् गण्डकीको शरीर ।
भनेझैं थिए तन्मयी भाव नेर ॥१॥

उनी झन् थिए तेजले आज भव्य ।
र निस्क्यो अनौठो ध्वनि शान्त सभ्य ॥
थियो वाणीमा गण्डकीको वयान ।
प्रशंशा थियो मूल्य मान्छे समान ॥२॥

**स्वागता**

देवघाट सब होइन माटो ।
मोक्षमात्र पनि होइन बाटो ॥
यो सबै मनुज तुल्य शरीर ।
भन्दछन् कमल पत्र भनेर ॥३॥

गण्डकी उदर कुण्डलिनी छन् ।
ती सबै फल अवश्य दिनेछन् ॥
जे छ, हुन्छ नरमा षट चक्र ।
गण्डकीसँग छ ती सबचक्र ॥४॥

मुक्तिनाथ शिर हो सहस्रार ।
देवघाट जति मूल विराट ॥
यो सँगै स्वरूप बन्दछ एक ।
छ रहस्य हुनुपर्छ अनेक ॥५॥

यो भएछ यस कारण तीर्थ ।
देवघाट यति पूर्ण पवित्र ॥
यो भएर पहिलो दल चक्र ।
साधना पथ हुँदैछ परत्र ॥६॥

देवघाट घर कुण्डलिनीको ।
शेष चक्र भर पर्दछ यस्को ॥
हुन्छ चार दलको रङ रातो ।
तीन कोंणसँग राख्दछ नातो ॥७॥

तीनकोण सब सङ्गम हुन्छ ।
चारतर्फ दल मट्टि रहन्छ ॥
रङ्ग लाल जलमा पनि हुन्छ ।
भन्दछन् कमल सङ्गम हुन्छ ॥८॥

धर्म गर्छ जसले उस द्वारा ।
भन्दछन् कमल देख्छ हजार ॥
लाल लाल रङका सब राम्रा ।
रम्यता खचित पूर्ण सुनौला ॥९॥

देवता नि हुनुहुन्छ गणेश ।
मूल चक्र अझ श्रेष्ठ बनेर ॥
शुद्धता पुनित जागृति हुन्छ ।
उर्ध्वमुख जुन कुण्डलिनी छ ॥१०॥

स्वास्थ्य बुद्धि बल वा स्थिरताको ।
हुन्छ सूचक यही महिमाको ॥
हस्ति सूँड सरि देख्न सकिन्छ ।
त्याज्य बस्तुकन फाल्न सकिन्छ ॥११॥

कार्य हुन्छ यसको मल फाल्ने ।
भित्र जागृति सदा अझ बाल्ने ॥
मात्र यो पनि अशुद्ध बनेमा ।
जान्छ खेर सब शुद्धि हिलोमा ॥१२॥

मूल चक्र मुख कुण्डलिनी छ ।
चेतना रहितमा तर यो छ ॥
सुत्छ मस्त अति लाग्दछ निद्रा ।
छन् नदी उभय नाडी मिलेका ॥१३॥

शंखिनी सहित नाडि छ बज्रा ।
देवघाट पनि आउँछ गङ्गा ॥
नाडि एक हुन जान्छ त्रिशूली ।
नाडि फेरि बहने अनि सेती ॥१४॥

मेरुदण्ड मुनि बग्छ सुषुम्ना ।
देवघाट मुनि बग्छ सुषुम्ना ॥
हुन् सरस्वति तिनी पनि गङ्गा ।
नाम, काम बहुरूप र रङ्ग ॥१५॥

नाडीसाथ पहिलो दल हुन्छ ।
फूल यो कमलले मन छुन्छ ॥
मूल चक्र यसको अझ नाम ।
नाम तुल्य सब गर्दछ काम ॥१६॥

देवघाट सब लाग्छ त्रिकोण ।
मूलचक्र कति मुख्य र गौँण ॥
हो यहाँ विविध क्षेत्र छ प्रष्ट ।
चार छन् कमलका सरि पत्र ॥१७॥

गण्डकी जल बनाउँछ पत्र ।
तीन तर्फ सजिलो छ विचित्रि ॥
देवघाट अब मिल्छ चतुर्थ ।
बन्दछन् कमल पत्र समर्थ ॥१८॥

ती सबै उपर अंकित वर्ण ।
भिन्न भिन्न थरिमा पनि गन्न ॥
हो सकिन्छ तिनमा पनि वं, शं ।
बुझ्नुपर्छ  गुण धर्म र षं, सं ॥१९॥

स्वास्थ्य वा बल र बुद्धि यसैको ।
स्वच्छता छ यसबाट मिलेको ॥
देवघाट पनि यो दिन सक्छ ।
सिद्ध साधु मुनि भक्त समेट्छ ॥२०॥

तीर्थधाम बिनसित्ति बनेन ।
देवघाट सब खालि बनेन ॥
हो तसर्थ यसको महिमा छ ।
शास्त्रले नि गुण कीर्तन गा छ ॥२१॥

देवता भ्रमण गर्न भनेर ।
आउँछन् दिन समेत गनेर ॥
अप्सरा सहित यो हरिधाम ।
देवघाट वटु वामन नाम ॥२२॥

सिद्ध आश्रम तपोवन शम्भु ।
देवघाटसँग मिल्दछ अम्बु ॥
यी यसै किन बने सब नाम ।
हो अवश्य हुनुपर्दछ काम ॥२३॥

देवघाट जति मूल उनीको ।
विन्दु उद्गम छ कुण्डलिनीको ॥
बस्तु सोहि तर जागृत हुन्छ ।
पूर्णता उपर मस्त रहन्छ ॥२४॥

उर्ध्वरेत अझ बग्दछ नित्य ।
साधना छ परिपूर्ण र पूज्य ॥
भेद छैन यसको उस सङ्ग ।
जो रहन्छ परमार्थ असङ्ग ॥२५॥

उर्ध्वरेत जब छन् जलधारा ।
एक तत्त्व सरि बन्दछ सारा ॥
देवघाटसँग जुट्दछ नाता ।
मुक्तिनाथ शिर एक छ छाता ॥२६॥

उर्ध्वरेत यसमा जलगङ्गा ।
माथिदेखि तल माथि छ गङ्गा ॥
पूर्णतासित अनेक मजा छ ।
शान्ति आज मुख मण्डलमा छ ॥२७॥

देवघाट यस अर्थ छ धाम ।
गर्छ पुण्य अनि उत्तम काम ॥
यो उदात्त दिल हो दिन सक्छ ।
पाप कल्मषहरू लिन सक्छ ॥२८॥

विश्व शन्ति, करुणा, स्थिरताको ।
बीज राख्छ अनि मानवताको ॥
सत्यको जगतको अझ केन्द्र ।
देवघाट, सब तीर्थ महेन्द्र ॥२९॥

मुक्ति साधन धरोहर हो यो ।
भुक्ति साधन धरोहर हो यो ॥
प्राच्य वैदिक सबै निधिलाई ।
सभ्यता सकल राख्छ बचाइ ॥३०॥

हो प्रकाश यसले छरिदिन्छ ।
चेतना जगतमा भरिदिन्छ ॥
नष्ट गर्छ सब कल्मषलाई ।
सभ्यता सकल राख्छ बचाइ ॥३१॥

नासिए पनि सनातन धर्म ।
फैलिने छ पछि वैदिक कर्म ॥
देवघाट किनकि गर्दछ रक्षा ।
धर्मको सकल बीज सुरक्षा ॥३२॥

पापले जगत यो जति ढाकोस् ।
अन्धकार परदा पनि लागोस् ॥
सत्य बस्न अनि अन्त नपाओस् ।
भोलि तै पनि यहाँ दिन आओस् ॥३३॥

देवघाट यसबाट विराट ।
फैलियोस् सुखद पूर्ण बतास ॥
के कुनै फजुल कल्मष टिक्छ ?
भोलि सत्य सबका घर बिक्छ ॥३४॥

भैरहेछ यसको सुरुआत ।
साधुसन्त जति माध्यमबाट ॥
त्यो सबै विदित हुन् कविलाई ।
देवघाट घुम जाउ मिलाइ ॥३५॥

**स्रग्धरा-**
यस्तो वाणी सुनाइ मुनिजन अहिले कस्सिए उठ्नलाई ।
बोल्दा बोल्दै दयाका वरपर उनले नेत्र आफ्नो फिजारी ॥
यस्तो बेला छ ऐले टिकटिक घडिले भन्छ मध्याह्न बेला ।
यस्तो राम्रो जुटेको अवसर, नहिँडे, हुन्छ धेरै अबेला ॥३६॥

# सातौँ सर्ग

अनन्त फेरि विश्वको म मात्र एक नायक ।
समस्त यी पदार्थको म नै स्वयं प्रकाशक ॥
म सूक्ष्म देखि सूक्ष्म र विशाल सर्व व्यापक ।
पिताक स्वयं म सृष्टिको र सृष्टिको विनासक ॥१॥

रहन्छु सर्व जीवमा मनुष्य देहमा पनि ।
समस्त कुक्कुरादि वा कुरुम कागमा पनि ॥
प्रशन्नता उही सदा म कीटमा हुँदा पनि ।
न भै हुँदैन सृष्टि नै म मात्रको बिना कुनै ॥२॥

यही प्रदीप्त चेतना फुरेर चड्दछन् सिँढी ।
गलेश्वरीय आश्रम रहेछ गण्डकी पिढी ॥
त्यहाँ अनेक भव्यता अनेक शिल्प बोल्दथ्यो ।
हरेक बस्तुले यहाँ रहस्य नित्य खोल्दथ्यो ॥३॥

रहन्छ हेर्छ गण्डकी बनाइ उच्च आशन ।
कि गर्छ भैँ नि लाग्दथ्यो यहीँ बसेर शासन ॥
अपूर्व देख्न छिन् धरा, त्यहाँ विराज आश्रम ।
गलेश्वरीय साधुता र सिद्धिको तपोवन ॥४॥

बहावमा छ गण्डकी सँग सँगै दुबैतिर ।
समन मुक्तिनाथ र त्रिशूल गण्डकी शिर ॥
अनन्त दूर मार्गको यही समीप सङ्गम ।
यहीँ अनन्त सूचना र दृष्टि छन् विहङ्गम ॥५॥

सीता गुफा छ साथमा सुनिन्छ रामको कथा ।
असङ्ख्य दुःखका कुरा असङ्ख्य दर्द वा व्यथा ॥
गुफा रहेछ खोचमा कडा रहेछ प्रस्तर ।
गुफा वशिष्ठको सँगै रहेछ एक लस्कर ॥६॥

यसै गुफा हुँदै गयो सँगै अघोर आश्रम ।
र किम्बदन्ति पाइने अनेक ती बिनाश्रम ॥
अघोर धर्मका कुनै यही रहेर साधक ।
गरे अनेक साधना बनेर भैँनि पागल ॥७॥

अनेक रम्य वाटिका, अनेक वृक्ष शोभित ।
धरा अनेक बन्दथे यहीँ पुगेर मोहित ॥
उसै समीप, माथि हो गलेश्वरीय आश्रम ।
बनाउने रमाउने उनी थिए तपोधन ॥८॥

त्यहीँ पुगेर रोकिए अनेक प्रश्नमा कवि ।
मनुष्य भीड देख्दथे ठुलो प्रशन्नता छ कि ॥
मनुष्यमा त्यहाँ थिए किशोर, बाल, बाह्मण ।
रहेछ भोज, दर्गथे कुरा अनेक तत्क्षण ॥९॥

**स्रग्विणी**

ईश्वरानन्द बाबा थिए साधक ।
साधुसन्यास ती धर्मका पालक ॥
सिद्ध योगी ठुला सत्य सङ्कल्पक ।
आर्ष पूर्वीय यो क्षेत्रकै दीपक ॥१०॥

बस्दथे ध्यानमा चिन्दथे मानिस ।
जीव सामान्य वा जान्दथे ईश्वर ॥
ती अनौठा थिए बह्मचारी थिए ।
तीर्थमा हो नया देवघाटै दिए ॥११॥

गर्दथे बात सामान्य ती मानव ।
गर्दथे कार्य उल्टो असामान्य त ॥
भन्दछन् ती अझै, भेलमा तैरने ।
गर्दथे । कत्ति देख्नेहरू आफूले ॥१२॥

बोल्दथे जे कुरा सिद्ध सो बन्दथ्यो ।
दूर जे जे भयो बोलिले भन्दथ्यो ॥
त्यो घडी ती थिए वेदका रक्षक ।
धर्म संस्कार नेपाल उत्थापक ॥१३॥

ती उता मेचीमा जन्मिए जन्मदा ।
भन्दछन् कत्ति ताप्लेजुङी नर्मदा ॥
जातमा बाहुनै ती निरौला थिए ।
बाल्य चाञ्चल्यमा ती स्वयं जेल्लिए ॥१४॥

हो हरिलाल वावा थिए साथमा ।
मन्नमाया, उनी जन्मिए काखमा ॥
जन्मको नाममा ती यदुनाथ हुन् ।
खोज्दथे नित्य माता पिता साथ हुन् ॥१५॥

बर्ष आठै हुँदा वर्तबन्धै भयो ।
बाल्यवस्था कतै अल्झियो दूरगो ॥
बर्ष एघारमा जो बिहे भैगयो ।
सो बिहे पट्टिबास्ताहरू छाडियो ॥१६॥

त्यो हुँदा फेरि तेह्रै पुगी वर्षमा ।
बिहे भो जन्ति'गो गौतमी बेश्ममा ॥
किन्तु आशक्ति भन्ने सधैँ दूरभो ।
त्यै भएरै त टाडा वहाँ जानुभो ॥१७॥

हो हरिद्वारमा ज्योतिषी पढ्नुभो ।
वेदरुद्री सबै कण्ठ नै गर्नु भो ॥
किन्तु धेरै वहाँ पढ्ने भन्दा पनि ।
साधना गर्न इच्छा बढेको अनि ॥१८॥

छाड्नु भो पढ्न सिद्धि त्यता लाग्नुभो ।
मोह मायाहरू सर्वदा त्याग्नु भो ॥
उत्तराखण्ड काशी बसी ध्यानमा ।
बर्ष बाह्रै बिताएर सो धाममा ॥१९॥

लाग्नुभो फेरि त्यस्तै गरी शैलमा ।
साधु बाबा तपस्वी अझै रूपमा ॥
बर्ष बाह्रै पुराइ अनेकौँ कुना ।
सिद्धता साधुता तीर्थमा दोगुना ॥२०॥

सिद्धि पाएर नेपालमा फिर्नुभो ।
पुण्य बाग्द्वार गोकर्णमा बस्नुभो ॥
देवघाटै पसी साधना गर्नुभो ।
बर्ष धेरै बिताइ त्यहाँ छाड्नुभो ॥२१॥

फेरि म्याग्दी गई साधना गर्नुभो ।
ईश्वरानन्द बाबा गलेश्वर अहो ॥
नामले, कामले ठामले, धामले ।
बन्नु भो, चिह्न सङ्केत यो छाड्नुभो ॥२२॥

ईश्वरानन्दको नाममा हिँड्नुभो ।
हो तपस्वी र बाबा वहाँ बन्नेभो ॥
भन्दछन् सिद्धिसाराहरू देखने ।
सिद्ध ठूलो वहाँ हो, भनी गर्वले ॥२३॥

बर्ष सैयौँ वहाँ बाच्नु भो भन्दछन् ।
प्रेम बर्षी सदा हाँस्नुभो भन्दछन् ॥
ठान्दछन् हुन् उनै वेदका रक्षक ।
कत्तिले मान्दछन् धर्म उत्थापक ॥२४॥

वेद वेदाङ्ग जो पाठशाला रचे ।
खास उद्देश्यमा वेदशाला बचे ॥
छन् यहाँ वेद वेदाङ्ग पढ्ने ठूला ।
पाठशाला सबै जन्मिए ती हुँदा ॥२५॥

देखिदै छन्, हुनेछन् समानान्तर ।
भोलि शिक्षा गुरुकुलका उर्वर ॥
हार्दछन् विश्वमा लर्डमेकालय ।
फैँलदा वेद वेदाङ्ग विद्यालय ॥२६॥

ईश्वरानन्दमा जान्छ यस्को जस ।
सिद्धभै, मुक्तभै लाग्नुको खस्खस ॥
आज सोहि धरा वेद वेदाङ्गमा ।
पढ्दछन् छात्रले आजकै ढङ्गमा ॥२७॥

किन्तु छन् वेदका वाक्यले गुञ्जित ।
आर्ष संस्कार ती भावना सिञ्चित ॥
नन्द आत्मा रहन्छन् यही पीठमा ।
कत्ति सेवाहरू चल्दछन् साथमा ॥२८॥

अन्नक्षेत्र यहाँ चल्दछन् अस्पताल् ।
धर्मअर्थादिमा चल्दछन् नित्यसाल् ॥
बस्दछन् कत्ति धेरै यहाँ मानिस ।
वृद्ध आवाल सन्यास छन् ती खुस ॥२९॥

आत्मानन्द गुरु जहाँ प्रमुखछन् त्यो क्षेत्रमा व्यापक ।
सेवाकार्य हुँदोरहेछ सहजै लिन्छन् लिने निर्धक ॥
स्वामीजी बहुतै दयालु उनका सङ्कल्पमा प्रेरित ।
दाताले धन दिन्छ, चल्छ सब यो, सत्कार्य यस्तोसित ॥३०॥

उन्को जन्म छ बाल,शान्ति गिरिको सन्तानको रूपमा ।
कास्कीको अनि लेखनाथ भनिने भण्डार ढिक् गाउँमा ॥
स्वामीली पहिले त्यहीँ र पछिता वाराणसी पढ्नुभो ।
एम् ए दर्शनमा कुनै विषयमा आचार्य सक्नुभयो ॥३१॥

सानो बाल्य उमेरदेखि पनि झन् ती बह्मचारी भए ।
स्वामीनाथ महेशबाट तिनले सन्यास दीक्षा लिए ॥
आई त्यो पछि देवघाट तिनले पाए यहाँ आश्रम ।
पीठाधीश बने गलेश्वर, थियो सन्यासको आश्रम ॥३२॥

तिन्ले भौतिक वृद्धि झन् गजबले गर्दै लगे दिन्दिन ।
धेरै स्थूल विराट दिव्यमय जो आकार यस्को दिन ॥
धेरै धन्य बने गरे विविध ती सम्मानको आर्जन ।
तिन्को कीर्तन गाउला समयले पक्कै कहीँ सज्जन ॥३३॥

यस्तो वर्णनको सँगै सुजनको जारी छ निर्देशन ।
जाऊँ फेरि तुरुन्त आशय थियो वागिश्वरी आश्रम ॥
योगी एक थिए जहाँ नरहरि तिन्को त्यहाँ आश्रम ।
गाइ गोठ छ जानुपर्दछ उठी लौ बुझ्न एवंक्रम ॥३४॥

# आठौँ सर्ग

वागीश्वरी धाम पवित्र लाग्ने ।
मध्याह्नको घाम पवित्र लाग्ने ॥
छायाँ लुकेझैँ बन कुञ्ज भित्र ।
छन् सूर्यका रस्मि लुकी विचित्र ॥१॥

कैयौँ अनेकौँ थरि फूल पात ।
चौतर्फ नानाविध वृक्ष जात ॥
सौन्दर्यको निम्ति कहाँ छ साथ ?
को दिन्छ खै, काकिलको जवाफ ॥२॥

घना छ यो जङ्गल फैलिएको ।
स्वमूल्य आफै पनि मैलिएको ॥
त्यस्माथि लाखौँथरिका प्रहार ।
उडाउने रम्य सबै बहार ॥३॥

सुनिन्छ रन्को जलको प्रवाह ।
फैलिन्छ बास्नासँगमा बहाव ॥
नारायणीले बिलना गरिन्की ।
प्रशन्नताको स्वर पो छरिन्की ॥४॥

समीपमै सुन्दर देवघाट ।
कृष्णा र शुक्ला जलको मिलाप ॥
बागिश्वरीको महिमा पुरानो ।
कथा गुमाइ किन भो विरानो ॥५॥

बागिश्वरी वास्तव शक्तिपीठ ।
रहेछ जानिन्छ यही शरीर ॥
यो क्षेत्र पाञ्चायन मन्दिरैको ।
पाइन्छ थुप्रै अवशेष जस्तो ॥६॥

बागिश्वरी ज्ञान प्रदायिनी छन् ।
विज्ञान सद्बुद्धि दिने रहिछन् ॥
सत्कर्म शिक्षा सबको मुहान ।
गराउँछिन् सायद नित्य  पान ॥७॥

यस्तो त्यसैले यिनको छ नाम ।
जस्तो हिजोको हुन सक्छ काम ॥
पूर्वीय शिक्षालयको मुहान ।
बागिश्वरीनै हुनसक्छ जान ॥८॥

बोक्दैछ जस्ले इतिहास नौलो ।
आफै पुरातफ्वहरू सुनौलो ॥
यस्तै छ यो प्राकृत रम्यशाला ।
अनन्त यो जीवनको सहारा ॥९॥

यहीँ कुनै गोरखनाथ शिष्य ।
आई बसे सज्जन ती मनुष्य ॥
योगी भनी नाम खुबै चलेको ।
हो यज्ञका अग्नि खुबै बलेको ॥१०॥

ती शान्तिका दूत थिए अनौठा ।
सम्पूर्ण विद्या र कला पढेका ॥
भाषा अनेकौँ थरि बोल्न सक्थे ।
तात्पर्य जे को पनि खोल्न सक्थे ॥११॥

योगी उनी थे इतिहास ज्ञाता ।
नेपालको भाग्य कतै विधाता ॥
उन्ले गरे जत्ति प्रशस्त काम ।
त्यस्को हुँदैहुन्न दिने इनाम ॥१२॥

जिल्ल थियो पश्चिम कालिकोट ।
योगी बढेको हिम शैल भोट ॥
क्षत्रीय वर्णाश्रम भित्र पर्ने ।
जो गर्दथे ती थर सिँह लेख्ने ॥१३॥

योगी तिनैका घर जन्मिएका ।
हो माइलो भाइयता बनेका ॥
गौरी थिइन् जन्म दिने ती माता ।
सद्पुत्रकी स्रोत थिइन् प्रदाता ॥१४॥

**नरकुटक**

नरहरिनाथको उदय क्षेत्र छ पश्चिममा ।
नरहरि पुत्र बने ललितसिंह पिता घरमा ॥
घर परिवारमा पनि त बाह्र थिए जसका ।
हर तनयाहरू सहित पुत्र सबै रहँदा ॥१५॥

उनी वलवीर थे तब वहाँ वलवीर भए ।
पछि ब्रतबन्ध ती गरिसकी गुरुकुल गए ॥
जुनमठ क्षिप्प्रनाथ जसमाथि महन्त थिए ।
अलि पछिता उनै सँग त दीक्षित मन्त्र लिए ॥१६॥

अतिविधि तेजथे प्रखर बालक सो वयमै ।
वरपरकाहरू सब प्रभावित थे घरमै ॥
घरपरिवारले जति पढाइदिए त्यसमा ।
सहजसँगै  सँधै सब उछिन्न सके उसमा ॥१७॥

त्यस पछिता उनी अनि गएर मृगस्थलमा
समय बिताउँथे क्रमिक गोरखका मठमा ॥
थरिथरि साधना विविधतासँग गर्नु गरे ।
अनि लघु कौमुदी अमरकोश समेत पढे ॥१८॥

समयहुँदै  सबै मनुजता गुरुबाट सिकी ।
नरहरिनाथले विविध शास्त्र समेत पढी ॥
पढनु छ यो बुझी पढन धेर पिपासु भए ।
त्यसपछि इण्डिया बृहत पढ्न भनेर गए ॥१९॥

नरहरि नाथ ती अनि त लौ हरिद्वार पुगे ।
त्यसपछि पढ्नता कठिन संस्कृतलाई पढे ॥
अलिअलि काव्य कौमुदि र दर्शन आदि पढे ।
अवसर छोप्न अध्ययन व्यापक गर्नु गरे ॥२०॥

घुमफिर गर्दथे सकल भारत धाम उनी ।
कति कति पढ्दथे अब त यत्ति पढें नभनी ॥
नरहरिको छुटे जमिन पढ्न भनेर कहाँ ।
नहुनु समान हो सकल सो स्थल भारतमा ॥२१॥

नरहरि फर्किए सकल शास्त्र पढाइसकी ।
स्वरचित जिन्दगी चलन फ्रेम बनाइसकी ॥
कतिपय भन्दछन् मनुजले अवतार पनि ।
किन सब छाडियो कुनि ? ठुलो घरवार पनि ॥२२॥

जति उनले गरे त्यति गरे त अवश्य यहाँ ।
अपुग सबै कुरा कलम सुक्दछ छुट्छ कहाँ ॥
तर यति नै कुरा पनि त भेटिन, पाउनमा ।
अवसर देवघाट पनि हो, लिनमा दिनमा ॥२३॥

नरहरिले गरे सब पुराइतिहास यहाँ ।
जति पनि भेटिए पठन वा अनुशीलनमा ॥
सब कुछ सुम्पिए चरणका यस देशमहा ।
सुखसँग जन्मिए जनक वुद्ध प्रवृत्ति जहाँ ॥२४॥

नरहरिनाथ हुन् अमर रत्न समान तिनी ।
प्रतिदिन खट्दथे अबनि सेवक तुल्य बनी ॥
पहलहरू गरे अटल धर्म र संस्कृतिको ।
यस दुनिया भरी बहुत धेर फिजाउनको ॥२५॥

अप्रमित थे उनी, सदृशथे प्रतिभा जलधी ।
अझ उस गण्डकी बहुत पावन तुल्य नदी ॥
सररर बोल्दथे दिनभरी पनि जो सहसा ।
रस, गुण खोल्दथे जटिल शास्त्र समेत अहा ॥२६॥

कलम दगुर्दथे विविध ती कविता रसमा ।
कलम दगुर्दथे अनि निबन्ध र लेखनमा ॥
विषय अनेक वाक् विविध बोल्न तयार हुने ।
नरहरिनाथले सगरतुल्य उचाइ छुने ॥२७॥

पठन थियो जहाँ विविध ती षड दर्शनको ।
जससँग पाइने वचन मौलिकता पनको ॥
हर क्षण भन्दथे यश छ गौ अनि ब्राह्मणको ।
मनन जगाउने, अब छिटो गर गोधनको ॥२८॥

नरहरिनाथले सकल जीवन दान गरे ।
हरक्षण खर्चदै बहुकुरा यस देश भरे ॥
कति अपमान वा जब यहाँ कतिमान लिए ।
मनुज चिनेन वा सकलबाट चिनेर गए ॥२९॥

अखण्ड आजीवन बह्मचारी ।
सदैव विद्या व्यसनी विरागी ॥
ब्रह्मिष्ठ यायावर शक्तिशाली ।
योगी थिए जीवनका उकाली ॥३०॥

विराट व्यक्तित्व अनेक क्षेत्र ।
ती कृष्ण जङ्गाजल झैँ पवित्र ॥
नेपालका मौलिक सभ्यताका ।
उत्थान गर्ने हिम शैल पाखा ॥३१॥

ती पक्षपाती हिम संस्कृतिका ।
र दक्षजाति हिम संस्कृतिका ॥
हिन्दुत्वले सिञ्चित गर्न खोज्थे ।
विशालताले युग भर्न खोज्थे ॥३२॥

कला पुरातत्त्व भरेर बस्थे ।
कि यज्ञ यागादि गरेर बस्थे ॥
कि राष्ट्रका निम्ति हतार गर्थे ।
अनेक सौन्दर्य यहीँ थुपार्थे ॥३३॥

कैयौँ लुकेका इतिहास खोजे ।
स्व राष्ट्र सेवा दिन मार्ग रोजे ॥
निन्दा र चर्चा पनि पाइहाले ।
कर्तव्यको मार्ग सँधै समाते ॥३४॥

गर्दा प्रसंसा पनि मात्र हुन्न ।
साँचो हुँदैमा सबलाई छुन्न ॥
विचार धेरै जब बन्न थाल्छ ।
बाटा अनेकौँ त्यसले अँगाल्छ ॥३५॥

देखिन्छ हो सत्य अनेक जस्तो ।
साँचो यहाँ छैन कतै म जस्तो ॥
मेरै छ गोरुकन बाह्रटक्का ।
भन्नेहरू छन् यहीँ आज पक्का ॥३६॥

तसर्थ उन्को महिमा भएन ।
दागै बिना चन्द्र पनि रहेन ॥
नेपालले त्यो प्रतिभा चिनेन ।
सगर्व हाम्रो किन खै भनेन ॥३७॥

वागिश्वरीमा मुनि तुल्य वृद्ध ।
भन्दै थिए वाक्य यिनै पवित्र ॥
सन्ध्या बितेको अनि चाल पाए ।
बाटो दुबैले अनिता समाए ॥३८॥

त्यस पछि कवि फर्के साँझमा देवघाट ।
सबकुछ महिमाले लाग्न थाल्यो विराट ॥
अणु अणु  पनि सारा लाग्न थाले विराट
वरपर सब ठाउँ त्यो पुरा देवघाट ॥३९॥

# नवौँ सर्ग

**इन्दिरा**

कवि रमाउँछन् देवघाटमा ।
शुक्ल पक्षको पुर्ण रातमा ॥
तब पुगे त्यहाँ एक आश्रम ।
शरण रातको बच्नमा लिन ॥१॥

हरिहरै थियो सोहि आश्रम ।
सब कुरा त्यहाँ मुक्ति साधन ॥
बटुक पढ्दथे वेदका ऋचा ।
जगत निम्तिमा शान्ति स्वस्तिका ॥२॥

वय अनेकका साधु सन्तथे ।
जगत झूट हो मात्र भन्दथे ॥
पथ लिनु भनी बह्म सत्यको ।
वचन भन्दथे क्यार ती अहो ॥३॥

झिलिमिली सफा शान्त आश्रम ।
वटुक सन्त वा भक्तका क्रम ॥
अझ फराकिलो लाग्छ जीवन ।
जति फराकिलो यो छ आश्रम ॥४॥

पुल तरेर जो चड्छ खुट्किला ।
यस पछाडिमा सम्म उब्भिदा ॥
फरक लाग्छ जे शैली गुम्बज ।
हरिहरै त सो हुन्छ मदिर ॥५॥

अति विशाल यो सृष्टि सर्जक ।
कुन कता होला लाग्छ खस्खस ॥
कवि यही कुरा जान्न खोज्दछन् ।
नजिक साधुका पाउ पर्दछन् ॥६॥

जुन थिए त्यहाँ वृद्ध जर्जर ।
अपितु बोल्दथे वाक् मनोहर ॥
हर घडी त्यहीँ बस्दथे अरे ।
अघि, गरुछँदा देखिका अरे ॥७॥

दश पुगे सये, वर्ष पुग्दथे ।
सकल साथमा  झुक्दथे अरे ॥
भक्ति भावमा पोख्तथे उनी ।
सब गुरु कृपा भन्दथे उनी ॥८॥

लिन पुगेर सन्यास आश्रम ।
जब यहीँ भयो देह पावन ॥
अनि भएछ रे भन्दछन् उनी ।
अझ गुरु कृपा धन्य भो जुनी ॥९॥

अब तिनै यहाँ साधुका कुरा ।
जति सुने सबै सो पुरा पुरा ॥
हृदय माझमा चित्र भै गढ्यो ।
यति कुरा यिनै भावमा बढ्यो ॥१०॥

कृपा हो यो सारा विषय परमानन्दगुरुको ।
वहाँ कै इच्छा हो हरिहर सबै मन्दिर अहो ॥
वहाँ त्यागी, योगी, यतिवर, तपस्वी सकल हो ।
अहा गङ्गाजीको उपज सदसङ्कल्प हुन गो ॥११॥

हुनुहुन्थ्यो स्वामी हुन त पहिले बाल तपसी ।
दिनुहुन्थ्यो सारा निजसुखहरू केही नभनी ॥
तपस्याकै मात्रै भर परनुभो जीवन भरी ।
बनायो इच्छा त्यो अझ प्रवल, चौघाट नगरी ॥१२॥

वहाँ पैलो पाली जब यसधरा आउनु भयो ।
यही बस्ने इच्छा प्रवल अथवा जागृत भयो ॥
थियो त्यो बेलामा नरहरिजिको कोटि हवन ।
त्यसैको निम्ताले गुरुकन गर्‍यो बाध्य रहन ॥१३॥

वहाँ हिँड्दै दिब्रुङ्कन अब यहाँ आउनुभयो ।
गलेश्वर्मा बस्दै विधिवत सबै यज्ञ सकियो ॥
त्यसैमा बाबाका जुन परमथे शिष्य उनले ।
गलेश्वर्को जिम्मा लिन प्रवल नै आग्रह गरे ॥१४॥

त्यही नै यात्राले रचित परमानन्द गुरुको ।
बनेको होला वा सकल अझ व्यक्तित्व उनको ॥
वहाँकै इच्छाले हरिहर नया मन्दिर बने ।
कहाँ बुझ्लान् सारा मनुज महिमा कत्ति नभने ॥१५॥

म भन्छु सुन्छौ के पथिक, गुरुको जीवन गति ?
यसोभन्दा हल्यो कविशिर कृपाको वश परी ॥
यही जान्ने इच्छा कविकन थियो हर्दम भने ।
स्वयं भन्नेलाई कवि त किन भन्थेर नभने ॥१६॥

जनम पाउने ठाउँ बाग्लुङ ।
जुन छ गण्डकी नाम अञ्चल ॥
अनि बिहूँ भनी गाउँ भन्दछन् ।
अदितिका उनी पुत्र बन्दछन् ॥१७॥

घर हुँदा त कन्डेल यो थर ।
सरल शान्त जो छन् मनोहर ॥
जनक गर्दछन् पितृ अर्चना ।
घर सधैँ हुने कर्म साधना ॥१८॥

नरहँदा पनि भोग लम्पट ।
छ परिवारको बोझ झञ्झट ॥
अनि जहाँ दुई गोठ छन् तर ।
भर थिए उनै नाम ईश्वर ॥१९॥

अदिति रेवती तर्फका गरी ।
सकल छन् जहाँ बाह्र सन्तति ॥
त्यसविषे गुरु पर्दछन् जहाँ ।
परम पुत्रमा छन् तृतीयमा ॥२०॥

दिनहरू चले वाल्यकालका ।
किसिमले यही हाल सालका ॥
जुन विरक्त छन्, ध्यान गर्दछन् ।
कुसुम कालमै ज्ञान छर्दछन् ॥२१॥

वनवनै सदा दूर पुग्दछन् ।
शिखरको गुफा बास बस्दछन् ॥
कलह वा कुनै बाल्यकालको ।
स्थिति बनेन छन् हाल सालको ॥२२॥

गहकिलो थियो दृष्टि दर्शन ।
समयको थियो दिव्य चुम्बन ॥
तब यसै कहाँ बित्छ जीवन ।
सफरमा थियो दूर लम्कन ॥२३॥

प्रगतिमा थियो साधुजीवन ।
जब चराउँथे गाइ पावन ॥
भजन सुन्दछन् गर्दछन् कि त ।
मुरलि घन्कदा बज्छ सङ्गीत ॥२४॥

प्रथम पल्टमा एक मन्दिर ।
तब उठाउँछन् वारिको शिर ॥
सबजना मिले भो शिवालय ।
यस समाजको निम्ति वास्तव ॥२५॥

मुसुङको घुटी तर्फमा गई ।
अब विरक्तिमा पूर्णता भई ॥
छवि प्रकाश आनन्द साथमा ।
रहन थाल्दछन् साधु जातमा ॥२६॥

युवक छन् उनी ती गुरु पनि ।
अति विरक्त छन् साधु सद्गुणी ॥
किसिमले यही  बित्छ जिन्दगी ।
हरघडी उही यज्ञ साविकी ॥२७॥

कि त बनाउँछन् मात्र आश्रम ।
कि त बनाउँछन् मात्र मन्दिर ॥
भजनमा कि ता बस्दछन् उनी ।
कि त सदा हुने ध्यानमा सुखी ॥२८॥

विविध यज्ञ छन्, विविध आश्रम ।
विविध कर्मका छन् कि योजना ॥
सकल वेदविद्यालयै कि त ।
मनुज सभ्यता भन्दछन् सिक ॥२९॥

विविध पाठशाला खुले अनि ।
विविध यज्ञशाला खुले अनि ॥
अति त फैलियो आर्ष वाङ्मय ।
तब हटेर गो अन्धता भय ॥३०॥

अनि सवार गुल्मी भए पनि ।
विविध कार्यको गर्न थालनी ॥
अब बनाउँछन् एक आश्रम ।
यस प्रकारले बित्छ जीवन ॥३१॥

तर निकै थियो कष्ट देहमा ।
जुन रहन्न सो देह, देहमा ॥
रचिन थाल्छ यस्तो शिवालय ।
जुन पछाडिको निम्तिमा हो अभ्फ ॥३२॥

गहकिला कथा गर्दछन् गुरु ।
हुनु छ पूर्वको मान्यता सुरु ॥
इलम छन् भने वेद बाह्मण ।
सकल भूमिका हो बचाउने ॥३३॥

प्रथम वेदवदाङ्ग ज्ञानको ।
अनित पाठशाला यहाँ भयो ॥
जुन बनाइयो त्यो छ जीवित ।
अझनि अर्घखाची परिचित ॥३४॥

त्यस पछाडिका धेर छन् कथा ।
प्रकट वेद वेदाङ्ग ज्ञानका ॥
हरि हरै त हो केन्द्रको अहो ।
सृजित वेद वेदाङ्गमाझको ॥३५॥

श्री सत् प्रकाश गुरुबाट लिएर शिक्षा ।
सन्यासको विधि मुताविक अन्न भिक्षा ॥
स्वामी यहाँ रहनु भो जब देवघाट ।
आफै स्वयम् अझ बढेर गयो प्रकाश ॥३६॥

विद्यालयै उभय दर्जन माथि पुग्छन् ।
सन्यास आश्रमहरू अझ धेर बढ्छन् ॥
त्यस्तै अनेक मठ मन्दिर बन्न पुग्छन् ।
सन्यस्त आज यतिका महिमा उनिन्छन् ॥३७॥

आफ्नो नया परम भक्त र शिष्य पाई ।
सुम्पेर आश्रम सबै प्रभुमा रमाई ॥
त्यागी महापुरुष सिघ्र भए समाधि ।
टाढा भए सरि भए पनि छन् अनादि ॥३८॥

उन्कै थियो जुन यहाँ चिर प्रेरणा त्यो ।
अध्यात्म ज्ञान सबका मन फैलिएको ॥
खोल्ने सुझाव उनकै छ महेशमाथि ।
बढ्छन् निरन्तर गुरु–कुलका प्रजाति ॥३९॥

त्यस्तो कुरा कवि सुनेर परे अचम्म ।
सन्यस्त साधु जनका गुण गान सम्म ॥
मागी बिदा अनि त सुत्न भए तयार ।
गर्ने निशा छ अहिले भवमा हतार ॥४०॥

# दसौँ सर्ग

उठे विहान भै सबै, समस्त देव मन्दिर ।
उठिन् सुसाउँदै नदी र देवघाट मुन्तिर ॥
उठे यही प्रभातमा चरा गरेर चिर्विर ।
हवा उठेर वा कसो बतास चल्छ सिर्सिर ॥१॥

यही विहानमा कतै अकाश व्यूँभियो कि त ।
फिजाइ रस्मिमा स्वयं प्रकाश व्यूँभियो कि त ॥
हरेक बस्तु बस्तुमा जगाउने पना छ कि ।
प्रभातमा कुनै नया रमाउने पना छ कि ॥२॥

उठेर जोशमा हिँडे सिधा अगाडि यी कवि ।
जहाँ प्रकासिलो थियो कि वेदको नया छवि ॥
जहाँ थियो फराकिलो सदा महेश आश्रम ।
रमाइ छात्र पढ्दथे सबै जहाँ बिनाश्रम ॥३॥

रहेछ चक्रबर्तिको समीम शान्त आश्रम ।
कुनै रहेछ कालमा यो शम्भुको तपोवन ॥
विहार गर्दथे अरे यहीँ रहेर शम्भुले ।
पछाडि बास बस्दथे यहाँ ठुला मुकुन्दले ॥४॥

विशाल क्षेत्रमा जहाँ, विशाल नर्मदेश्वर ।
पुरानु शिल्पको जहाँ रहेछ एक मन्दिर ॥
युवा थिए त्यहाँ कुनै यहीँ किशोर, बालक ।
सबै समूहको थियो त्यही अवश्य पालक ॥५॥

खुवाउने, पढाउने, बसाउने सबै कुरा ।
निशुल्क चल्दथे चहाँ अवश्य ती पुरापुरा ॥
रहेछ ज्ञानको यहाँ र पूर्वकोपरम्परा ।
सबै प्रकारको थियो विकास वा हराभरा ॥६॥

सयौँ जना जहाँ थिए प्रकाश तुल्य बालक ।
प्रकाशबाट सल्कने प्रकाशनै छ सायद ॥
भविष्यका तिनै थिए समस्त वेद रक्षक ।
बचोने यिनै भए समस्त प्राच्य वाङ्मय ॥७॥

अनेक शिल्प भव्यता छ बेश्मको बनाइमा ।
समग्र धेर भव्यता छ कार्यको गराइमा ॥
विशाल चौर छन् जहाँ विशाल भोजनालय ।
विशाल छात्रबासको रहस्य हेर्न लायक ॥८॥

प्रभातमा सुनिन्छ है समस्त वेद गुन्जन ।
अनन्त ज्ञानकोकुरा अनन्तमात्र गुम्फन ॥
यही सबेर जाग्दछन् सदैव नर्मदेश्वर ।
यतै बसेर हेर्छ वा समस्त विश्व ईश्वर ॥९॥

पढाइ बाल्यकालको, यहीँ छ स्नातकोत्तर ।
पहेलितुल्य प्रश्नको यहीँ रहेछ उत्तर ॥
समग्र भोगवादको चुनौति दिन्छ हर्दम ।
यही नया पढाइमा चुनौति दिन्छ हर्दम ॥१०॥

त्यहाँ पुगेर यो कुरा सहर्ष हेर्दछन् कवि ।
रहेछ दृश्य प्रष्ट यो बताउने कुनै छ कि ॥
भनेर हेर्दछन् त्यहाँ थिए पुजारी बालक ।
भने, उनीसँगै सबै बताऊ भाइ के छ त ? ॥११॥

बनाउने छ को कहाँ कसो गरेर आश्रम ।
चलाउने छ को कहाँ कसो गरेर आश्रम ॥
सुनेर यो कुरा सबै तिनै पुजारी भन्दछन् ।
म भन्दछु अलौकिकी यहाँ प्रकाश बल्दछन् ॥१२॥

रामानन्द गिरि छ नाम यसको, सङ्कल्प कर्ता उनी ।
स्वामी हुन् तर भन्दछन् जनहरू उन्लाइनै सद्गुणी ॥
हो आवाल छ बह्मचर्य उनको छन् तफ्वबेत्ता पनि ।
भन्छन् मानव आज, सन्त सबका शिर्षस्थ सच्चा मणि ॥१३॥

उन्को यो सब कार्य हो, सृजन हो, सङ्कल्प उद्देश्य हे ।
यो हो धर्म र सभ्यता सकलको हो राष्ट्रका निम्तिको ॥
जस्ले नाम लिँदै गुरु चरणमा अर्पे महेशाश्रम ।
मान्छेले जति जे गरेपनि सँधै सोद्देश्य हुन्छन् श्रम ॥१४॥

जन्मेको जसले यसै मुलुकको जिल्ला थियो धादिङ ।
गाउँ केवलपूर हो तर थियो सङ्घर्षले हुर्किन ॥
आमाले टुहुरो बनाइदिनुभो बाबा खसेका थिए ।
धेरै दुःख दरिद्रता नजिकमा आइ बसेका थिए ॥१५॥

जेठो पुत्र उनी सबै किसिमको कर्तव्यले बाँधिए ।
त्यागी मोह, परन्तु पढ्नतिर नै ज्यादा जसो तानिए ॥
पण्डित्का परिवारका जन उनी संस्कार राम्रो थियो ।
प्रत्यावर्तन झैँ गरेर जसले संसार राम्रो दियो ॥१६॥

सानै देखि लगाव पढ्न तिरमा अन्यत्र खालि थियो ।
विद्याकै बलले अवश्य उनमा संसार तालि दियो ॥
सोहीकारणले प्रशस्त उनको सम्मान गालि भयो ।
भाषा संस्कृत वाटिका बिच उही व्यक्तित्व मालि भयो ॥१७॥

हो धेरै थरि दुःख, भोक उनले जेभ्mेर माथि गए ।
आफै बास्तव स्नातकोत्तर सकी चाँडै पि यच् डी भए ॥
पढ्नेतर्फ मिलेन बास्तव कुनै सद्प्रेरणा ढाडस ।
मान्छेभित्र बलिष्ठ हुन्छ सबमा विश्वास वा साहस ॥१८॥

त्यो विश्वास दिलाउने जन भयो आफन्त मान्छे सरि ।
त्यो विश्वास बढाउने जन भयो आफन्त मान्छे सरि ॥
स्वामीमा पहिले युवा वय छँदै वैराग्यको वृद्धि भो ।
आत्मासत्य समस्त भ्mूट भनिने वेदान्त पढ्नु भयो ॥१९॥

स्वप्नामा जब प्रष्ट शङ्करसँगै देख्नु भयो पाणिनी ।
बन्ने भित्र समेत निश्चय भयो यै पन्थको गामिनी ॥
खोल्ने निश्चय वेदको अनि भयो वेदान्त विद्यालय ।
पढ्ने ब्राह्मण पुत्रको, गरिवको, सद्पात्रको आश्रय ॥२०॥

त्यो भन्दा पहिले गुरु हुनुभयो सन्यस्त दीक्षा लिई ।
जोगीको गुजरान केवल चल्यो मागेर भिक्षा लिई ॥
घुम्दै पुग्नुभयो कुनै दिन यहाँ वेदान्त व्याख्यानमा ।
स्वामी पावन देवघाट नगरी यो तीर्थ सम्मानमा ॥२१॥

टेक्दैमा यस देवघाट उनमा सञ्चार नौलो भयो ।
हो उत्साह अदम्य भाव उनमा भ्mङ्कार नौलो भयो ॥
सेवा के कसरी गरौँ अनि भयो भन्ने सदीक्षा सँधै ।
नेपाली जनको र राष्ट्र यसको माया गरौँ दिन्दिनै ॥२२॥

हाम्रो संस्कृति, मूल्य, जीवनकला, प्राचीनता, सभ्यता ।
के गर्दा कसरी रहन्छ भवमा त्यो पूर्वको भव्यता ॥
भन्नेमात्र विचारको उदय भो कर्तव्य केही गरौँ ।
मान्छे तुल्य बनेर बाँच्न म सकौँ मान्छे बनेरै मरौँ ॥२३॥

हो यस्तो घटना घटेर अब गो निद्रा हरायो सबै ।
स्वामीका सब रोग, भोक अथवा तिर्खा हरायो सबै ॥
खोल्ने निश्चय नै भयो अनित के आदर्श विद्यालय ।
शिक्षा संस्कृतको, विशाल दिलको सम्पूर्णको आश्रय ॥२४॥

यो उद्देश्य अगाडि माधव थिए पौडेल ती साथमा ।
चन्दा दान दिने यसै विषयमा बढ्दै गए साथमा ॥
भण्डारी अनि राम, विष्ट थरका केदार उल्लेख्य छन् ।
हेटौँडे, ध्वजराम मङ्गलहरू यो कार्यको साथ छन् ॥२५॥

यस्तै राम सुवेदी, सञ्जयहरू चारु र नारायण ।
गर्छन् त्याग महेन्द्र नाम सबले यो ग्रन्थ पारायण ॥
त्यस्तै छन् नरदेव, सङ्घइ सँगै प्राचार्य, अध्यापक ।
साझा त्याग मिलेर बन्छ भरिलो उद्देश्य यो व्यापक ॥२६॥

यस्को हो अवधारणा सकलको होस् प्राच्य विद्यालय ।
विद्यादान बनोस् पढेर दिलमा आओस् कुरा निर्मल ॥
विद्याले परिवार, राष्ट्रप्रतिको कर्तव्यको बोध होस् ।
आफै भित्र निजत्व पाउन भनी आफ्नै सदा खोज होस् ॥२७॥

बाँच्ने जीवनको कला अझ मिलोस् शिक्षा मिले वास्तव ।
मर्ने सायद त्यो कला सब मिलोस् शिक्षा मिले वास्तव ॥
यो आध्यात्मिक मार्गको सफर होस् सम्पूर्ण शिक्षालय ।
संसारैभरि भोलि खोज्न सकियोस् त्यै प्राच्यको आश्रय ॥२८॥

साच्चैनै अब पाउँदै छ गुरुको उद्देश्यले पूर्णता ।
विद्यार्थी जनको हुँदै सफलता सङ्कल्पमा एकता ॥
हो राम्रो र विशिष्टता छ जसको उत्तीर्ण जो छात्र छन् ।
विद्यार्थी त महेशका जति सबै प्रत्येक सद्पात्र छन् ॥२९॥

यो विद्यालय आज निश्चय कुरा नेपालकै शान हो ।
स्वामीबाट प्रदत्त राष्ट्रहितको यो राष्ट्र सम्मान हो ॥
यौटा व्यक्ति प्रयासको फल अहो नेपालले भोग्दछन् ।
स्वामी झैँ दश मात्रले पनि सबै नेपाल यो बोक्दछन् ॥३०॥

पुजारी सबै भन्दछन् सत्य यस्को ।
कहाँ के भयो सत्य देखेर जस्तो ॥
गुरुको सबै जिन्दगीको बयान ।
बनाएर फोटो बताए समान ॥३१॥

सुवेदी थिए राम यौटा प्रसाद ।
पितादेव, माताजिका सास, आश ॥
उनी जन्मिएछन् बनी पुत्र पैलो ।
मिलेको थियो स्नेह धारा सबैको ॥३२॥

थिए गाउँले भन्दथे सानुबाजे ।
पिताको सधैँ मार्गलाई समाते ॥
पढी पाठ सङ्कल्प जान्ने भएर ।
गरेको हुनुपर्छ कामै सबेर ॥३३॥

थिए बाबु तिम्रा र विद्वान पूर्ण ।
प्रसाद त्यसैमा सुवेदी भलाद्मी ॥
थिइन् तिल् कुमारी त आमा अनौठी ।
सदा स्नेह गर्ने दया दान मूर्ति ॥३४॥

थिए दाजुभाइ दुबै तर्फबाट ।
विमाताजिका पुत्रको साथ चार ॥
उनी जेष्ठ कान्छानि साधु बनेर ।
गए सिन्धुमा बिन्दुबन्दै बगेर ॥३५॥

थियो वाल्यबस्था थिएनन् सहारा ।
पिता कोहि माता दिएनन् सहारा ॥
गए मृत्युको ग्रास बन्दै उडेर ।
लग्यो कि खुसी भाग्य आफै लुटेर ॥३६॥

बुझी दुःख मामा लगे पाल्नलाई ।
सबै बालवच्चा सँगैमा मिलाइ ॥
बढे दुःख भोगे अनेकौँ अवस्था ।
यसै जिन्दगीको अझै बासबस्दा ॥३७॥

त्यतैबाट शास्त्री र आचार्य भ्याए ।
खुबै नाम पढ्नेहरूमा कमाए ॥
उनी पढ्दछन् ज्ञानका हुन् पिपाशु ।
कडा बन्दछन् छन् अचाक्ली दयालु ॥३८॥

यहाँ सम्ममा मान सम्मान पाए ।
अनेकौँ ठुला ग्रन्थ लेखी छपाए ॥
परापूर्वको ज्ञान शिक्षा बचाए ।
यहाँ वेद वेदाङ्गशाला चलाए ॥३९॥

अझै छन् यहाँ सन्त उद्देश्य बाँकी ।
उनै भन्दछन् गर्नु पर्ने नढाँटी ॥
ठूलो लक्ष्य बाँकी छ रे प्राप्त गर्न ।
अझै आर्ष बास्ना सबै तर्फ छर्न ॥४०॥

चुरुङ्गा उनी बस्दछन् पोखरामा ।
वहाँ काठमाडौँ गई जो धरामा ॥
त्यहाँ बस्ने ठाउँ र आस्था रहेछ ।
सबै तर्फ उन्को प्रसिद्धि भएछ ॥४१॥

यस्तो कुरा जब सुने कवि छक्क पर्दै ।
लागे सरासर उँभो त्यस ठाउँ छाड्दै ॥
श्री चक्रवर्तितिर केवल फर्किएर ॥
श्रद्धा समस्त मनको धन अर्पिएर ॥४२॥

# एघारौँ सर्ग

उचाइ भिन्न खालको रहेछ चक्रवर्तिको ।
जहाँ मुकुन्दको कुरा सुनिन्छ धेर अर्तिको ॥
अझै अगाडि शम्भुको रहेछ यो तपोवन ।
यही अनन्त साधना अपूर्व रूपको धन ॥१॥

यहीँ बसेर शम्भुले अनेक साधना गरे ।
रमा सहित विष्णुको जहाँ उपासना गरे ॥
घुमेर नित्य हो धरा रमाउँथे सँधै उनी ।
जहाँ घुमी गरा गरा रमाउँथे सँधै उनी ॥२॥

अनन्त वर्ष सम्मभो यसै प्रकारको क्रम ।
अनन्त वर्ष शम्भुको बनेछ यो तपोवन ॥
सबै प्रकारको यहाँ मिलेछ सिद्धि पावन ।
यहीँ बसेर गर्दथे उनी अनन्त भुन्भुन ॥३॥

यही बसेर विश्वको गरेर नाश, पालन ।
विकास वा विनाशको अनेक फेरि शासन ॥
उनी रमाउँथे यहीँ र जग्मगाउँथे पनि ।
यसै भएर क्षेत्र यो बनेछ तीर्थ पावनी ॥४॥

यहाँ अनेक वाटिका बनाइ बस्दथे उनी ।
यहीँ विहार गर्दथे यहीँ रमाउँथे उनी ॥
यहीँ बुझेर तफ्वको स्वरूप आत्म चिन्तन ।
गरेर बस्दथे उनी हरेक रात दिन्दिन ॥५॥

मणी मुकुन्द नामका थिए अरे कुनै नृप ।
यहाँ रमाइ ती बसे विरक्त साथ वास्तव ॥
यहीँ विभिन्न खालका बनाइ साधना गृह ।
यहीँ विभिन्न खालका रचेर शम्भु मन्दिर ॥६॥

तिनै मुकुन्दको कुनै रहेछ राज्य पालपा ।
ठुलो विशाल राज्यको जमाउँदै अखण्डता ॥
तिनी गरेर बस्दथे समस्त राज्य शासन ।
सबै कुरा मिलाउँदै चलाउँथे प्रशासन ॥७॥

समस्त कार्यमा उनी प्रजा खसी गराउँथे ।
प्रजा पुकार दुःखमा उनी स्वयं हराउँथे ॥
उनी पराक्रमी थिए र वीर शाहसी थिए ।
उनी भएर नै दिए विशालता जहाँ थिए ॥८॥

बसेर देवघाटमा मुकुन्दले गरे तप ।
जहाँ रहेछ शम्भुको अगाडिको तपोवन ॥
छ चक्र जो अझै यहाँ मुकुन्दबाट जो रहे ।
हरेक रात प्रातमा सदैव चक्र बढ्छ रे ॥९॥

थियो अगाडि सूक्ष्म यो मुकुन्दले स्वयं पनि ।
कठोर दुःखको बिना उठाइ राख्दथे अरे ॥
परेछ जालमा सँधै कुनै अमूल्य पत्थर ।
मुकुन्द हातमा हुँदा खडा भएछ मन्दिर ॥१०॥

त्यही विराट चक्रको स्वरूप देख्न पाइने ।
अको, उको, मको यहीँ सहस्र दृष्टि पाइने ॥
विराट रूपमा जहाँ रहेछ विष्णु विग्रह ।
छ नीलकण्ठ शम्भुको यहीँ समस्त विग्रह ॥११॥

यहीँ समीप वाटिका छँदैछ झन् मनोहर ।
जहाँ अनेक फूलका विशाल वृक्ष सुन्दर ॥
पुगेर प्रेम गर्दछन् युवा यहीँ प्रदर्शन ।
अनेक पक्षिवृन्दको सुनिन्छ नाद रुन्झुन ॥१२॥

**द्रुतविलम्बित**

कवि बसेर यतै अनि सोच्दछन् ।
सकल तथ्यहरू अझ खोज्दछन् ॥
कति यहाँ गुनिला जन बस्दथे ।
कति पुरा इतिहासहरू थिए ॥१३॥

कति यहाँ मठ मन्दिर छन् कुनि ।
कति यहाँ अनि आश्रम छन् कुनि ॥
कति पुरातन तथ्यहरू मिले ।
कति कुरा यसका श्रुति वाक्य बने ॥१४॥

अनि यहीँ उपयुक्त छ याममा ।
सब बुढा जन आउन घाममा ॥
गफ हुँदो र छ शीतल वृक्ष मुनि ।
विषय लाख करोडहरू चुनी ॥१५॥

कवि समीप दुई जन बस्दछन् ।
निकट व्यक्ति भए सरि सोद्धछन् ॥
घर कहाँ, थर के अनि हिँड्नुको ।
कुन प्रयोजन हो भन ए प्रभो ॥१६॥

भ्रमण लक्ष्य लिएर हिँडे कता ।
म त अचानक आइ पुगेँ यता ॥
अब पुगेर सरासर सङ्गम ।
अनि भयो मन धेर विहङ्गम ॥१७॥

पुनित सङ्गमका जुन साधुले ।
हर रहस्य र गुह्य कुरा दिए ॥
अनि भने घुम जाउ तपोवन ।
र अनुभूत गरी बस मन्मन ॥१८॥

यस विचार सुनेर यता घुमेँ ।
सकल धर्म  र अर्थहरू बुझेँ ॥
जुन छ पावन तीर्थ समस्तमा ।
छ उपकार समस्त बुझेँ यहाँ ॥१९॥

पुनित धाम रहेछ यही बुझेँ ।
सकल आश्रम मन्दिर घुम्न पुगेँ ॥
थकित पो तर बन्दछु हैं अति ।
अझ चहार्नुछ मन्दिर लौ कति ॥२०॥

यस प्रकार थियो कविको कुरा ।
हृदयदेखि बगेर पुरा पुरा ॥
अनि दुई बिच एक भने कुरा ।
म पनि जान्दछु बर्ष बिताइ पुरा ॥२१॥

दशक चार बिते यस धाममा ।
सकल मन्दिर घुम्नु छ काममा ॥
भजन कीर्तन वा हरिका कथा ।
जति बुझेँ त्यति भन्छु कथा व्यथा ॥२२॥

जति छ आश्रम वास्तव ती ठुला ।
सब घुमेर सके पनि छन् यता ॥
अझ सयौँ मठ मन्दिर आश्रम ।
र तपसी मुनि साधुहरू क्रम ॥२३॥

तल अघोर छ आश्रम वाटिका ।
कति भए कति मञ्चन नाटिका ॥
त्यस धरा पहिले तपसी थिए ।
हवनमा निज हात समेत दिए ॥२४॥

अझ उनी बहुतै तप सिद्ध थे ।
बगरम पनि निर्भय बस्दथे ॥
कति जना उनको प्रिय भक्त थे ।
धन अनन्त र वैभव नै दिए ॥२५॥

तर विरक्त थिए बहुतै उनी ।
विषय राग, विलास कुनै नहुनी ॥
दम थियो यममा पनि पोख्तथे ।
जुन अघोर छ आश्रम थेग्दथे ॥२६॥

यससँगै छ वशिष्ठ र जानकी ।
पनि गुफा अझ सुन्दर छन् कति ॥
अलप यो स्थल छिन् अझ जानकी ।
पति प्रताडन वा अपमानकी ॥२७॥

कठिन भीर रहेछ अहो यहाँ ।
अति ठुला अझ पत्थर छन् यहाँ ॥
छ यस मुन्तिर कञ्चन गण्डकी ।
तप गरेर वशिष्ठ बसे यहीँ ॥२८॥

बगलमा जसको गिरि नारन ।
अनि कुटी छ, परन्तु छ निर्जन ॥
तपसमा उनको महिमा अति ।
कवि अवोध तसर्थ भनोस् कति ॥२९॥

अझ गलेश्वर आश्रम क्षेत्रमा ।
कति कुटी कति सन्त अनेक झन् ॥
अति ठूलो जुन कल्प छ वास यहाँ ।
विविध छन् यति, भक्त, मुमुक्षु यहाँ ॥३०॥

फल छ फूल छ सुन्दरता यहाँ ।
अनि सुगन्ध प्रवाहित छन् जहाँ ॥
अझ अनाहत बोली छ गण्डकी ।
मन रहन्न र हर्दम बन्दकी ॥३१॥

हरिहरअघि मन्दिर रामको ।
त्यससँगै अनि साई छ रामको ॥
सँगसँगै अनि नारनचारी छन् ।
फल छ मात्र लिने निज बानी छन् ॥३२॥

जुन छ निर्मित सत्य र नारन ।
गजब मन्दिर जो उनबाटको ॥
यससँगै तल छन् जलका मूल ।
नर नुहाउँदछन् हुलका हुल ॥३३॥

पुल तरेर छ मन्दिर वद्रिको ।
अति विशाल विराट छ यो ठूलो ॥
यति सबै मठमन्दिरले गरी ।
सकल शम्भुतपोवन भो धनी ॥३४॥

यसपछि अब केही मौनता सल्बलायो ।
मधुर सुजन बोली शान्ति भैगो हरायो ॥
नजर नजर हेर्दै भावना बुझ्न लागे ।
अलिकति कविता भो जत्ति जस्ले पगाले ॥३५॥

# बाह्रौँ सर्ग

केही गमेर कविले  अनि प्रश्न गर्छन् ।
यो देवघाट पुलपारि त के रहेछन् ॥
यस्तै अनेक मठमन्दिर धर्मशाला ।
चल्छन् कि आश्रमहरू वटु वेदशाला ॥१॥

यस्को जवाफ दिन तत्पर  वृद्ध हुन्छन् ।
जो मौनसाथ सब बात सुनेर बस्छन् ॥
संक्षिप्त भन्दछु यहाँ जति छन् पुराना ।
सम्पूर्ण धार्मिक कुराहरूका वयान ॥२॥

बाबा थिए अघि यहाँ जुन डिल्लीराम ।
गर्थे समाज सब निम्ति अनेक काम ।।
उन्को छ मन्दिर अझै पनि रामनामी ।
गर्थे अनेक उपकार घृणा नठानी ॥३॥

निर्माण निम्ति पुलमा अति योगदान ।
उन्को रहेछ जति त्यत्ति छ धेर जान ।।
 विद्यालयादि सबमा महिमा सुनिन्छ ।
बाटो बनाउन उनी अघि छन् भनिन्छ ॥४॥

यी रामका परम भक्त थिए भनिन्छ ।
वर्षहरू व्यय गरे तपमा सुनिन्छ ॥
यिन्ले परम पावन तीर्थसेवा ।
यो क्षेत्र माध्यम हुँदै अनि राष्ट्रसेवा ॥५॥

श्रीराम सन्निकट मन्दिर लक्ष्मीनारन ।
श्रीमज्जनार्दन गुरु सृजना सकार्छन् ॥
श्रीवैष्णवी परम पावन सम्प्रदाय ।
उन्को रहेछ महिमा यस निम्ति हाय ॥६॥

त्यस्कै समीप शरणागति आश्रमै छ ।
श्रीखेमराज गुरुको महिमा सुनिन्छ ॥
वाचाल पण्डित अरे गुरुजी अपार ।
सत्कर्मतर्फ मन लाग्दछ बारबार ॥७॥

विद्यालयादि मठमन्दिर जे चलाए ।
श्रीकेशवै शरणले महिमा कमाए ॥
उन्को प्रसिद्धि सब देश विदेशमा छ ।
फेला सुयोग्य जन पार्दछ देवघाट ॥८॥

अर्को छ संस्कृत पढाउन एक मा.वि.।
सिधासँगै छ शरणागतिको अगाडि ॥
सीता र रामसँगको प्रिय नाम जस्को ।
धेरै पुरानो क्षणको स्मृतिकाम जस्तो ॥९॥

अर्को छ नाम अनि राम र जानकीको ।
शिक्षा संस्कृत दिने मठमन्दिरैको ॥
यस्तै विशाल हनुमान छ उभिएको ।
जस्को अगाडि शिवमन्दिर छन् बनेको ॥१०॥

यस्तै अनेक छ मन्दिर यज्ञशाला ।
शिक्षा दिने घरहरू अनि धर्मशाला ॥
आचार्य आद्य मठ शङ्करको छ अर्को ।
बुद्धिस्टका घर र गुम्बजको छ झल्को ॥११॥

बौद्धिस्टको पनि यहाँ अझ हुन्छ आस्था ।
राम्रो सहिष्णुपनको सुखशान्ति चाख्दा ॥
निम्बार्क वैष्णव बौद्ध र शैव जे छन् ।
सम्पूर्ण आपस मिले दु:खदर्द भाग्छन् ॥१२॥

यस्तो प्रकार सब दर्शन झैं गराई ।
ती वृद्ध मौन रहँदै कवितर्फ आई ॥
हो वा कुनै प्रतिक्रिया अब बुझ्न थाले ।
आफ्नै प्रयास जुन तथ्यहरू सँगाले ॥१३॥

यस्तो प्रकार कविले जति बात सुन्छन् ।
साँच्चै दुबैसँग खुलेर कृतार्थ हुन्छन् ।
भन्छन् उनीसँग कहाँनिर बस्नुहुन्छ ।
सत्कर्म धर्म सब झन् किन गर्नुहुन्छ ॥१४॥

मिल्छन् जवाफ अनि वास्तव वृद्धबाट ।
वृद्धाश्रमै छ अहिले निज वास खास ॥
बस्छौं दिँदैछ सरकार त अन्न पानी ।
व्यर्थै गएसरी बिते र भयो जवानी ॥१५॥

आफन्त हुन् तर हुँदैन कुनैनि आफ्नो ।
सारा गृहस्थ सुख कत्ति भएन आफ्नो ॥
आफैं सिवाय नहुने अरु वस्तु आफ्नो ।
मेरो छ भन्न पनि व्यर्थ छ यो फलानो ।१६॥

कोही भएन परिवार, भएर आफ्नो ।
काँही रहने परिवार, रहेर आफ्नो ॥
को सोच्छ हुन्छ अझ अन्तिम वास यस्तो ।
मूर्दा भएर पनि फेर्दछ सास जस्तो ॥१७॥

छन् आज जो स्मृति बनेर सताउँदै ती ।
तिन्कै भनेर सुखनिम्ति कुदेर जत्ति ॥
थाकेँ गलेँ शिथिलता तनले समात्यो ।
फुत्केर त्यो जन भने परबाट हाँस्यो ॥१८॥

यी छन् तिमीअघि यहाँ उभिने बुढा जो ।
गार्हस्थ जीवन बुझेर अवश्य आको ॥
यी छन् विरक्त जन चालीस वर्षदेखि ।
यो धामभित्र रहँदै चुहिँदै बलेसी ॥१९॥

हो दुःख धेर जब आश्रमनिम्ति गर्थे ।
पैले समस्त मठमन्दिरमा चहार्थे ॥
वृद्धत्वले जब लगाम पकड्न थाल्यो ।
त्यो दुःख पाइरहँदा सरकार पाल्यो ॥२०॥

वृद्धाश्रमी उभय छौँ घरबाट छैनन् ।
ठूलो जहानबीच छौँ परिवार छैनन् ॥
यस्तै अनेकन बुढाहरूको छ भेट ।
संख्या अवश्य जसको सयमा बढी छ ॥२१॥

यस्तो प्रकार उनका जति वाक्य निस्के ।
धेरै प्रभाव कविका मनभित्र पस्के ॥
सोधेरे के कति छ आश्रम फेरि संख्या ।
छन् मौनता कवि समाधि लिएर बस्दा ॥२२॥

हो वृद्धाश्रम जहाँ गन तीन संख्या ।
जस्मा दुई छ सरकार चलाइराख्दा ॥
तेश्रो छ व्यक्तिगत जो उस आप्रवासी ।
नेपालपुत्र जनता सबको प्रयासी ॥२३॥

यस्ता कुरा सब सुनेर उठेर माग्छन् ।
छुट्ने विदा उभयमा कविसाथ जो छन् ॥
उठ्छन् त्यहाँ सकल लक्ष्य लिएर आफ्ना ।
यात्री छलिन्छ कसरी पथमा विराना ॥२४॥

सुन्दै सुसाहट कवि जब गण्डकीको ।
पुग्छन् जहाँ मधुर संगम गण्डकीको ॥
सुन्दै अचम्म रहने ध्वनि शब्दभित्र ।
पुग्छन् हराउन कि स्वप्न भनी विचित्र ॥२५॥

यो सृष्टि सार पनि हो जल तफ्व बीज ।
होला यही विषयमा अनगिन्ति खोज ॥
मात्रै हुँदैन जल जीवन हुन्छ सच्चा ।
पानी छ स्थायी तर जीवन हुन्छ कच्चा ॥२६॥

खेल्छन् जहाँ लहर आपसमा तरेली ।
झिम्क्याउँछन् नजिक वृक्ष जहाँ परेली ॥
बोल्दै चरा मधुर चुम्बन गर्छ यार ।
जो हुन्छ फुर्सद सधैँ र सधैँ हतार ॥२७॥

यात्रा रहेछ जसको अविरामवाला ।
साँच्चै रहस्यमय जीवनको छ चाला ॥
लाखौँ उतार छ चढाव जहाँ छ लाखौँ ।
घुम्ती अनेक भुमरी छ नचाई लाखौँ ॥२८॥

जस्को वहाव छ सँगै अविराम दौड ।
जो भन्छ उत्र जनहो सबमाथि पौड ॥
निस्सासिने किसिमको पन भित्र हुन्छ ।
जो डुब्छ भित्र दहमा उसमात्र रुन्छ ॥२९॥

खेल्छन् यहीँ लहरमा अनगिन्ति खेल ।
हुत्याउँदै तट दुबैतिर चल्छ भेल ॥
जिउँदो छ जागृतिपना जसभित्र होला ।
फेला यहीँ सकल पर्छ मनुष्य चोला ॥३०॥

जस्तो मनुष्य मृदु जीवन भिन्न हुन्छ ।
उस्तै गरेर जलको पनि जिन्दगी छ ॥
जो बढ्छ, चल्छ अझ पुग्दछ दूरसम्म ।
खेल्दै सदा लहरमा अवसानसम्म ॥३१॥

पानी स्वयं पुनरजन्म लिएर खस्छ ।
यात्रा निरन्तर सदा जसको रहन्छ ॥
यो हुन्छ वाफ पछि वृष्टि भएर झर्छ ।
संसार यो जल सदैव समस्त भर्छ ॥३२॥

यस्तै विचार बीचमा पर साधुबाबा ।
पद्मासनस्थ कवि देख्न पुगे हतार ॥
झट्टै गएर नजिकै अनि हात जोडी ।
गर्छन् पुकार कविले अब आज फेरि ॥३३॥

कहाँ थिएँ बालकतुल्य खेलमा ।
पुगेछु लौ चिन्तनरूप भेलमा ॥
सबै घुमी पावन देवघाट यो ।
गुरु अनौठो र अपूर्व भेट भो ॥३४॥

म मूल आधार बुझेर दङ्ग छु ।
बुझेर यो जीवन झन् प्रसन्न छु ।
बुझ्दैछु जो मानवरूप आज म ।
विन्ती छ उद्घाटन गर्न साथ म ॥३५॥

षट्चक्र जो कुण्डलिनी म जान्दछु ।
रहेछ काली पनि जीव मान्दछु ॥
यो योग पारङ्गछ मुक्त के छ त ।
म जान्न चाहन्छु यथार्थ शाश्वत ॥३६॥

बुझेर काली सब चक्र पङ्कज ।
सुगन्ध थाली जुन पुष्पसाथ छ ॥
म तन्त्र योगादि बुझेर रम्दछु ।
भन्नुहवस् सत्य कुरा म गम्दछु ॥३७॥

गरेर आज्ञा सब पूर्ण, फर्किए ।
यता अनायास अवश्य लर्किए ॥
म जान्न चाहन्छु अझै अझै कुरा ॥
निःशर्त गङ्गामय जीवन पुरा ॥३८॥

सुनेर हो वा कविको पुकारले ।
नितान्त बेग्लै तरिका प्रकारले ॥
खुलाई आँखा सबतर्फ हेर्दछन् ।
हेराईमा भाव समस्त छर्दछन् ॥३९॥

अलि समय दुबैले मौनतामात्र गुन्छन् ।
विषयसँग मनैमा बात-संवाद गर्छन् ।
यसबीच कविताले सुस्तरी सास फेर्छे ।
अधिक हुन पुगेमा नत्र यस्ले लघार्छे ॥४०॥

# तेह्रौँ सर्ग

**सुन्दरी**

यस मौन समाधि भित्र ती ।
दुइले आपसमा बुझे जति ॥
उस प्रेम फुटेर पट्ट भो ।
मुनिको वाक्य सुधा जता खस्यो ॥१॥

हे बच्चा आज जस्को सुरुचिमय कुरा जान्न खोज्छौ तिमीले ।
ती धेरै पुण्यदायी पुनित जलद हुन् ठान्दछन् यो सबैले ॥
तिन्का छन् दिव्य गाथा घरघर डुलदा पाइँदैछन् कहानी ।
जो द्वारा प्रष्ट आलोकित छ पहिलो विश्वमा नै विहानी ॥२॥

पानी हो विश्वमा नै प्रथम सृजनको स्रोत सम्भाव्य नाम ।
जस्को संसारमा छन् विविध गुणहरू सम्झना योग्य काम ॥
पानीले मात्र प्राणी सब रचित भए, मात्र आधार पानी ।
पानीमै उठ्छ फोकासरि अनि उसमै मेटिने जिन्दगानी ॥३॥

पानीको सूक्ष्म थोपा तरल छ उसमा जीवनाधार हुन्छ ।
पानी बाटै यहाँको विकसित कुनै जीव आकार लिन्छ ॥
पानी जस्तै छ हाम्रो नियमित बहने उर्लंदो जिन्दगानी ।
पानी व्यर्थै नफालौं वरपर घरमा मूल्य केही नठानी ॥४॥

पानी हो सभ्यताको किरण पहिलो स्रोत आधार सारा ।
पानीनै सभ्यता हो विकसित चिजले लिन्छ यस्कै सहारा ॥
यस्मा सारा उदाए, मनुज जनित कुरा मान्छे आफ्नै विकास ।
पानीकै भित्र हुन्छन् झलमल विजुली ज्योति छर्ने प्रकाश ॥५॥

पानीमा जीवनी छन् नियमित जसमा हुन्छ चाञ्चल्य क्रीडा ।
पानीमा देवता छन् वरुण, जलसबै तर्फ अस्तिफ्व टेवा ॥
पानीकै जिन्दगानी पनि त गजबकै हुन्छ मान्छेहरूझैं ।
हाम्रो भाषा छ बेग्लै अतिकति जलको बोली छैनन् अरुझैं ॥६॥

मान्छेको जत्ति मान्छेसित सहजबने भावना प्रेम माया ।
उस्तै सम्बन्ध माया जलसँग रहँदा गर्छ कस्ले सजात्रा ॥
मान्छेले बुझ्नु पर्ने अतिकति उसको जीवनाधार तफ्व ।
पानीनै पूज्य शक्ति, यतिविधि महिमा, सिर्जना छन् विचित्र ॥७॥

यौटा हो तफ्व पानी पनि विविध जसै तफ्व छन् पाँच ओटा ।
पृथ्वी आकाश हावा सदृश अझ यहाँ तेज जस्तै अनौठा ॥
पानी नै जिन्दगी हो, अनि सब कुछ हो, जिन्दगी नै त पानी ।
ल्यायो आलोक नौलो अघिपनि यसले सभ्यताको विहानी ॥८॥

पानीको मूल नै हो कतिपय ठूला सभ्यताको मुहान ।
बन्दै आएछ होला विकसित अझ जो जिन्दगीको समान ॥
बत्ती हो सभ्यताको हिम शिखर कुना कन्दरामा बलेको ।
पैलो बत्ती यसैले अनि पछि त सयौँ दीपमाला जलेको ॥९॥

गङ्गा आफै छ पानी तर पनि यति नै मात्र पानी कहाँ र ?
गङ्गा धेरै छ दानी तर पनि यतिनै मात्र दानी कहाँ छ ?
यो आफै बह्म हो जो असिमित यसमै सृष्टिको कल्पना छ ।
जे जे देखिन्छ त्यस्मा अझ गजव भने दृष्टिको कल्पना छ ॥१०॥

यो सारा सभ्यता वा मनुज जनित सबै कार्य सङ्कल्प जे छन् ।
ती सारा गण्डकीको फल रस अथवा सिर्जना पो रहेछन् ॥
यो यस्तो ठाउँ हो यो बहुतअघि यहाँ पूर्वको सभ्यताको ।
यस्ले उत्पत्ति गर्दै जगतभरहुने ज्ञान रस्मि छरेको ॥११॥

हुन्थ्यो रे विष्णुद्वारा तपस जुन वहाँ कालीको मूलक्षेत्र ।
बल्दैछन् ज्योति लाखौँ झलमल जसका काखका मूलभित्र ॥
त्यस्मैछन् शान्तिलाई जगतभरसदा फैलिएको प्रकाश ।
मान्छेका सोच इच्छा, प्रगति र सुख छन् स्थाइ गर्ने विकास ॥१२॥

भन्दैनन् व्यर्थ सारा स्मृति विविधले गण्डकी मुक्तिदायी ।
भन्दैनन् व्यर्थ मान्छे पनि त सकलले गण्डकी मुक्तिदायी ॥
पुर्खाले बस्दथे झन् तट निकट कतै व्यर्थ केले रमाई ।
त्यागी सारा सबै ती सुखसयलहरू कत्ति केही नपाई ॥१३॥

आई कोही रमाई जड भरत यहीँ पो तपस्या गरेछन् ।
मुक्तात्मा सिद्ध योगिश्वर सकल यहाँ आउँदैमा तरेछन् ॥
यो खोलामा हजारौँ विविधथरि नयाँ संस्कृति हुर्किएछन् ।
मेरो बेग्लै छ भन्दै गुणजति सबले विश्वमा फुर्किएछन् ॥१४॥

भाषाको भेषको वा कतिपय गुणको विश्वको सभ्यताको ।
यो यौटा आदि ठाउँ सब कुछ अझ हो आदि गाथा उषाको ॥
शेर्पा संस्कार को त्यो विविधथरि नया पद्धतिमात्र हैन ।
बासिन्दामा सबैमा मगर गुरुङमा भिन्नता केही छैन ॥१५॥

आफ्ना आफ्नै सबैका विविधथरि हुने सभ्यता शिल्प शिक्षा ।
साराको हो अनेकौँ स्फुरण सब दिने स्रोत गङ्गा सदिक्षा ॥
प्राणीको स्रोत पानी जलपनि अझ हो गण्डकीको महान ।
जस्को आलोकपाई सृजितहुन गयो सृष्टिको यो बिहान ॥१६॥

थुप्रै छन् सभ्यता ती जलसँग त सरोकार राख्ने धरामा ।
पानी हो मात्र कारण असलहुने सृष्टिको सिर्जनामा ॥
पानी थ्यो खालि पैले जगतअनि यही माथि उत्पत्ति बन्दा ।
पानी भेटिन्छ धर्ती  मुनि सकल गरा खेत फोरेर खन्दा ॥१७॥

जुन् गङ्गा गण्डकी छिन् विरचित उनको साधनाको शरीर ।
योगीको झैँ उठेको गति छ उपरमा तेज वा उर्ध्वरेत ॥
जो मूलाधार उस्को सकल गरिसकेँ गर्नुपर्ने वयान ।
गर्दै गर्दा क्रमैले अब अरु गरुँला चक्र रेखा वयान ॥१८॥

यो स्वाधिष्ठान चक्रस्थित प्रकटितमा बन्छ बेनी सुरम्य ।
काली गङ्गा बगेको पथ रुचिमय यो मुक्तिको द्वार गम्य ॥
मिल्छन् उल्लास मानीकन उभयसँगै गण्डकी भेट हुन्छन् ।
हेर्दैमा रम्यता यो सकल मनका दुःख नामेट हुन्छन् ॥१९॥

यो लिङ्गस्थानमा पङ्कज छ दल सबै फाल्न मूत्रादिलाई ।
सारा उत्पत्तिको यो जनक र जननी हुन्छ गर्ने भलाइ ॥
यस्मा वं बीज हुन्छन् यससँग रहने शक्ति ती राकिनी हुन् ।
यस्तै भो चक्र पर्ने ब, भ, म, य, र, ल छन्, हुन् अधिष्ठातृ विष्णु ॥२०॥

यस्तो हो मादि बेनी नियमित रहँदै ध्यान वा साधनामा ।
जस्ले जे कार्य गर्ला विकसित उसको नित्य आराधनामा ॥
होला सोही विवेकी वलसहित वहाँ दृढता दृढ बन्ला ।
कालीको चक्र दोस्रो पनि समय सँगै तीर्थ वा धाम बन्ला ॥२१॥

तेस्रो हो चक्र अर्को विरचित मणि हो पूर यो नामवाला ।
कालीको क्षेत्र भन्छन् यसकन रुरु है तीर्थ सत्कर्मशाला ॥
यस्का छन्  फेरि पौराणिक विविध कुरा पूर्वका सभ्यतामा ।
बोल्छन् रे फेरि आफै कतिपय कुरा आर्षका यी कलामा ॥२२॥

जन्मे छन् वंश तिन्का भृगुकुल रहँदै तेजिला देवदत्त ।
ओ आफै वेद वेदाङ्ग विषय सबमा विज्ञथे वा वरिष्ठ ॥
उन्को यस्तो तपस्या अधिक समय भो, हो वहाँ स्वर्ग हल्यो ।
प्रम्लोचा नाम धारी अनि तब गणिका विघ्न गर्ने बनेको ॥२३॥

यस्ताखाले तपस्वी रुरुनिकट गुफा गल्फुलेमा बसेका ।
प्रम्लोचाको जवानी कपट कुटिलता वासनामा फसेका ।
आफू जे मा फसेथे त्यस चिज उनले व्यर्थ हो चाल पाए ।
छाडी सारा गृहस्थी वनतिर तपमा फेरि यात्रा चलाए ॥२४॥

प्रम्लोचा गर्भमा जो शिशु रहन गयो जन्मिइन् वालिका ती ।
प्रम्लोचा स्वर्ग लागिन् रुरु जुन थिए मिर्गका जो प्रजाति ॥
पाले तिन्ले बढाए अनि अति तरुनी सुन्दरी बन्न लागिन् ।
त्यागी कैयौं विहेका अवसरसहजै ती तपस्या रुचायिन् ॥२५॥

तिन्को यस्तो पतस्या तृणदल सबको वर्जना बढ्न थाल्यो ।
पानी हावा नखाई कठिनतम घडी साधनाले बितायो ॥
देखी यस्तो अवस्था अवतरितहुँदा विष्णुको दिव्यरूप ।
पाई ज्यादै रमाई वर, निकट हुने माग भो, सो स्वरूप ॥२६॥

हो साँच्चै विष्णुको भो त्यसपछि ऋषिकेश त्यो नाम बल्ल ।
कन्या इच्छा पुराई स्थलयस रहने विष्णु गर्छन् प्रवन्ध ॥
उन्कै इच्छा भएरै वर पनि रुरु क्षेत्र त्यो भो पवित्र ।
प्रम्लोचाले यसैले स्मृति विविध रही स्थान पाइन् विशिष्ट ॥२७॥

यो यस्तो चक्र भन्छन् मणिपुर जसले देहमै पोष दिन्छ ।
गर्दा यो साधनाले धृति दम समता शान्ति एकान्त मिल्छ ॥
यस्का छन् पत्र राम्रा ड, ढ, ण, त, थ, द यी आदिका नामरूप ।
त्यस्तै ती पत्र नौला न, प, फ, दश नया वर्णका छन् स्वरूप ॥२८॥

चौंथो हो चक्र अर्को प्रवल किसिमको भन्दछन् जो अनाहत् ।
यस्ले बस्ने कुरा हो हृदयतल जहाँ बाह्र छन् वर्ण पत्र ॥
गर्नेमा साधना यो यससित सब ती प्रेम वात्सल्य मिल्छन् ।
जिज्ञासा सत्यता वा अझ कति करुणा भावना नित्य बढ्छन् ॥२९॥

कालीको क्षेत्र हो त्यो परम पुनित जो भन्दछन् तीर्थ धाम ।
संज्ञा भन्दा गलेश्वर यससँग सबको बढ्छ आस्था तमाम ॥
जस्का छन् दिव्य गाथा स्मृति विविध जहाँ चल्छ चर्चा पुराना ।
मात्रै छन् आज आध्यात्मिक पथ सबका मार्ग यस्ता विराना ॥३०॥

पाँचौमा छन् विशुद्ध त्यससँग जलको बढ्छ अध्यात्म यात्रा ।
जस्का छन् पत्र ती षोडस गणनहुँदा देखिने वर्णमात्रा ॥
यस्तो हो स्थान गङ्गा तट वगरहुने मार्ग हो कागवेनी ।
साँच्चै पूर्वीयताको अटुट चहकिलो ज्योति बाल्ने अगेनी ॥३१॥

जस्को आधार कण्ठस्थित छ जुनसँगै सोह्रछन् पत्र वर्ण ।
आफ्नै जस्को अधिष्ठान छ प्रकटित जो जीव आफै अपूर्ण ॥
यस्को वैशिष्ट्यता छन् र यस नहुनु वा छेदमा मृत्यु हुन्छ ।
आ आफ्ना सत्यको हो परिणत अथवा भेदमा मृत्यु हुन्छ ॥३२॥

गर्ने छन् साधना ती विविध किसिमले चक्र यस्को मनुष्य ।
फेला पार्लान् तिनैले फल विविध कुरा योगका नित्य भोग ॥
श्रद्धाले श्राद्ध गर्लान् समय समयमा पितृका नामपारी ।
जस्को होला प्रशंसा सकल भुवनमा तीर्थमा भारी भारी ॥३३॥

यस्मै छन् फेरि यस्ता विरचित घटना काग् भुषुण्डी प्रसङ्ग ।
भन्ने कैयौं कुरा छन् अझ परिघटना भिन्न लाग्दा असङ्ग ॥
जस्को सौन्दर्य आफै मगमग गरदो जिम्बु वाला सुगन्ध ।
नेपाली भिन्न खाले परिचय अथवा सफ्व छन् भित्र बन्द ॥३४॥

आज्ञा हो चक्र अर्को यसकन त्रिकुटी मध्य भन्छन् कसैले ।
यो हो भ्रू भध्यस्थानी क्रमसँग यसका ह, क्ष, छन् वण पैले ॥
यस्मा नाडी इडा छन् मिलनहुन सदा पिंगला वा सुषुम्ना ।
भर्छन् आएर मिल्छन् यस  पछि त्रिकुटी बन्दछन् एक छाना ॥३५॥

गान्धारी हस्तिनी छन् उभय जुन सदा नेत्रमा ज्योति भर्छन् ।
यो आफै केन्द्र ज्ञानेन्द्रिय जति सबको चेतना भित्र हुन्छन् ॥
माया वा बह्म त्यस्तै प्रकृति पुरुषको यो छ संयोग जस्तो ।
केही हो तुल्य आध्यात्मिक तवर भई शेष हो भोग जस्तो ॥३६॥

जस्का छन् ज्योति भित्री हृदय पटलमा सर्वदा झल्कनेमा ।
आफै हो नित्य आभ्यान्तर किरण नया वर्गमा पल्कनेमा ॥
यस्मा लाखौं झुमाका अमरवयका सोच सङ्कल्प बल्छन् ।
तिन्का छन् साधना जे समरस गुणका छल्कने छाल बन्छन् ॥३७॥

आज्ञा हो मुक्ति क्षेत्र प्रस्रवण जसमा बल्दछन् दीपमाला ।
आशा प्यासी किशोरी चपल वयसँगै हल्लने ग्वाल वाला ॥
गर्दैनन् कैद कत्ति पनि किन किन खै साँझ गुम्बाहरूले ।
पर्खन्छन् सुप्रभातम् दिनपछि रजनी नित्य गुम्बाहरूले ॥३७॥

यस किसिम हुँदा ती बात अस्पष्टताका ।
कतिपय अझ बढ्छन् प्रश्न हुन्छन् मजाका ॥
तर पनि कविताको खालि उद्देश्य मात्र ।
विकसित हुनुपर्ला, सत्यमा देवघाट ॥३८॥

# चौधौँ सर्ग

देवघाटतिर चल्दछ यात्रा ।
मुक्तिक्षेत्रसँग राख्दछ नाता ॥
जाग्छ जागृति छ कुण्डलिनीको ।
साधना नि घटित हुन्छ भनेको ॥१॥

जस्मा हजारथरि पङ्कज केन्द्र हुन्छ ।
जस्को हजार दल सिर्जन ज्ञान गर्छ ॥
जो केन्द्रमा छ अनि सद्गरुको निवास ।
मस्तिष्क नै पनि यही जग केन्द्रमा छ ॥२॥

आज्ञा प्रचारित हुने स्थल यो अनन्त ।
हो शक्ति स्रोत यसभित्र रहन्छ बन्द ॥
सम्पूर्ण वर्ण गति लिन्छ समेट्छ जस्ले ।
यो हो विशिष्ट पद पुग्दछु भन्छ कस्ले ॥३॥

यो विन्दु अन्तिम अवश्य छ साधनाको ।
यो विन्दु हुन्छ पहिलो पद कल्पनाको ॥
यो विन्दु नै प्रकट गर्दछ सृष्टिलाई ।
सञ्चालनार्थ सजिलो क्रममा मिलाई ॥४॥

यो केन्द्रदेखि सबको तय हुन्छ यात्रा ।
उद्देश्य लक्ष्य अनुरूप दिएर मात्रा ॥
यस्कै महफ्वसँग गौरव गर्छ बाटो ।
अध्यात्म तर्फ जति हुन्छ समस्त पाटो ॥५॥

यो शीर्ष स्रोत अझ चित्र विचित्रताको ।
सम्पूर्णता छ जसमा महनीयताको ॥
जस्को छ नाम अनगिन्ति अनेक काम ।
संसारमा अझ उही स्थितप्रज्ञ ज्ञान ॥६॥

छन् नाममा शिखरलोक अनेक लोक ।
छन् स्थानमा गुरु समेत र ब्रह्म जो छ ॥
त्यस्तै छ मुक्ति शिव सदृश स्थान नाना ।
उस्तै गुफा भ्रमर आदि अनेक नाम ॥७॥

यो नाभिको कमल फाल्दछ प्राण वायु ।
विश्राम गर्छ उसले यसमा नसालु ॥
आधार चक्र पथ कुण्डलिनी उठेर ।
बन्ला प्रविष्ट जसमा शिव मात्र हेर ॥८॥

जस्को उचाइकन लाग्छ अनन्त चुच्चो ।
त्योबाट मुन्तिर छ लाग्दछ मात्र बुच्चो ॥
मिथ्या छ लाग्छ सबजो यस विन्दुबाट ।
अद्वैत बन्छ सब सृष्टि अनेक जात ॥९॥

यै तफ्व हो सृजनको बहुरूप जाति ।
यै तफ्व हुन्छ हरजीवन भित्र माथि ॥
यो तफ्व पुष्पित हुँदै पनि फक्रँदैछ ।
आधार यो जल बनी बहँदै रहेछ ॥१०॥

यो तफ्वले जति सजे हर रङ्ग रेखा ।
यो तफ्वले जति बजे सृजना तवेला ॥
ती भिन्न कत्ति नहुने यसबाट जस्ता ।
चाञ्चल्यले रचित हर्दम ती अवस्था ॥११॥

जस्मा अनेकथरि सङ्ग्रह सूचना छ ।
सम्बन्ध सेतु हर चीज र बस्तुमा छ ॥
उस्कै रहन्छ सब जीवनमा प्रकाश ।
पुग्छन् अवश्य उस धाम हुँदा विनास ॥१२॥

जस्बाट निःसृत छ यो जलको प्रवाह ।
बढ्दै गएर जल सागर भो अथाह ॥
घुम्दो छ चक्र जब बाफ बनेर उड्छ ।
पानी जमेर हिम शैल मुहान बन्छ ॥१३॥

यात्रा छ यो उपरबाट उँधो समाती ।
यात्रा रहन्छ तलबाट अनन्त माथि ॥
यस्तो प्रकार यसको महिमा अचम्म ।
फैलन्छ नाम अनि हर्दम दूरसम्म ॥१४॥

यो स्थान अन्तिम छ भैकन आदि जस्तो ।
खोज्दा कतै अझ अनन्त अनादि जस्तो ॥
यस्कै भयो कि पहिलो सृजना बनेर
मानिन्छ सृष्टि यसबाट भयो भनेर ॥१५॥

यो स्रोत उर्ध्वमुख कल्पलता समान ।
उठ्दो छ माथि नभमा पतका समान ॥
यस्मै अवश्य हुनुपर्दछ जीव लीन ।
छाडी चटक्क भय क्रोधहरू मलीन ॥१६॥

यो धाम मुक्ति शिर हो सबबाट माथि ।
आज्ञा छ चक्र रचना यसको पछाडि ॥
बस्दैछ तीर्थ यस कुण्डलिनी जगाइ ।
वैषम्य तुच्छ, कुटिल, भाव सबै भगाइ ॥१७॥

अयो मुक्ति क्षेत्र यसको महिमा अपार ।
यो बुझ्न लाई अझ जन्मनु पर्छ यार ॥
यस्मा कुरा बहुलता कति हिन्दुका छन् ।
वौद्धिष्टका चलन शाश्वत झैं त लाग्छन् ॥१८॥

गोन्पा अनेकथरिका जसमा रहन्छन् ।
झ्योमोहरू हर विहान खडा रहन्छन् ॥
हेर्दै झुमा क्षितिज लालि यहाँ रहन्छन् ।
छेपा चुपा प्रतिनया महिमा रहन्छन् ॥१९॥

छन् यार ने अझ बसी जनि नै सपार्ने ।
यार्तुङ् छ पर्व जसमा महिमा फिजार्ने ॥
सम्साँझ आरति यहाँ जब घण्ट बज्छ ।
गोन्पा उठेर नगरा धुन तुल्य बन्छ ॥२०॥

उठ्छन् पुराङसँगमा जुन जारकोट ।
छेड्खोर जोङ अथवा गमि तुल्य भोट ॥
सम्बन्ध दिव्य यिनको हुनुपर्छ हुन्छ ।
माटो अवश्य सबको मुटुलाई हुन्छ ॥२१॥

श्री मुक्ति पावन धरा सबको छ धाम ।
ठोवो रहन्छ यसमा गुरु पद्म नाम ॥
छन् बज्रपाणि अथवा कि त मञ्जुघोष ।
तेन्पा र चेनसरि मन्दिर मूर्ति जे छ ॥२२॥

बौद्धिष्टको पनि यही शिर हो, रहेछ ।
यो उच्चता अनि विराटपना रहेछ ॥
यो धाम मानव शरीर समस्त माझ ।
धेरै छ माथि यस केन्द्र हुने प्रकाश ॥२३॥

ठोवो भए पनि यहाँ महनीयता छ ।
आदर्श यावयुवमा पनि उच्चता छ ॥
छ्योगेल हुन् कि अथवा अनि मृन्दरोवा ।
संसारको प्रतिनिधित्व छ लाग्छ शोभा ॥२४॥

यो तन्त्र साधनथलो किन हुन्छ होला ।
यो मन्त्र साधनथलो किन हुन्छ होला ॥
यस्मै बसेर तप सिद्धि हुने अचम्म ।
जो सिद्धि भित्र पथ रोज्दछ जत्ति सम्म ॥२५॥

आफै कला विविध बिन्दु र नाद खुल्छन् ।
यो धामभित्र मनमा जब फूल हुन्छन् ॥
जस्का त जागृत कुण्डलिनी भएछन् ।
ती भाग्यवान जन ईश्वर नै रहन्छन् ॥२६॥

गर्थे पुलस्त्य पुलहादि यहीँ तपस्या ।
लोवो प्रदेश यसको हुनगो अवस्था ॥
यस्मा अनेक छु–ल मे वर छन् अवश्य ।
छन् दो–ल मे वर समेत यहाँ अवश्य ॥२७॥

छन् सा–ल मे वर अनेक यहाँ भनिन्छ ।
व्याख्या यसै विविध तिब्वती ग्रन्थ गर्छ ॥
ज्योमो बसे पनि यहाँ महनीयता छ ।
आनी, भ्रुमा सकलका महती कथा छ ॥२८॥

यो हो पवित्र भव, लो अधिनस्थ क्षेत्र ।
मोहोर स्याह चलने पहिले विचित्र ॥
जस्मा सुवर्णमय पर्वत छन् अनेक ।
त्यस्मै छ नीलगिरिको महिमा विचित्र ॥२९॥

यो क्षेत्रका विविधता महिमा विचित्र ।
यो पारलौकिक थलो रङ रूप भित्र ॥
यो नै उदात्त छ, महफ्व छ पूर्ण धाम ।
यस्मै विराजित सबै परिवेश नाम ॥३०॥

**त्वरिता**
यसपछिको, मुख उनको ।
चुप हुनमा, अब ठिक भो ॥
अलिकतिता, अझ उनको ।
हुनुछ कुरा, यसतिरको ॥ ३१॥

# पन्ध्रौँ सर्ग

यसरी सकियो सारा लामो कुण्डलिनी कथा ।
काली गण्डकी हुन् ध्यानी ज्ञानी योगिनी हुन् तथा ॥१॥

यिनी जागृत छन् यिन्को उठेको महिमा छवि ।
विचित्र शक्तिशाली वा अधिष्ठात्री बनीबनी ॥२॥

प्रकाशपुञ्जले जन्मी विहान जग्मगाउँछ ।
यिनीबाटै सबै बास्ना सृष्टिमा मग्मगाउँछ ॥३॥

यी ज्योतिहरूकी ज्योति ज्ञानकी ज्ञान हुन् गरु ।
यिनीबाटै भए होलान् कल विज्ञानका सुरु ॥४॥

यी अमृत बनी आफै मृत्युलाई धपाउँछिन् ।
मायारूप बनी आई संसार नै फकाउँछिन् ॥५॥

यी पञ्चतत्वकी मध्ये विशिष्ट एक तत्व हुन् ।
यी सक्रिय भई  पञ्चमहाभूत बनाउँछिन् ॥६॥

यिनकै देन हो सृष्टि संसार रसिलोपन ।
यिनी बाहेक खै अर्को पर्ने के कै छ सम्झन ॥७॥

परिपूर्ण छ आफैमा जलतत्व विशेषता ।
जिज्ञासा यसमा राख्दा मान्छे पुग्छ कता कता ॥८॥

परन्तु जल नै मात्रै हैन गण्डकीको जल ।
पानीकै निम्तिमा पानी चाहिन्न यति निर्मल ॥९॥

यो छ आस्था र विश्वास संस्कारमय जीवन ।
जस्को सन्मुखमा हुन्छन् तर्क बुद्धि अकिञ्चन ॥१०॥

यो मूलाधारको यात्रा सहस्रार पुगेपछि ।
जागी कुण्डलिनी भन्छन् सुख शान्ति मिलेपछि ॥११॥

यो अवस्था छ निर्माण मुक्ति कैवल्य जे भनौँ ।
तादात्म्याध्यासमा आफै पनि गङ्गा स्वयं बनौँ ॥१२॥

दृश्य प्रपञ्च यो सारा चराचर उपस्थित ।
त्यो आद्याशक्ति कै भित्री रहने पेटमास्थित ॥१३॥

यही देवी, महादेवी शिवा, प्रकृति नामकी ।
रुद्रा नित्या र गौरी हुन् सम्झना योग्य कामकी ॥१४॥

यिनै कुण्डलिनी शक्ति ब्रह्मशक्ति स्वरूप हुन् ।
हरेक घटपटादिमा यिनै तफ्व अवश्य छन् ॥१५॥

जस्को कुण्डलिनी जाग्यो उस्को नेत्र खुल्यो अब ।
संसार घर वा आफू सारा उस्ले भुल्यो अब ॥१६॥

उसैमा शक्तिको स्रोत अजस्र बग्न थाल्दछ ।
नाद विन्दु कलाद्वारा आफैलाई पगाल्दछ ॥१७॥

परा पश्यन्ति वा वाणि मध्यमा अनि वैखरी ।
उठेका छन् यहीँबाट कला विज्ञान निर्झरी ॥१८॥

इच्छा, ज्ञान, क्रियाशक्ति हुन्छन् जस्बाट उद्‌भव ।
सबै सत्य सबै ज्योति सबै आनन्द केवल ॥१९॥

देवघाट पुग्यो झर्दै प्रवाह जसरी तल ।
उठ्यो उसैगरी माथि मुक्ति क्षेत्र अहो जल ॥२०॥

देवघाट मूलाधार सहस्रार छ मुक्तिको ।
कृष्णा गण्डकी हुन् देह अनेक चक्र खण्डको ॥२१॥

यहीँ कुण्डलिनी आफै जागेको छ सधैँभर ।
प्रवाहित हुँदै जस्मा बग्छन् अमृत निर्झर ॥२२॥

यिनी कुण्डलिनी हुन्छिन् भुक्ति मुक्ति प्रदायिनी ।
पारमार्थिक आनन्द अत्यन्त सुख दायिनी ॥२३॥

यहाँ वैभवछन् सारा जीवको शिव भाव यो ।
सम्पूर्ण विश्वको लागि आफै यौटा प्रभाव यो ॥२४॥

साधुका वाणिमा यस्ता देवघाट विशेषता ।
निस्के प्रवाहमा आए पुऱ्याए खै कता कता ॥२५॥

यसैमा कविको केही उदायो भाव गुम्फन ।
आफ्नै मौलिकता भित्र निजी लेखनको पन ॥२६॥

यो वैयक्तिकता भित्र पनि धेरै छ सङ्गम ।
अनुकरणकै भित्र निजत्व छ विहङ्गम ॥२७॥

नेपाल देशको माझ पवित्र देवघाट छ ।
भन्नै पर्दछ आफैले म भित्र देवघाट छ ॥२८॥

अनुभूतिहरू द्वारा देवघाट पढेको छु ।
यसैमा काचुली फेर्दै अगाडि म बढेको छु ॥२९॥

भिजाएको छ झैँ लाग्छ मेरो हृदय पानीले ।
विकार पानीको यद्वा बन्दै यो जिन्दगानीले ॥३०॥

म वर्षाहरू झैँ बर्षे थोपा हूँ स्रोत सागर ।
म जान्छु फेरि फर्केर, मेरो उद्देश्य सागर ॥३१॥

देवघाट कुनै ढुङ्गा, माटो केवल होइन ।
विश्वासको कुनै यौटा पाटो केवल होइन ॥३२॥

न देवघाट हो मात्र भव्य मन्दिर केवल ।
तर सबै कुरा यस्को पेटमा पर्छ निश्चित ॥३३॥

अध्यात्म साधना केन्द्र देवघाट पनि यही ।
आनन्द शान्तिको केन्द्र देवघाट पनि यही ॥३४॥

यो मूलाधार हो केन्द्र सम्पूर्ण योग तन्त्रको ।
के कस्तो खै अर्थ होला यो अनाहत मन्त्रको ॥३५॥

यहीँ छन् त्रिशुलीगङ्गा गोसाइ कुण्डकी जल ।
आफ्नै चञ्चलताभित्र शान्त गम्भीर निर्मल ॥३६॥

शिव गङ्गा यिनी हुन्छिन् काली हुन् विष्णु गण्डकी ।
दुई मिल्दा हरिहर क्षेत्र पावन बन्छ कि ? ॥३७॥

मुक्ति गण्डस्थल बगी पसिनाको स्वरूपमा ।
श्री कृष्णा गण्डकी आइन् देवघाट हतारमा ॥३८॥

त्यस्तै शिव जटाबाट त्रिशुली गण्डकी भई ।
नदी आपसमा मिल्छन् देवघाट दुई गई ॥३९॥

धर्मधारा त्रिशूलीको नीलकूट निवास छ ।
कृष्णाभा कालीगङ्गाको द्विकूट भित्र वास छ ॥४०॥

सप्त गण्डकीमा पर्छन् पाँच गण्डकी जो अरु ।
यशोधारा पनि भन्छन् र बूढी गण्डकीहरू ॥४१॥

विश्वधारा दरौँदी हुन् शीतप्रभा छ कर्मदा ।
रत्नधारा सुवर्णभा मादी सेती अनि तथा ॥४२॥

माहेश्वरी अनि ब्राह्मी नारसिंही र वैष्णवी ।
कौमारी कालिका गंगा यिनैका नाम सर्वदा ॥४३॥

एकाकार सबै बन्छन् पवित्र देवघाटमा ।
सात गण्डकीको अङ्क सात चक्रहरू यहाँ ॥४४॥

सातै अग्नि तथा सातै यज्ञ हविहरू पनि ।
चरु यज्ञ पनि सातै अग्नि जिह्वाहरू पनि ॥४५॥

सात समुद्र छन्, सात द्वीप यो सृष्टि चक्रमा ।
प्रतिनिधित्व गर्दैछन् गण्डकी सातले यहाँ ॥४६॥

सात व्याहृति छन् भन्छन् सप्तर्षि महिमा पनि ।
सात लोक अनि हुन्छन् चक्र कुण्डलिनी पनि ॥४७॥

मूलआधार भूर्लोक स्वाधिष्ठान भुवःस्थित ।
स्व, नाभि हृदीमा बस्छन् महलोक भई कि त ॥४८॥

कण्ठको लोक जन हो, तप लोक ललाटमा ।
ब्रह्मरन्ध्र स्थित सत्य सातै चक्रहरूमहाँ ॥४९॥

यो सात अङ्कले पूर्ण पवित्र देवघाट हो ।
सम्पूर्ण सिद्धिको विम्ब यही आधार हो अहो ॥५०॥

यी सात गण्डकी बोक्छन् सम्पूर्ण सातको छवि ।
प्रतिनिधित्वमा आफ्ना संज्ञा भागपरे जति ॥५१॥

वराह क्षेत्र, देवाट, देवघाट पनि यही ।
सिद्धाश्रम, देवह्रद, हो यो शम्भुतपोवन ॥५२॥

वटुवामन यो तीर्थ, कदम्ब तीर्थ हो यही ।
कुनै च्यौघाट हो भन्छन् देवघट्ट पनि यही ॥५३॥

हरिहर यही क्षेत्र देवतीर्थ पनि यही ।
आदि प्रयाग यो धाम सर्वतीर्थमयस्थल ॥५४॥

यसैमा शिवको वास, साधना भक्ति ज्ञान भो ।
चक्र स्वरूपले विष्णु यहीँ आएर बस्नु भो ॥५५॥

जड भरतले आई तपस्याहरू गर्दथे ।
जानकीहरूका गाथा यसै भित्र कतै थिए ॥५६॥

यहीँ वशिष्ठले पाए तप आनन्द जीवन ।
साधु सन्त तपस्वीले टेके यो क्षेत्र पावन ॥५७॥

अस्वत्थ वृक्ष हुन् भन्छन् देवघाट पनि कुनै ।
सबै सुन्छन्, सबै हेर्छन्, मान्छे ईश्वरता उनै ॥५८॥

मेरो कवित्वले पायो यही संस्कार भावना ।
एकाकार भएँ आफै हो आफ्नो कल्पना पना ॥५९॥

अनुभूति कुनै टाढा कल्पनालोकका गरेँ ।
सँगालेका कुनै आफ्ना भनिने भावना छरेँ ॥६०॥

यो यात्रा यति मै पूर्ण, पूर्ण हैन कदापि यो ।
यो यात्रा यति मै पूर्ण, पूर्ण छैन कदापि यो ॥६१॥

अपूर्ण भित्रको पूर्ण सबै तर्फ छँदै थियो ।
पूर्णको खण्ड यो पूर्ण तसर्थ पूर्ण नै भयो ॥६२॥

त्यसैले ढुक्कले आफ्नो बिसाएँ लेखनी अब ।
थालिने छ नया यात्रा फेरि निश्चय वास्तव ॥६३॥

**समाप्त**

# सन्दर्भग्रन्थ सूची


अधिकारी, गोपाल, **नेपाली महाकाव्यको सर्वेक्षण,** (अप्रकाशित शोधग्रन्थ), काठमाडौं : त्रि. वि कीर्तिपुर, २०३७ ।

अवस्थी, महादेव, **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस, २०६४ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश** (छै.संस्क.) काठमाडौँ : साझा प्रकाशन, २०५९

कण्डेल जगन्नाथ **स्वामी परमानन्द गुरु स्मृतिग्रन्थ**, हरिहर संन्यास आश्रम, २०५६

क्षेत्री, दिलबहादुर, **गलेश्वर शिवालय तथा पुलहाश्रम क्षेत्र संक्षिप्त परिचय** प्रकाशक, लेखक स्वयं २०५६ ।

गौतम, लक्ष्मणप्रसाद, **सान्दर्भिक समालोचना**, काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७ ।

घिमिरे, उमेशप्रसाद, **नेपाली महाकाव्य (२०३७ साल यता)** को सर्वेक्षण, काठमाडौँ : त्रि.वि कीर्तिपुर, २०६८ ।

तन्त्रेश, प्रकाशनाथ, **कुण्डलिनी सिद्धि**, रणधीर प्रकाशन, हरिद्वार, सन् १९९३ ।

दाहाल, रामप्रसाद, **सिङ्गो नेपाली भाषा साहित्यको इतिहास र साहित्यकारहरूको परिचय**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

दाहाल, शारदाप्रसाद, **मुक्तिक्षेत्र,** शोधकृति मूल्याङ्कन, परिमार्जन तथा प्रकाशन समिति, मुस्ताङ, २०४५ ।

पराजुली, ठाकुर , **श्रीगलेश्वर विराट् महायज्ञ-२०५६,** गलेश्वर शिवालय क्षेत्र विकास समिति, कोष गलेश्वर म्याग्दी, २०५८ ।

प्रधान, कृष्णचन्द्रसिंह, **साझा समालोचना** (चौ.सं), काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

बन्धु, चूडामणि, **देवकोटा**, काठमाडौँ : साझा प्रकाशन, २०३६ ।

ब्रह्मचारी, प्रभुदत्त, **श्रीमुक्तिनाथ,** सङ्कीर्तन भवन प्रतिष्ठान, झुसी, प्रयाग, २०२२ ।

भट्टराई, चिन्तामणि, **अनुभूतिका विविध क्षणहरू,** अप्रकाशित सिर्जनापत्र, काठमाडौँ, त्रि. वि. रत्नराज्य क्याम्पस, २०५७ ।

राकेश, रामदयाल, **नेपाली साहित्य : विभिन्न आयाम**, काठमाडौँ : साझा प्रकाशन, २०५५।

रिसाल, राममणि, **नेपाली काव्य र कवि**, काठमाडौं : साझा प्रकाशन, २०३१ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास** (चौ.सं.) काठमाडौँ : अक्षर प्रकाशन, २०५६ ।

नेपाल, विनय कुमार शर्मा, **नेपाली महाकवि र महाकाव्य,** आभा पुस्तक भण्डार, २०५९ ।

सुवेदी, अभि, **पाश्चात्य काव्य सिद्धान्त**, काठमाडौँ : ने.रा.प्र.प्र., २०३० ।

सुवेदी, राजेन्द्र, **केही समीक्षण केही विश्लेषण**, काठमाडौँ : साझा प्रकाशन, २०५९ ।

स्वामी, प्रपन्नाचार्य, **योगी नरहरिनाथ अभिनन्दन तथा स्मृतिग्रन्थ**, योगी नरहरिनाथ अभिनन्दन ग्रन्थ प्रकाशन समिति, २०५४ ।

तिमिल्सिना रामहरि **देववाणी,** विशेषाङ्क, ५,६ ७, ८, ९, १०, संयुक्ताङ्क, २०६४ । (सम्पूर्ण)

न्यौपाने, काशीनाथ **देववाणी** विशेषाङ्क, अङ्क ३, २०५७ । (सम्पूर्ण)

त्रिपाठी, वासुदेव, महाकाव्य बूढो पुरानो विधा, प्रज्ञा, वर्ष १, अङ्क १, २०२७ ,पृष्ठ ११०